## आर्थिक वर्ष २०८२/०८३ को

# नीति, कार्यक्रम तथा बजेट
# वार्षिक योजना किताब




## धुनिवेशी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
धादिङ, बागमती प्रदेश, नेपाल

# नगर सभाका केही झलकहरु
















आर्थिक वर्ष २०८२/८३ को

# नीति, कार्यक्रम तथा बजेट

# वार्षिक योजना किताब

धुनिवेशी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

धादिङ, बागमती प्रदेश, नेपाल

**संरक्षक एवं निर्देशन**
श्री बालकृष्ण आचार्य - नगर प्रमुख
श्री सुरज उप्रेती - नगर उप-प्रमुख

**सल्लाह एवं निर्देशन**
श्री कृष्ण प्रसाद जैशी - प्रमुख प्रशासकीय अधिकृत

**सम्पादक**
श्री श्याम सुन्दर पाण्डे - अधिकृत छैठौं
श्री राधाकृष्ण पाठक - कम्प्युटर अपरेटर

**विषेश भूमिकामा**
श्री गोविन्द प्रसाद पौडेल - वरिष्ठ लेखा अधिकृत
श्री सौरभ कुमार कार्की - सूचना प्रविधि अधिकृत
श्री सयल कृष्ण श्रेष्ठ - सव-ईन्जिनियर
श्री सरोज पोखरेल - सहायक लेखापाल
श्री नविन्द्र के.सी. - असिष्टेण्ट सव-ईन्जिनियर

**पत्रचार गर्ने ठेगानाः**
धुनिवेशी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
धादिङ, बागमती प्रदेश, नेपाल
**सम्पर्क नं.**: ०१०-४०११९७, ०१०-४०११८६, ९८५१२३७९६७
**ईमेलः** dhunibeshimun@gmail.com, **वेवः** www.dhunibeshimun.gov.np

**आवरण फोटो :**
धुनिवेशी नगरपालिकाको प्रशासकीय भवन, जुगेडी, धादिङ।

**मुद्रणः**
स्काई प्रेस एण्ड ट्रेड लिंक प्रा.लि., बिजुलीबजार, काठमाडौं
**फोन नं.**: ०१-४७९४२८३, **ईमेलः** presssky9@gmail.com

श्री बालकृष्ण आचार्य
नगर प्रमुख,
धुनिवेशी नगरपालिका

धादिङ
फोन नं : ०१०-४०११८६



# मन्तव्य

नेपालको संविधान २०७२ ले निर्दिष्ट गरे बमोजिम स्थापित स्थानीय सरकारको रुपमा आर्थिक वर्ष २०८२।०८३ को नीति, बजेट तथा कार्यक्रम पारित गरि नगरवासीहरूको माझमा पेश गरेको छु । नीति, बजेट र कार्यक्रम सार्वजनिक गरिराख्दा मुलुकलाई यो अवस्थासम्म ल्याई पुऱ्याउनका लागि भएका संघर्षहरू एवं जनआन्दोलनको भावपूर्ण स्मरण गर्दछु । उक्त संघर्ष एवं आन्दोलनहरूका क्रममा ज्यानको आहुती दिई सहादत प्राप्त गर्नुभएका सम्पुर्ण सहिदहरू प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। लोकतान्त्रिक गणतन्त्र नेपालको दोस्रो पटक भएको स्थानीय तहको निर्वाचनमा स्थानीय सरकारको नेतृत्व गर्ने जिम्मेवारी प्रदान गर्नुहुने धुनिवेशी नगरका आममतदाताहरूप्रति हार्दिक सम्मान र आभार प्रकट गर्न चाहन्छु।

संघीय शासन प्रणाली लागू भए पश्चात संवैधानिक व्यवस्था अनुसार सम्वत् २०७४ साल वैशाख ३१ गते पहिलो पटक भएको स्थानीय तह सदस्य पदको निर्वाचनमा नगर प्रमुखको रुपमा निर्वाचित भई ५ वर्षे कार्यकाल पूरा गरी दोस्रो पटक सम्वत २०७९ साल वैशाख ३० गते सम्पन्न भएको स्थानीय तह सदस्य पदको निर्वाचनमा समेत नगर प्रमुखको हैसियतमा पुनः निर्वाचित भई तीन वर्षको अवधि व्यतित भई चौथो वर्ष लाग्ने क्रममा पुगेको छ। यस परिस्थितिमा हाल सम्म मैले हाँसिल गरेको कार्य अनुभव र कार्य प्रगतिको समिक्षा गर्दै आदरणीय नगरवासीहरूबाट प्राप्त राय, सल्लाह, सुझव एवं मार्गदर्शन र नगरवासीको चाहाना तथा आवश्यकताका आधारमा उपलब्ध स्रोत र साधनहरूको उच्चतम रुपमा परिचालन हुने गरी योजना तथा कार्यक्रम छनौट गरी बजेट विनियोजन गरेका छौं ।

नगरपालिकाको समष्टिगत विकासका लागि आर्थिक, भौतिक, समाजिक र साँस्कृतिक क्षेत्रको उच्च दिगो एवं सन्तुलित विकास सहित वातावरणमैत्री, समावेशी, न्यायपूर्ण तथा शुशासनयुक्त नगरपालिका निर्माण गर्ने कार्यलाई निरन्तरता दिँदै अभियानकै रुपमा अगाडी बढाएका छौं । "धुनिवेशी नगरपालिकाको समृद्धिको आधार, शिक्षा, स्वास्थ्य, पर्यटन र व्यापार सहितको पुर्वाधार" भन्ने दिर्घकालिन सोच एवं "समृद्ध धुनिवेशी सुखी नगरवासी" भन्ने समष्टिगत दिर्घकालिन लक्ष्य हाँसिल हुने गरी नीति तथा कार्यक्रम तर्जुमा गर्दै योजनावद्ध ढङ्गले अगाडी बढ्दै जाँदा नगरपालिकाले नगर गौरवको योजनाको रुपमा अघि सारेका योजना तथा कार्यक्रमहरू मध्ये धार्के-स्वाँरा-जीवनपुर सडक खण्ड कालोपत्रे भईसकेको छ, बाँकी खण्डको कालोपत्रे गर्ने कार्यलाई निरन्तरता दिएका छौं । डाँडाडिही-बडारेचौर-जीवनपुर-किटिनी-कोल्पु सडकको जिवनपुर भञ्ज्याङ सम्मको खण्ड कालोपत्रे भईसकेको अवस्था छ, बाँकी खण्डको कालोपत्रे गर्ने कार्यलाई निरन्तरता दिएका छौं । खिलबुजा-भञ्याङपोखरी-महेशफाँट सडक, चौधारमोड-मरुवा सडक, आंसिक रुपमा कालोपत्रे भएको छ, बाँकी खण्डलाई कालोपत्रे गर्ने कार्यलाई निरन्तरत दिएका छौं । नौविसे-दोभान-लिखु सडकको केही भाग कालोपत्रे र केही भाग ढलान भईसकेको छ, भने उक्त सडकको बाँकी खण्डलाई पक्कि सडक बनाउने कार्यलाई निरन्तरता दिएका छौं। भञ्ज्याङपोखरी चिलाउनेगाउँ खिलवुजा ढाँडे सडकको केही भाग कालोपत्रे भएको छ भने बाँकी खण्ड पक्कि बनाउन निरन्तरता दिएका छौं। पिपलामोड-महेशफाँट, डुम्रेचौर-महेशफाँट सडक, लामिछानेटार-सुमाराचौर-थुम्की-जिवनपुर सडक,

मच्छिन्द्रावन-स्याउली सडक, टायलघर बद्रिटार ढकालखोला जिवनपुर लगाएतका सडकहरूलाई पक्कि बनाउने कार्यलाई निरन्तरता दिएका छौँ। झ्याप्लेखोला देखी जुगेडी हुँदै नगर केन्द्र सम्म जोड्ने सडकलाई कालोपत्रे र ढलान गर्ने कार्यलाई निरन्तरता दिँदै बाँकी खण्डलाई समेत कालोपत्रे र ढलान गर्ने गरी अगाडी बढाइएका छौँ। बाडभञ्ज्याङ काफलचौर हुँदै खानीखोला निस्कने काफलचौर खानीखोला सडकलाई पक्कि बनाउने कार्यलाई निरन्तरता दिएका छौँ। धुनिवेशी खेल मैदानको संरचना निर्माण कार्य सम्पन्न गरी जिल्लास्तरीय लिग फुटबल र पालिकास्तरीय खेलकुद, अन्तरविद्यालयस्तरीय खेलकुद कार्यक्रम संचालन भईसकेको छ। जिल्लास्तरीय खेलकुद प्रतियोगिता संचालन गर्न सकिने गरी थप व्यवस्थित गर्न पहल गरिरहेका छौँ। वडा नं.५ स्थित धुनिवेशी पार्कको निर्माण कार्यलाई सम्पन्न गर्ने र औद्योगिक ग्राम निर्माणको कार्यलाई अगाडी बढाउन ध्यान केन्द्रित गरेका छौँ। खानीखोला-गणेशमार्ग-काफलचौर सडक, हेल्थपोष्ट-सेतिदेवि-तोप्लाङ सडक, नौविसे- कालिदेवि स्थान सडक, पिपलमोड- महेशफाँट- रमाइलोचौर- चिम्टेश्वर सडक, पिपलमोड- डुँडेभञ्ज्याङ सडक, निसाकोट जुगेडी नगरकेन्द्र सडक, रेशमखेती मच्छिन्द्रावन कोइरालाटार चालिसे सडक, डुम्रेचौर किटनी बाघाखोर सडक, धार्के आचार्यपोखरी कोल्पु सडक लगायतका नगर गौरवका क्रमागत योजनाका रुपमा राखी क्रमशः निर्माण सम्पन्न गर्नका लागी पहल गरिरहेका छौँ। धुनिवेशी नगरपालिका वडा नं. ५ मा ल्याण्ड पुलिङ (शहरी बस्ती विकास योजना) संचालनका लागी DPR तयार गर्ने कार्यलाई अगाडी बढाएका छौँ। पुर्वाधार विकास सामाजिक तथा आर्थिक विकासका साथै शासकीय सुधार, सुशासन प्रवर्द्धन, संस्थागत विकास लगाएतका समग्र क्षेत्रहरूलाई समेट्दै समुन्नत धुनिवेशी निर्माणको अभियानलाई सुक्ष्म रुपमा अगाडी बढाएका छौँ, विगतका वर्षहरूमा सुरु भएका आयोजनाहरू सम्पन्न भै सक्दा विकासले गति लिएको पूर्ण रुपमा अनुभूति हुनेछ।

नगरवासीहरूसँग गरेका प्रतिवद्धता, नगरवासीहरूको चाहना, सहभागितात्मक योजना तर्जुमा प्रक्रियाको अवलम्वन गरी उपलब्ध सिमित साधन र श्रोतको अत्युत्तम र प्रभावकारी परिचालन गरी विकासका आवश्यकता पुरा गर्ने अधिकतम प्रयास भैरहेको छ। यसै क्रममा अत्यन्त कष्टप्रद अवस्थामा रहेको खानेपानी आपूर्तिको व्यवस्था करिब नगरभरि नै सहज भैसकेको र नपुग स्थानहरूमा प्राथमिकता साथ काम अघि बढिरहेको छ। प्रतिव्यक्ति आय वृद्धि, समग्र गरिविको अवस्थामा सुधार, मानव विकास सुचाङ्कमा वृद्धि, औषत आयु वृद्धि लगायतका विकासका सुचकहरूमा नगरलाई राष्ट्रिय औषतमा भन्दा माथि पुऱ्याउने उद्धेश्यका साथ नगर गुरुयोजनाले तोकेको आर्थिक, सामाजिक एवं रणनीतिक महत्वका सडकहरू कालोपत्रे गर्नुका साथै मुख्य कच्ची सडकहरूलाई स्तरोन्नती गरिएको छ। त्यसैगरी नगरका सबै स्थानहरूमा विद्युत सेवा उपलब्ध भैसकेको छ भने लक्षित वर्गहरू, महिला बालबालिका, वृद्धवृद्धाहरूका क्षेत्रहरूलाई समेत उत्तिकै प्राथमिकता दिई नीति, कार्यक्रम र बजेट तर्जुमा भएको छ।

**अन्त्यमा,**

नगरमा उपलब्ध श्रोत साधनको समुचित परिचालन तथा हामीसँग भएको क्षमताको उच्चतम उपयोगबाट समृद्ध धुनिवेशीको परिकल्पना साकार बनाउन आम नगरवासीहरूको भूमिका अत्यन्तै महत्वपूर्ण रहेको छ। नगरको काम कार्वाही प्रति कुनै गुनासो, वा सुझाव भए स्वस्थ आलोचना, खवरदारी र रचनात्मक सहयोगको अपेक्षा गरेको छु। नगरसभाको कार्यक्रम सम्पन्न गरी यो योजना किताब तयार गर्न मिहिनेतपूर्वक खटिनुभएका नगरका उप-प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्ष तथा जनप्रतिनिधिहरू तथा हामीलाई प्रत्यक्ष वा परोक्ष रुपमा सहयोग पुऱ्याउनुहुने राजनैतिक दलका व्यक्तित्वहरू, नागरिक समाज, कर्मचारीहरू, बुद्धिजीवि, समाजसेवी, पत्रकार लगायत सम्पुर्ण नगरवासीहरूमा हार्दिक धन्यवाद व्यक्त गर्दै सदाझैं यो वर्षको बजेट, नीति तथा कार्यक्रमको सफल कार्यान्वयनमा यहाँहरू सबैको सकारात्मक सहयोग, सुझाव र समन्वयको अपेक्षा गर्दछु।

धन्यवाद !!!

**बालकृष्ण आचार्य**
नगर प्रमुख

श्री सुरज उप्रेती
नगर उप-प्रमुख,
धुनिवेशी नगरपालिका

धादिङ
फोन नं : ०१०-४०११८६



# शुभकामना

धुनिवेशी नगरपालिकाको भर्खरै सम्पन्न भएको १७ औं नगरसभाले नगर र नगरवासीको सर्वोतोमुखी हितलाई ध्यानमा राखेर आर्थिक वर्ष २०८२/०८३ को वार्षिक योजना र बजेट पारित गरेको छ । वि. सं. २०७९ वैसाख ३० गते सम्पन्न भएको स्थानीय तहको आवधिक निर्वाचन पश्चात गठन भएको यस नगरपालिकाको स्थानीय सरकारले चौथो पटक पारित गरेको नीति तथा कार्यक्रम र त्यसलाई सफल पार्न प्रस्तुत गरिएका करका दस्तुर, शुल्क र समय समयमा नगरपालिकाबाट भए/गरेका निर्णयहरू, वडागत योजनाहरू, आयब्ययको अनुमानित विवरण र क्षेत्रगत कार्यक्रमको समष्टिगत लक्ष्य नगरको विकास र नगरवासीको सम्वृद्धि नै हो। यही मूल लक्ष्यमा आधारित भएर आ-आफ्नो ठाउँबाट सकारात्मक योगदानका साथ सहकार्य गर्न समस्त नगरवासीलाई प्रेरणा मिलोस् र विकास निर्माणका कार्यहरू योजनावद्ध हिसावले व्यवस्थापन हुनुका साथै पारदर्शिता समेत कायम हुन सकोस् भन्ने उद्देश्यले नगरपालिकाले "वार्षिक योजना तथा कार्यक्रम पुस्तिका २०८२/०८३" प्रकाशन गर्न लागेको छ । मूलतः प्रस्तुत कार्यक्रमहरूमा सवै नगरवासीहरूले सूचना प्राप्त गर्दै अपनत्व भावानुति गर्न सकुन् र व्यापक जनसहभागिताबाट अधिकतम कार्यसफलता हासिल हुन सकोस् भन्ने विश्वास नगरपालिकाले लिएको छ।

हामीले यतिबेला लोकतान्त्रिक व्यवस्थाको अभ्यास गरिरहेका छौं । यो व्यवस्थामा सकेसम्म 'सर्वजन हिताय' र त्यसो हुन नसकेमा 'बहुजन हिताय' लाई न्यूनतम लक्ष्यका रुपमा लिन सक्नुपर्दछ । कुनै कुराको निर्णय लिनुपर्दा आमजनभावनाको प्रतिनिधित्व हुनेगरी मातृभूमीको माटोलाई साक्षी राखेर अगाडि बढनु पर्दछ भन्ने मान्यताबाट आफूलाई प्रस्तुत गरेको पृष्ठभूमीमा उपमेयर पदको जिम्मेवारी पूरा गर्ने क्रममा नगरवासीहरूको विश्वासलाई शिरोपर गर्दै अगाडि बढ्ने कुरालाई मैले सदैव मूलमन्त्र सम्झेको छु। नगरपालिकाको विकास निर्माणको सन्दर्भमा भन्नुपर्दा वैचारिक विविधतालाई सम्मान गर्दै आधारभुत विषयहरू अर्थात गास, बास, कपास, शिक्षा, स्वास्थ्य, यातायात, रोजगार, वातावरण र समग्र विकास आदि महत्वपूर्ण विषयहरूमा हाम्रा नीति र कार्यक्रमहरू बन्नुपर्दछ र ती प्रभावकारी ढंगले कार्यान्वयन हुनुपर्दछ भन्ने तथ्यलाई हामी सवैले हृदयङ्गम गर्नु पर्दछ।

धुनिवेशी नगरपालिका देशको राजधानी काठमाडौं उपत्यका प्रवेशको मुख्य नाका पनि भएको सन्दर्भमा यसलाई एउटा उदाहरणीय नगरपालिकाको रुपमा स्थापित र परिचित गराउने कार्यमा हाम्रा प्रयास केन्द्रित हुनु पर्दछ। यस कार्यमा सवै क्षेत्रका पेशा/व्यवसायका व्यक्ती एवम् नगरवासीहरूको साथ र सहयोग चाहिन्छ भन्ने मेरो स्पष्ट मान्यता रहेको छ। यो मूल्य र मान्यताबाट म कहिल्यै विचलित हुनेछैन भन्ने प्रतिवद्धता ब्यक्त गर्दछु।

अन्त्यमा, धुनिवेशी नगरपालिकाको नीति तथा कार्यक्रम र वजेट तथा योजना सम्वन्धी विषयवस्तुमा केन्द्रित रहेर यो पुस्तिका तयार गर्न जुट्नुभएका नगरप्रमुखज्यूप्रति सम्मान प्रकट गर्दै यो महत्वपूर्ण कार्यमा खट्नुभएका वडाध्यक्षहरू, प्रमुख प्रशासकीय अधिकृत, कार्यपालिका सदस्य तथा नगरसभासदस्य र नगरपालिकामा कार्यरत सम्पूर्ण कर्मचारीलाई हार्दिक धन्यवाद दिन चाहन्छु।

धन्यवाद !!!

**श्री सुरज उप्रेती**
नगर उप-प्रमुख

# विषय सूची


**खण्ड–१: परिचय** १

१.१ धुनिवेशी नगरपालिकाको संक्षिप्त परिचय १

१.१.१ स्थापना १

१.१.२ ऐतिहासिक पृष्ठभूमि १

१.१.३ सिमाना १

१.१.४ स्थानीय तहको पुर्नसंरचना २

१.१.५ भू-धरातल २

१.१.६ भू-उपयोगको विवरण ३

१.१.७ जनसांख्यिक विवरण ३

१.२ धार्मिक, साँस्कृतिक तथा पर्यटकीय क्षेत्र ४

१.३ नगरको निर्वाचन र जनप्रतिनिधिहरू ४

१.४ संस्थागत व्यवस्था ५

१.५ विद्यमान अवस्थाको समिक्षा ६

१.५.१ सबल पक्ष ७

१.५.२ कमजोर पक्ष ८

१.५.३ अवसर ८

१.५.४ चुनौती ८

**खण्ड–२: आर्थिक वर्ष २०८२/०८३ को नीति, कार्यक्रम तथा बजेट वक्तव्य** १०

**खण्ड–३: वार्षिक विकास कार्यक्रम** ५८

३.१ नगरसभाबाट स्वीकृत वार्षिक योजना तथा कार्यक्रम (आ.व. २०८२/०८३) ५८

**खण्ड–४: अनुसूची/विविध** ८५

४.१ बजेटसँग सम्बन्धित अनुसूचीहरू ८५

४.२ धुनिवेशी नगरसभाबाट पारित ऐनहरू ९४

४.२.१ आर्थिक ऐन-२०८२ ९४

४.२.२ विनियोजन ऐन-२०८२ १२७

४.३ योजना तर्जुमा सम्बन्धी मार्गदर्शन १२८

४.४ धुनिवेशी नगर भित्रका सडकहरूको सूची १३७

४.५ धुनिवेशी नगरपालिकाको स्वीकृत कानूनहरू (ऐन, नियम, कार्यविधि, मापदण्ड, निर्देशिका) को विवरण १४४

४.६ धुनिवेशी नगरसभाका सदस्यहरूको नामावली १५०

४.७ धुनिवेशी नगरपालिका भित्र कार्यरत कर्मचारीहरूको विवरण १५२

४.८ धुनिवेशी नगरका विभिन्न संघ/संस्था/प्रतिनिधिहरूको सम्पर्क विवरण १५८

४.९ धुनिवेशी नगरभित्रका सहकारी संस्थाहरूको विवरण १६०

४.१० धुनिवेशी नगरभित्रका सामुदायिक/संस्थागत विद्यालयहरूको विवरण १६१

४.११ नगरपालिका अन्तर्गत विषयगत समितिहरू १६३

तस्बिरहरू १६७

खण्ड - १

# परिचय

## १.१ धुनिवेशी नगरपालिकाको संक्षिप्त परिचय

### १.१.१ स्थापनाः

नेपालको राजधानी काठमाण्डौंको प्रवेशद्धारमा अवस्थित धुनिवेशी नगरपालिकाको स्थापना वि.स.२०७३ साल फाल्गुण २७ गते भएको हो । नेपालको संविधान अनुसार गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या र सिमाना निर्धारण गर्न नेपाल सरकारवाट गठन भएको आयोगको सिफारिस र नेपाल सरकारको निर्णय अनुसार राजपत्रमा सूचना प्रकाशन भई नगरपालिकाको सिमाना र क्षेत्र कायम भएको हो ।

वागमती प्रदेशको धादिङ जिल्लामा पर्ने यो नगरपालिका संघीय राजधानी काठमाडौंबाट २० कि.मी र जिल्ला सदरमुकाम धादिङवेशीवाट ७० कि.मी.को दुरीमा रहेको छ। यस नगरपालिकाको कुल क्षेत्रफल ९८.६४ वर्ग कि.मी. रहेको छ।

पृथ्वी राजमार्ग र त्रिभुवन राजपथ यही नगरपालिका हुँदै गएका छन् र यी दुई राजमार्गहरू नौविसे बजारमा आपसमा जोडिएका छन् भने यी राजमार्गमा नगरका मुख्य बजार केन्द्रहरू खानीखोला, नौविसे, धार्के रहेका छन् । नगरपालिकाको सबै वडामा कच्ची मोटर बाटो पुगेको छ। अधिकांश सडकहरूमा ग्राभेल गर्ने काम सम्पन्न भएका छन् भने केही सडकहरूमा कालोपत्रे गर्ने कार्यको सुरुवात गरिएको छ।

### १.१.२ ऐतिहासिक पृष्ठभूमी :

धुनिवेशी नाम कसरी रह्यो भन्ने सम्बन्धमा विभिन्न भनाईहरू रहेको पाईन्छ। कतिपयले यहाँ धुनिखोला रहेको र यसै खोलामा वेशीतर्फ रहेको ठाउँलाई धुनिवेशी भन्ने गरियो भन्छन् भने कतिपयले पहिले यस ठाँउमा उखुहरू धैरै हुने र सख्खर वनाउन धुनि लगाइरहने गरेकोले यस ठाउँको नाम धुनिवेशी रहन गएको भन्ने गरेको पाईन्छ । यस नगरपालिका धुनिवेशीमा रहेको धुनिवेशी भन्ने ऐतिहासिक ठाउँकै नामबाट यो नगरको नामकरण गरिएको हो ।

### १.१.३ सिमाना :

पूर्व : चन्द्रागिरी नगरपालिका, नागार्जुन नगरपालिका, तारकेश्वर नगरपालिका, शिवपुरी राष्ट्रिय निकुञ्ज, काठमाडौं पर्दछ।

पश्चिम : थाक्रे गाउँपालिका, धादिङ।

उत्तर : बेलकोटगढी न.पा. र ककनी गा.पा. नुवाकोट

दक्षिण : थाहा नगरपालिका, मकवानपुर

### १.१.४ स्थानीय तहको पुर्नसंरचना

यो नगरपालिका साविकका ३ गा.वि.स.हरू छत्रेदेउराली, जीवनपुर र नौविसेको भू-भागलाई समायोजन गरी बनेको छ। जसलाई देहाय बमोजिम तालिकामा देखाइएको छ। धुनिवेशी नगरपालिकाको साविकको गा.वि.स., वडाहरू देहाय बमोजिम कायम भएका छन्।

तालिका नं.१ः साविक गा.वि.स.को वडाबाट नगरपालिकामा परिवर्तित अवस्था तथा वडा कार्यालय

| वडा नं. | समावेश भएका साविक गाविस | साविकका गा.वि.स.का वडा | हालको वडा कार्यालय |
|---|---|---|---|
| १ | छत्रेदेउराली | ६, ७, ८, ९ | भञ्ज्याङ पोखरी |
| २ | छत्रेदेउराली | १, २, ३, ४ र ५ | रातामाटे |
| ३ | जीवनपुर | ५, ६, ७ | रमाईलो चौर |
| ४ | जीवनपुर | १, २, ३, ४ | जीवनपुर भञ्ज्याङ |
| ५ | जीवनपुर | ८ र ९ | अमलेचौर |
| ६ | नौविसे | १ र ९ | गौचरण |
| ७ | नौविसे | ७ र ८ | खानीखोला |
| ८ | नौविसे | २ र ६ | खानीखोला |
| ९ | नौविसे | ३, ४ र ५ | टायलघर नयाँवस्ती |

**स्रोतः नेपाल राजपत्र**

### १.१.५ भू–धरातल

भू-सुचना प्रणाली (GIS) अनुसार यस नगरपालिकाको भु–धरातललाई विभाजन गर्दा ५ डिग्री सम्म भिरालोपना भएको ५.०२ प्रतिशत, ५ देखि १५ डिग्री सम्म भिरालोपना भएको १५.४४ प्रतिशत र १५ डिग्री देखि ३० डिग्रीसम्म ४३.०२ रहेको छ। यस सम्बन्धी थप विवरण देहायको तालिकामा दिइएको छ।

**भिरालोपना तथा यसले ढाकेको क्षेत्र**

| क्र.स. | भिरालोपना (Slope) | क्षेत्रफल (हे) | प्रतिशत |
|---|---|---|---|
| १ | ५ डिग्रि सम्म | ४.९५ | ५.०२ |
| २ | ५ डिग्रिदेखि १५ डिग्रि | १५.२३ | १५.४४ |
| ३ | १५ डिग्रि देखि ३० डिग्रि | ४२.४३ | ४३.०२ |
| ४ | ३० डिग्रि देखि ४५ डिग्रि | ३१.७८ | ३२.२२ |
| ५ | ४५ डिग्रि माथि | ४.२५ | ४.३१ |
| | जम्मा | ९८.६४ | |

**स्रोतः भू–सुचना प्रणाली** (GIS)

### १.१.६ भु-उपयोगको बिवरण

भू-सुचना प्रणाली (GIS) को आधारमा यस नगरपालिकाको भू-उपयोगलाई वर्गीकरण गर्दा वनजगंलले ढाकेको जमिन ११.९८ प्रतिशत, कृषियोग्य जमिन ६२.३२ प्रतिशत र चट्टानको क्षेत्र ०.११ प्रतिशत रहेको छ। यस सम्बन्धी थप विवरण देहायको तालिकामा दिइएको छ।

**भु-उपयोगको विविधिकरण**

| क्र.स. | भु-उपयोग | क्षेत्रफल | प्रतिशत |
|---|---|---|---|
| १ | वनजगंलले ढाकेको जमिन | ११.८२ | ११.९८ |
| २ | कृषियोग्य जमिन | ६१.४८ | ६२.३२ |
| ३ | चट्टान | ०.११ | ०.११ |
| ४ | पानीको भाग | ०.४ | ०.०० |
| ५ | अन्य | २५२३.०७ | २५.५८ |
| | जम्मा | ९८.६४ | |

**स्रोतः भू-सुचना प्रणाली** (GIS) १.१.७ **जनसांख्यिक बिवरण**

१२ औं राष्ट्रिय जनगणना २०७८ नतिजा अनुसार धुनिवेशी नगरपालिकाको जम्मा परिवार संख्या ७२४६ रहेको छ। नगरपालिकामा पुरुषको संख्या १४४६८ महिलाको संख्या १४६८१ गरी जम्मा जनसंख्या २९१४९ रहेको छ। लैङ्गिक अनुपात ९८.५५ रहेको छ। नगरपालिकाको जनघनत्व ३०३ प्रति वर्ग कि.मि. रहेको छ। कुल जनसंख्याको २.६ प्रतिशत अपाङ्गता भएको जनसंख्या रहेको छ। वडागत जनसंख्या वितरणको अवस्था देहायको तालिकामा देखाइएको छ।

### १.१.७ जनसांख्यिक विवरण

| वडा नं. | पुरुष | महिला | जम्मा जनसंख्या | जम्मा क्षेत्रफल (प्रतिवर्ग कि.मी.) | जनघनत्व (प्रति वर्ग कि.मी.) |
|---|---|---|---|---|---|
| १ | १६८६ | १७५४ | ३४४० | १५.९१ | २१६.२२ |
| २ | १५६६ | १६५३ | ३२१९ | १३.०२ | २४७.२४ |
| ३ | १२१४ | १२३८ | २४५२ | ७.८६ | ३११.९६ |
| ४ | १११९ | ११४१ | २२६० | ६.३५ | ३५५.९१ |
| ५ | १६०३ | १६३३ | ३२३६ | १२.३९ | २६१.१८ |
| ६ | १४५० | १४५२ | २९०२ | ११.५३ | २५१.६९ |
| ७ | १८४८ | १८५२ | ३७०० | १६.०५ | २३०.५३ |
| ८ | १९०७ | १८५२ | ३७५९ | ६.३५ | ५९१.९७ |
| ९ | २०७५ | २१०६ | ४१८१ | ९.१९ | ४५४.९५ |
| जम्मा | १४४६८ | १४६८१ | २९१४९ | ९८.६४ | |

धुनिवेशी नगरपालिकाको परिवार संख्या र जनसंख्या विवरण

| २०६८ | | २०७८ | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| परिवार संख्या | जम्मा जनसंख्या | परिवार संख्या | जम्मा जनसंख्या | पुरुष | महिला | परिवारको औषतआकार | लैङ्गिक अनुपात | वार्षिक जनसंख्या वृद्धिदर (%) | जनघनत्व |
| ६७५९ | ३१०२९ | ७२४६ | २९१४९ | १४४६८ | १४६८१ | ४.०२ | ९८.५५ | -०.६ | ३०३ |

**स्रोतः १२ औं राष्ट्रिय जनगणना २०७८**

## १.२ धार्मिक, सांस्कृतिक तथा पर्यटकिय क्षेत्र

यस नगरपालिकामा रहेका ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा पर्यटकिय रुपले महत्वपूर्ण स्थलहरूमा महेशनारायण गुफा, बच्छलादेवी, कोटाकालीका, चमेरो गुफा, गोरखनाथ बाबा, देवीदेउराली, कालिदेवी, सेतीदेवी, तोप्लाङ भ्यू टावर, नृर्वेश्वर महादेव, झ्याम्पल खोला झरना र सितापाइला रहेका छन् । भक्तजनहरूको मनोरञ्जन तथा भजन किर्तनको लागि बाघबच्छलादेवी मन्दिर, गोरखनाथ बाबाको मन्दिरमा भजन किर्तनको सामाग्रीको व्यवस्था गरिएको छ । धर्म, कला, संस्कृति संरक्षण र पर्यटन प्रर्वधनलाई प्राथमिकतामा राखी विभिन्न वडामा मन्दिर निर्माण तथा मर्मत सम्भार गर्दै कृयापुत्री भवन, मरणघाट, पाटी पौवा, चौतारो निर्माण देखी गुम्वा निर्माण, पिकनिक स्पोर्ट तथा पार्क निर्माण गरिएको छ । नगर क्षेत्र भित्र रहेका ऐतिहासिक पौराणिक, धार्मिक, साँस्कृतिक स्थान तथा पर्यटकीय दृष्टिले महत्वपुर्ण स्थलहरूको पहिचान गरी संरक्षण सम्वर्धन र पुर्ननिर्माण एवं प्रचार प्रसार गर्ने कार्यहरू अगाडी बढेका छन् ।

## १.३ नगरको निर्वाचन र जनप्रतिनिधिहरू :

यस नगरपालिका गठन भएपश्चात स्थानीय तह सदस्य पदको पहिलो पटक निर्वाचन मिति २०७४ बैशाख ३१ गते भएको थियो । उक्त निर्वाचनमा विजयी भएका जनप्रतिनिधिहरूले मिति २०७४ जेष्ठ ८ गते पदभार ग्रहण गर्नुभएको थियो । नगर कार्यापालिकाको पहिलो बैठक मिति २०७४ जेष्ठ २० गते भएको थियो भने पहिलो नगर सभा २०७४ श्रावण १० मा भई पहिलो बजेट नगरसभावाट मिति २०७४ श्रावण १० पारित भएको थियो भने दोस्रो नगर सभा २०७४ फाल्गुण ३० मा सम्पन्न भएको थियो । तेस्रो नगर सभा २०७५ असार १० गते सुरु भई २८ गते सम्पन्न भएको थियो । चौथो नगरसभा २०७६ बैषाख १६ गते सम्पन्न भएको थियो भने पाँचौ नगरसभा २०७६ आषाढ १९ गते सम्पन्न भयो । छैटौं नगरसभा २०७६ माघ २६ गते सम्पन्न भयो । सातौं नगरसभा २०७७ आषाढ १० गते सम्पन्न भयो । आठौं नगरसभा २०७७।१०।२९ गते सम्पन्न भई नवौं नगरसभा मिति २०७८।०३।१० मा सुरु भई मिति २०७८।०३।१३ गते सम्पन्न भयो, भने दशौं नगर सभा २०७८।११।२२ गते सम्पन्न भयो । संघीय शासन प्रणाली लागु भए पश्चात स्थानीय तह सदस्य पदको लागि दोस्रो पटक मिति २०७९ साल वैशाख ३० मा सम्पन्न भएको स्थानीय तह सदस्य पदमा निर्वाचित भई पदभार ग्रहण गरे पश्चात नगरपालिकाको ११ औं नगर अधिवेशन मिति २०७९।०३।१० मा सुरु भई मिति २०७९।०३।१३ मा सम्पन्न भएको थियो भने १२ औं नगरसभा मिति २०७९।१२।३० मा सम्पन्न भयो । १३ औं नगरसभा मिति २०८०।०३।१० मा सम्पन्न भयो भने १४ औं नगरसभा मिति २०८०/१०/२८ मा सम्पन्न भयो । १५ औं नगरसभा मिति २०८१/०३/१० मा सम्पन्न भयो भने १६ औं नगरसभा मिति २०८१/१०/२३ मा र १७ औं नगरसभा २०८२/०३/१० सम्पन्न भई आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रम र बजेट पारित भएको छ ।

## १.४ संस्थागत व्यवस्था

एकिकृत नगर विकास योजना तर्जुमा गर्दै सडक गुरु योजना, डिजिटल नगर प्रोफाईल, वार्षिक योजना कार्यक्रमहरू अनलाइन सफ्टवेयर मार्फत चालु गरिएको छ, साथै राजश्व संकलनको व्यवस्था अनलाईन सफ्टवेयर मार्फत हुने व्यवस्था मिलाइएको छ। नगरपालिकाको प्रशासनीक भवन निर्माणका लागी नगर केन्द्र तोकिएको स्थानमा ८ रोपनी जग्गा नगरपालिकाको नाममा कायम भइसकेको र उक्त जग्गामा प्रशासनिक भवन निर्माणको लागि ठेक्का प्रक्रियाद्धारा निर्माण कार्य अगाडी बढाई भवन निर्माण कार्य सम्पन्न गरी मिति २०८१।०१।१६ मा कार्यालय स्थानन्तरण गरी आफ्नै कार्यालय भवनबाट नियमित रुपमा सेवा प्रवाह भईरहेको छ। त्यस्तैगरी वडा नं. ३, ६ र ९ को वडा कार्यालय भवन निर्माण कार्य सम्पन्न भई उक्त भवनबाट नै सेवा प्रवाह भईसकेको छ। वडा नं. २ को हकमा साविक विद्यालय भवनलाई मर्मत, सम्भार, घेराबार, रंगरोगन, शौचालय व्यवस्थापन सहित व्यवस्थित रुपमा सेवा प्रवाह हुनेगरी कार्यालय स्थापना र संचालनको व्यवस्था गरिएको छ। वडा नं. १, ४ र ७ को आफ्नै भवन बाट कार्यसंचालन भइरहेको छ। वडा नं. ५ को हकमा अमलेचौर स्थित सामुदायिक भवनबाट सेवा प्रवाह हुँदै आएको छ। ८ नं. वडा कार्यालय भाडाको घरमा संचालन हुँदै आएकोमा मिति २०८१।०१।१६ देखि आफ्नै भवनबाट सेवा प्रवाह भईरहेको छ। यसका अलावा कृयापुत्री भवन, सामुदायिक भवन, महिला सामुदायिक भवनहरूको निर्माण सम्पन्न भई धुनिवेशी नगरपालिका वडा नं. २ स्थित रातमाटेमा वृद्धा विश्रामस्थाल भवन निर्माणको कार्य सम्पन्न भईसकेको छ। साथै स्वास्थ्य चौकी नभएका वडाहरूमा आधारभुत स्वास्थ्यकेन्द्र स्थापना गरिसकिएको छ। वडा आधारभुत स्वास्थ्य केन्द्र भवनहरू निर्माण सम्पन्न भइसकेको अवस्था छ। सबै नागरिकलाई स्वास्थ्य सेवामा सहज पहुँच पुऱ्याइएको छ। नौविसे, जिवनपुर र छत्रेदेउराली स्वास्थ्य चौकीमा १-१ वटा एम्बुलेन्सको व्यवस्था गरि सहज रुपमा एम्बुलेन्स सेवा उपलब्ध गराईएको छ, भने सुविधा सम्पन्न 'ख' वर्गको एम्वुलेन्स खरिद गरी प्रस्तावित धुनिवेशी नगर अस्पताल मार्फत नगरवासीहरूलाई थप सुविधा सम्पन्न एम्बुलेन्स सेवा उपलब्ध गराईएको छ। स्वास्थ्य चौकीमा ल्याव (प्रयोगशाला) स्थापना गरि सञ्चालनमा ल्याइएको छ। नगरपालिकाले १ वटा बारुणयन्त्र (दमकल) खरिद गरि दमकल सेवा उपलब्ध गराइएको छ। प्रस्थावित नगर अस्पताल र स्वास्थ्य चौकीहरूमा वर्थिङ सेन्टर स्थापना गरी सुरक्षित नवजात शिशु तथा मातृत्व सेवा प्रदान गरिएको छ। सवै वडा कार्यालयहरू र स्वास्थ्य संस्थाहरूमा ईन्टरनेट जडान गरी अनलाईन सेवाको सुरुवात भईसकेको छ। मेडिकल अफिसरको व्यवस्थापन गरी चिकित्सकीय सेवा प्रदान गर्दै आएकोमा विशेषज्ञ चिकित्सकीय सेवालाई निरन्तरता दिईएको छ। स्वास्थ्य चौकीमा स्थापना भएको प्रयोगशालालाई स्तरोन्नती गरी एनलाईजर मेसिन जडान गरीएको छ भने एक्स रे मेसिन जडान गर्ने कार्य सम्पन्न गरी एक्सरे सेवा र ई.सि.जि. सेवा उपलब्ध गराईएको छ। खोप भण्डारणको लागि स्वास्थ्य चौकीमा IRL फ्रिजको व्यवस्था गरी खोप केन्द्र सञ्चालन गरिएको छ। नौविसे स्वास्थ्यचौकीलाई स्तरोन्नती गरी १० वेड क्षमताको प्रस्तावित धुनिवेशी नगर अस्पतालको रुपमा विकास गर्न अस्पताल भवन निर्माण कार्य सम्पन्न गरी सेवा सुरुवात गरिएको छ। वडा नं. ९ मा आयुर्वेद आरोग्य सेवा केन्द्र स्थापना गरि संचालनमा ल्याईएको छ। धुनिवेशी नगरपालिका वडा नं.९, जुगेडीमा निर्माण भएको प्रशासकीय भवन स्थल सँगै आन्तरिक वसपार्क निर्माण गरी नगरबस संचालन गर्ने प्रयास गरिएको छ। सुविधा सम्पन्न धुनिवेशी खेलमैदान निर्माणको कार्य सम्पन्न भईसकेको छ। साथै नगरस्तरीय धुनिवेशी पार्कको निर्माण कार्य सम्पन्न गरिएको छ। महिला एवं बालबालिकाका लागि सुरक्षित आवास गृह (सेफ हाउस)

समेत निर्माण गरी संचालनमा ल्याइएको छ। वडा नं. २ को रातमाटेमा सञ्चालनको तयारी अवस्थामा रहेको वृद्ध-वृद्धा विश्रामस्थललाई ज्येष्ठ नागरिकहरूको ज्ञान र सीपलाई हस्तान्तरण तथा पुस्तान्तरण गर्ने केन्द्रको रुपमा विकास गरिएको छ। आवश्यक स्थानीय कानूनहरूको निर्माण गर्ने क्रममा ऐन-२८ वटा, नियमावली-७ वटा, कार्यविधि ७६ वटा, दिग्दर्शन-१ वटा, नीति-१ वटा, प्रतिकार्य योजना-१, रणनीति-१, निर्देशिका-५ वटा, मापदण्ड-२ वटा गरी जम्मा १२२ वटा कानूनहरू निर्माण गरी विधिको शासन, पद्धति र सिद्धान्तलाई अनुशरण गरिँदै आएको छ। संस्थागत संरचना निर्माणलाई प्राथमिकतामा राखी पुर्णता दिने कार्य निरन्तर रुपमा अगाडी बढाईएको छ।

## १.५ विद्यमान अवस्थाको समिक्षा

धुनिवेशी नगरपालिका २०७३ साल फाल्गुन २७ गते घोषणा भएको नेपालको सबैभन्दा कान्छो नगरपालिका हो । नगरपालिका घोषणा हुँदा विकास निर्माणका संरचनाहरू केही पनि तयार नभएको अवस्थामा नगरपालिका स्थापना भएको हुँदा स्थानीय सरकार गठन भई कार्यभार सम्हाले पश्चात उपलब्ध स्रोत साधनको उच्चतम रुपमा परिचालन गरी विकासका पूर्वाधार निर्माण गर्ने कार्यलाई उच्च प्राथमिकताका साथ अगाडी बढाउँदै आएको अवस्था छ। नगरवासीको चाहाना आकांक्षा, नगरको आवश्यकता, उपलब्ध स्रोत एवं साधनको उच्चतम रुपमा परिचालन एवं समानुपातिक रुपमा वितरण गरी नगरवासीले महशुस गर्न सक्ने गरी विकास निर्माणका कार्यलाई गति प्रदान गर्नका लागि शिक्षा, स्वास्थ्य, खानेपानी, कृषि सडक निर्माण जस्ता क्षेत्रमा आमुल परिवर्तन गरी सर्वसुलभ, सहज एवं सबैको पहुँच हुने गरी भौतिक पूर्वाधार विकास र विस्तार गर्नुपर्ने चुनौतीहरूको सामना गर्दै योजनाबद्ध ढंगबाट अगाडि बढिरहेको अवस्था छ।

अधिकार र स्वतन्त्रता प्राप्तीका लागि भएका वलिदानीपूर्ण संघर्षको परिणाम स्वरुप देशमा गणतन्त्र स्थापना भई जनचाहना अनुरुप संघीय शासन प्रणालीको शुरुवात भएको यस अवस्थामा तिन तहका सरकारहरू जनआकांक्षा अनुरुप विकास निर्माणको कार्यमा जुटी अहोरात्र जनताको आवश्यकता परि पूर्तिका लागि क्रियाशिल भई रहेको अवस्था छ। बिपद्‌जन्य प्रकोप र महामारीजन्य संक्रमणलाई न्यूनिकरण गरी देश, नगर र समाजलाई जोखिम मुक्त बनाउने र आर्थिक विकासमा ध्यान केन्द्रित गरी आर्थिक क्रियाकलाप बढाउँदै अर्थ व्यवस्थालाई चलायमान बनाई राख्नु आजको आवश्यकता हो। यसका लागि तिनै तहका सरकारहरूले आ-आफ्नो तर्फबाट भूमिका निर्वाह गर्नु पर्ने हुन्छ। संघिय शासन प्रणाली अर्न्तगत स्थानीय तहमा दोस्रो पटक स्थानीय सरकारको गठन भए पछि हाल सम्म भएका उपलब्धिको जगमा टेकेर जनचाहना पूरा गर्दै विकास निर्माणको कार्यलाई अगाडी बढाउने कार्यमा यस नगरका जनप्रतिनिधिहरू लागि परेको अवस्था छ। आफुले चुनेका जनप्रतिनिधि र नगर प्रति नगरवासीहरूको आशा, भरोसा र अपेक्षा ठूलो छ। नगरपालिकाको आन्तरिक आम्दानीको स्रोतमा वृद्धि हुन सकेको छैन।आन्तरिक आय स्रोत बढाई जनआकांक्षा पुरा गर्नु पर्ने चुनौती छ। पछिल्लो नगरपालिका भएकोले पूर्वाधार निर्माण कार्यलाई प्राथमिकतामा राखि दिगो एवं भरपर्दो पूर्वाधार निर्माण तर्फ ध्यान दिनुपर्ने छ। नगरपालिकाको वित्तिय लगानी नभएतापनि नगरपा कामाछ। नगरपालिकाको वित्तिय लगानी नभएतापनि नगरपालिकाको अगुवाई, समन्वय र सहजीकरणमा राष्ट्रिय गौरवका आयोजना अर्न्तगत नागढुङ्गा सुरुङमार्गको निर्माण कार्य सम्पन्न भएको छ भने त्रिभुवन राजपथ अर्न्तगत नौविसे देखी नागढुङ्गा सम्म स्तरोन्नती सहित पक्कि सडक निर्माण गर्ने कार्य सम्पन्न भईसकेको छ। धार्के सितापाईला वैकल्पिक राजमार्ग र भिमढुङ्गा-लामिडाँडा-जिवनपुर सडकलाई कालोपत्रे र पक्कि बनाउने कार्य सम्पन्न हुने चरणमा पुगेको छ। उपलब्ध स्रोत र

साधनको उच्चतम रुपमा परिचालन गरी नगरक्षेत्र भित्रका अधिकांश सडकहरूलाई ढलान र कालोपत्रे गरी पक्कि सडकको रुपमा विकास गरिएको छ भने बाँकी सडकहरूलाई समेत क्रमशःपक्कि बनाउने तर्फ नगरपालिका लागिरहेको छ। नगरपालिकाको आफ्नै भवनबाट एकद्वार प्रणाली अन्तर्गत सबै किसिमका सेवा प्रवाह गर्नका लागि प्रशासनिक भवन निर्माणको कार्य सम्पन्न भई आफ्नै भवनबाट एकिकृत रुपमा एकद्वार प्रणालीबाट छिटो छरितो, प्रभावकारी एवं पारदर्शि ढङ्गबाट सेवा प्रवाह गरिएको छ। नगरपालिका स्थापना हुँदाको वखत् २-४ जना कर्मचारीबाट सेवा संचालन र प्रवाह हुँदै आएकोमा हाल सबै वडा कार्यालय र नगर कार्यपालिकाको कार्यालयमा कर्मचारी व्यवस्थापन भइ सबै विषयगत शाखाहरू, वडा कार्यालयहरू र स्वास्थ्य संस्थाहरूबाट दिनुपर्ने सेवाहरू छिटो, छरितो, चुस्त, दुरुस्त, प्रभावकारी र पारदर्शी हुने गरी अनलाईन सिष्टमबाटै कार्यसम्पादन हुने व्यवस्था मिलाएको छ। हाल नगर र वडा कार्यालय मातहत स्थायी र करार गरी जम्मा १५४ जना कर्मचारीहरू कार्यरत छन्। उपलब्ध जनशक्तिलाई समुचित रुपमा परिचालन र व्यवस्थापन गरी सिमित स्रोत साधनको वावजुद विकास निर्माण कार्य एवं नगरको आवश्यकता, नगरवासीको आकांक्षा र चाहना पुरा गर्नु पर्ने चुनौती छ।

### १.५.१ सबल पक्ष

संघीय राजधानी काठमाडौं सँग जोडिएको यस धुनिवेशी नगरपालिकालाई धेरै संभावना भएको नगरको रुपमा लिईएको छ। निम्न विषयहरूलाई धुनिवेशीका सबल पक्षको रुपमा हेरिएको छ।

- पौराणिक धार्मिक, संस्कृतिक तथा पर्यटकिय दृष्टिले महत्वपूर्ण गन्तव्य स्थलहरू यसै नगर क्षेत्रमा अवस्थित हुनु।
- धार्के सितापाइला बैकल्पिक राजमार्ग यसै नगरपालिकाको क्षेत्र भएर संचालनमा रहेको छ। जसले गर्दा नौविसे देखी कलंकी सम्मको ट्राफिक जामलाई न्यून गर्ने र सो राजमार्ग वरपरका नगरवासीहरूको जिवनस्तर उँचो बनाउने आशा राखिएको छ। उक्त क्षेत्रमा सहरीकरण तथा बजारीकरणको विकास हुने हुँदा सो क्षेत्रका वासीन्दाहरूको आर्थिकस्तरमा आमूल परिवर्तन हुनेछ।
- काठमाडौंको नजिक हुनु, मुख्य राजमार्गहरू यही नगर हुदै संचालनमा रहनु,
- औद्योगिक र कृषि उत्पादनको बजारसम्मको सहज पहुँच हुन सक्ने स्थानमा अवस्थित हुनु
- तरकारीखेति, कुखुरापालन, ह्याचरी, फलफूल विशेष गरी लिचि, तोप्लाङको आलुको उत्पादन र विकासको उच्च सम्भावना
- औद्योगिक क्षेत्रको विकास गर्न सकिने क्षेत्रहरू रहेका।
- भिमढुङ्गा लामीडाँडा सडक काठमाण्डौं केन्द्र देखी यसै नगरपालिका क्षेत्र भएर गल्छि सम्म आवागमन गर्न सजिलो भएको छ। जसले गर्दा त्यस क्षेत्रका नगरवासीहरूको आर्थिक उन्नती हुने अपेक्षा गरिएको छ।
- राष्ट्रिय गौरवको आयोजना तथा नेपालको पहिलो सुरुङ मार्ग यसै नगरपालिका क्षेत्रमा पर्दछ। सुरुङमार्गले धुनिवेशी र राजधानीलाई छिटो, सहज र कम लागतमा पहुँच अभिवृद्धि गराईदिएको छ।

- उत्प्रेरित, उद्यमशील, जागरुक, सचेत एवं विकासप्रति प्रतिवद्ध धुनिवेशी नगरवासी
- संघीय राजधानी काठमाण्डौंमा बसोबास गर्ने वासिन्दाहरूको लागि वैकल्पिक बसोबास स्थलको रुपमा विकसित गर्न सकिने नजिकको सम्भावित नगरपालिका।
- फोहोरमैलाको व्यवस्थापनको कार्यलाई व्यवस्थित गर्ने कार्यको थालनी।

### १.५.२. कमजोर पक्ष

- आन्तरिक आय वृद्धिका क्षेत्रहरू न्यून हुनु।
- काठमाण्डौंको नजिकै भएको भएता पनि यस क्षेत्रमा मेडिकल कलेज, विश्वविद्यालय, भौतिक सुविधा सम्पन्न अस्पतालहरूको निर्माण हुँन नसक्दा नगरवासीहरूलाई सेवा लिन, उच्चस्तरको शिक्षा आर्जन गर्न, अन्य अवसरहरू प्राप्त गर्न केन्द्रमानै धाउनुपर्ने अवस्था आएको छ। सोको परिपूर्ती र समस्या समाधानको लागि यस नगरपालिकाबाट जोडदार पहल हुनुपर्ने आवश्यकता छ।
- व्यवस्थित ढङ्गबाट औद्योगिकीकरण हुन नसक्नु।
- नगरपालिका क्षेत्रभित्र संचालित सबै उद्योग व्यवसायहरूलाई अभिलेखीकरण गरी करको दायरामा ल्याउने, दर्ता, नविकरण र अनुगमन गर्ने जस्ता कार्यहरू प्रभावकारी ढंगबाट हुननसक्नु।

### १.५.३ अवसर

- सुरुङमार्ग र अन्य वैकल्पिक मार्गहरू बन्दै जानु।
- प्राविधिक शिक्षालय निर्माणको थालनी हुनु जसको कारण दक्ष जनशक्ति उत्पादनको सम्भावना देखिनु।
- आन्तरिक तथा बाह्रय पर्यटन अभिवृद्धिको लागि होटल व्यवसाय गर्न र अन्य पर्यटकिय क्षेत्रको विकासको लागि चन्दागिरी, नागार्जुन र थाहा नगरका सिमा र आसपासका क्षेत्रमा पर्यटकिय क्षेत्रको विकासमा साझेदारी गर्न सकिने।
- केन्द्र सरकारसँग जोडिएको यो नगरपालिकाको भविष्य आगामी दिनमा चन्द्रागिरी नगरपालिकासँग हातेमालो गरी काठमाण्डौं महानगरपालिकाको समकक्षी नगरपालिका हुने र तिव्र सहरीकरण, बजारीकरणको र औद्योगिकीरणको विकासको प्रवल सम्भावना रहेको छ।

### १.५.४ चुनौति

- पौराणिक, धार्मिक र सांस्कृति तथा पर्यटकिय दृष्टिले महत्वपूर्ण स्थान, पार्क, मठ, मन्दिर र पर्यटकिय गन्तव्य स्थलहरू भएतापनि यसको उचित व्यवस्थापन, व्यापक प्रचारप्रसार हुन नसक्नु, छुट्टै, सहज, सरल र व्यवस्थित पहुँच मार्ग निर्माण हुन नसक्नु।
- आधारभुत पूर्वाधारहरूको कमी रहेको, नमिलेको भिरालो जमिन भएको र कतिपय पुर्वाधार निर्माणको कार्य गर्दा वातावरणिय परिक्षण नगरी ठूला मेसिनरी उपकरण प्रयोग गरी निर्माण

कार्य भएको हुँदा भु-क्षय, वाढी, पहिरो जन्य प्राकृतिक प्रकोप एवं विपद् आउन सक्ने जोखिम रहेको र दिगो विकासका लागि हरेक वर्ष लगानी थप जुटाउँदै जानुपर्ने भूवनोट र प्राकृतिक संरचना ।

- भू उपयोग नीति कार्यन्वयनमा ढिलाई हुँदा जग्गाको अव्यवस्थित प्रयोग बढ्दै गएको छ। खेतियोग्य जमिनको प्रयोग खेति गर्ने कार्यमा घट्दै गएको छ।
- सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर बढाउने, शिक्षकको क्षमता विकास, विद्यार्थीको कक्षा छोड्ने दर घटाउने र विद्यालयको शैक्षिक सूचकको आधारमा अनुगमन गर्न सकिएको छैन ।
- काठमाण्डौं उपत्यकाको फोहोरमैला दिगो व्यवस्थापनका लागि धुनिवेशी नगरपालिका वडा नं. १ बन्चरे डाँडा स्थित बन्चरे कुँडुले ल्याण्ड फिल साइडमा व्यवस्थापन हुँदै आएकोमा उक्त स्थानबाट निस्केको लिचेड कोल्पुखोलामा मिसिदा धुनिवेशीका कृषकहरूको खेतियोग्य जमिन, वालीनाली र स्वास्थ्यमा असर परेको छ।
- आन्तरिक आय न्यून रुपमा परिचालन भएको र विकासको माग सम्वोधन गर्न साधनको न्यूनता रहेको छ।
- यस नगरपालिका क्षेत्रभित्र स्थापना भएका ईंटा भट्टा, सिमेन्ट उद्योग, ग्याँस उद्योगहरूले वातावरणमा असरपार्ने धुँवाधुलो प्रदुषण र वालीनाली उत्पादनमा प्रत्यक्ष असर गरी जनजीवन नै कष्टकर बनाउँदै लगेको छ। यसको निराकरणको लागी यस नगरपालिकाले वैकल्पिक बाटो अवलम्बन गर्नुपर्ने देखिन्छ।
- जनशक्ति र जनप्रतिनिधिहरूको क्षमता विकासमा अवसरहरूको कमी रहेको छ।
- यूवाहरूको विदेश पलायन हुने प्रबृति बढ्दो छ र काम गर्ने जनशक्तिको अभाव हुँदै गएको छ।
- राजमार्ग क्षेत्रका होटलको सेवा प्रवाह उपभोक्ता मैत्री वनाउने, गुणस्तर, मुल्य र परिमाणलाई यथार्थपरक वनाउने र आम सर्वसाधारणलाई होटलको सेवाप्रति सकरात्मक वनाउन सकिएको छैन।

खण्ड - २

# आर्थिक वर्ष २०८२/०८३ को नीति, कार्यक्रम तथा बजेट वक्तव्य

## धुनिवेशी नगरपालिकाका नगर प्रमुख श्री बालकृष्ण आचार्यज्यू ले १७ औँ नगरसभामा प्रस्तुत गर्नु भएको आ.व.२०८२।८३ को नीति तथा कार्यक्रमहरू

**नगरसभाका उपाध्यक्ष एवम् नगरसभा सदस्यज्यूहरू,**

१) "**धुनिवेशी नगरपालिकाको सम्वृद्धिको आधार, शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र व्यापार सहितको पुर्वाधार**" भन्ने नारा एवं दिर्घकालिन सोचलाई निरन्तरता दिई नगरको विकास र नगरवासीको सेवामा समर्पित भई निरन्तर रुपमा अगाडी बढ्दै आजको यस ऐतिहासिक १७ औँ सम्मानित नगरसभामा सहभागी हुनुहुने नगरसभाका सम्पुर्ण सदस्यज्यूहरूलाई हार्दिक स्वागत गर्दछु।

२) धुनिवेशी नगरपालिकाको आ.व.२०८२।०८३ को वार्षिक नीति तथा कार्यक्रम यस सम्मानित सभा समक्ष पेश गर्न पाउँदा मलाई हर्ष र गौरवको अनुभूति भएको छ। यस अवसरमा स्थानीय तह सदस्य पदको निर्वाचनमा नगर प्रमुखको हैसियतमा विश्वासका साथ दोस्रो कार्यकालका लागि निर्वाचित गरी हाल सम्म जिम्मेवारी प्रदान गर्नुहुने सार्वभौमसत्ता सम्पन्न आदरणीय नगरवासी आमाबुबा, दाजुभाई तथा दिदीबहिनीहरूमा कृतज्ञता सहित हार्दिक आभार व्यक्त गर्दै प्रस्तावित नीति, कार्यक्रम तथा बजेट निरन्तरताको दस्तावेज मात्र नभई धुनिवेशी नगरवासीको आकांक्षाको प्रतिक बनोस् भन्ने शुभेच्छा व्यक्त गर्दछु।

(३) सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना, स्वशासन, नेपाल राष्ट्रको रक्षा एवम् इतिहासका सबै कालखण्डमा भएका राजनैतिक आन्दोलन एवम् सार्वभौमसत्ता, स्वाधिनता, राष्ट्रिय हित र स्वाभिमान, लैङ्गिक समानता, सामाजिक न्याय, अग्रगमन, सामाजिक समावेशीकरण लगायत आर्थिक, सामाजिक, साँस्कृतिक परिवर्तन, विकास र रुपान्तरणका लागि भएका आन्दोलन एवम् क्रान्तिमा सकारात्मक योगदान पुऱ्याउनुभएका सम्पुर्ण वीर पुर्खा एवम् योद्धाहरू प्रति उच्च सम्मान व्यक्त गर्दछु। साथै बलिदानीपुर्ण संघर्ष एवम् सकारात्मक परिवर्तनको महाअभियानमा संलग्न भई सहादत प्राप्त गर्नुहुने ज्ञात अज्ञात अमर सहिदहरू प्रति उच्च सम्मान व्यक्त गर्दै भावपुर्ण श्रद्धा सुमन अर्पण गर्दछु। आन्दोलनका क्रममा घाइते तथा अपाङ्गगता भएका योद्धाहरू प्रति उच्च सम्मानका साथ शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु।

(४) दिगो विकासको अवधारणालाई आत्मसात गर्दै स्थानीय स्रोत, साधन र प्रविधिको उच्चतम प्रयोगका साथ अर्थतन्त्रमा दिगो वृद्धि हाँसिल गरी नगरपालिकामा समतामुलक र समावेशी समाजको निर्माण गर्दै नगरवासीको जिवनस्तरमा सुधार ल्याउने लक्ष्यका साथ आर्थिक, सामाजिक तथा साँस्कृतिक रुपान्तरणको माध्यमबाट सामाजिक न्याय सहित 'सम्वृद्ध धुनिवेशी सुखी नगरवासी'को आकांक्षालाई मुर्त रुप दिनका लागी सहमती, सहकार्य र एकताको माध्यमबाट हातेमालो गरी अगाडी बढ्न हार्दिक अपिल गर्दछु।

५) उपलब्ध स्रोत, साधनको सिमा भित्र रहेर नगरवासीले अपेक्षा गरेअनुरुप परिवर्तन महशुस हुने गरी महत्वपुर्ण र रुपन्तरणकारी योजना तथा कार्यक्रमहरू संचालन गरी कतिपय योजनाहरू सम्पन्न भईसकेको र कतिपय योजनाहरू सम्पन्न हुने चरणमा पुगेका छन् भने स्थानीय सरकारको नेतृत्वदायी भूमिका र संघीय एवं प्रदेश

सरकारको समन्वय सहजीकरण तथा वित्तिय लगानीमा तत्कालिन र दिर्घकालिन महत्वका आयोजनाहरू यस नगरक्षेत्रमा संचालन भई निर्माण सम्पन्न हुने चरणमा पुगेको सर्वविदितै छ ।

६) समृद्ध नेपाल र सुखी नेपालीको राष्ट्रिय दिगो सोच एवम् लक्ष्यलाई स्थानीयकरण गर्दै नेपालको संविधान, सोह्रौं योजना, दिगो बिकासका लक्ष्यहरू, सङ्घीय सरकार र बागमती प्रदेश सरकारको बजेट, नीति तथा कार्यक्रमहरू, धुनिवेशी नगरपालिकाको आवधिक योजना, धुनिवेशी नगरपालिकाको मध्यमकालिन खर्च संरचना, निर्वाचनका वखत् जनताका विचमा प्रस्तुत गरिएको घोषणा पत्र, नगरवासी सामु व्यक्त गरिएका प्रतिवद्धता, नगरको आवश्यकता, संभावना, अवसर, चुनौति, स्रोत साधन परिचालन गर्न सक्ने क्षमता, स्रोत साधनको उपलब्धता समेतलाई आधार बनाई धुनिवेशी नगरपालिकाको नगर प्रमुख एवम् स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिको संयोजकको हैसियतमा गत आर्थिक वर्षको आषाढ १० गतेको गरिमामय १५औं नगरसभामा चालू आ.व. २०८१।०८२ का लागी नीति, कार्यक्रम तथा बजेट पेश गरी नगरसभाले स्विकृत गरेका नीति तथा कार्यक्रमबाट प्राप्त मार्गनिर्देशन र बजेटको कार्यान्वयनबाट प्राप्त उपलब्धिको समिक्षा गर्दै आगामी आ.व. २०८२।०८३ का लागी नीति तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयनका लागि प्रस्ताव गरेको छु । परिवर्तित परिवेश धुनिवेशी नगरवासीको उत्कट चाहाना र समयक्रम अनुरुपको आवश्यकतालाई सम्वोधन गर्ने लक्ष्य राखी तयार गरिएको यस नीति तथा कार्यक्रमले समग्रतामा संस्थागत संरचनाको पुर्णता, पुर्वाधार निर्माण एवं विकास, औद्योगिकरण र सुशासन युक्त नगर निर्माण गर्ने कार्यमा सघाउ पुऱ्याउने छ भन्ने आशा एवं विश्वास लिएको छु ।

**नगरसभाका उपाध्यक्ष एवम् नगरसभा सदस्यज्यूहरू,**

(७) गत वर्षको आश्विन १२ र १३ गतेको अविरल वर्षाका कारण बाढीपहिरोजन्य विपद् आई देशभरी नै ठूलो मात्रामा धन जनको क्षति भएकोमा धुनिवेशी नगरपालिका समेत बाढीपहिरोजन्य विपद्बाट अछुतो रहन सकेन् । नगर क्षेत्र भित्र पर्ने त्रिभुवन राजपथ, पृथ्वी राजमार्ग तथा धार्के सितापाईला वैकल्पिक राजमार्गमा ठूलो क्षति भयो । मोटरगाडीहरू पहिरोमा पुरिए, सवारी एवं ढुवानीका साधनहरू ठाउँका ठाउँ रोकिए । कैयौं यात्रुहरूले ज्यानै गुमाए सयौं यात्रुहरू अलपत्रमा परे, नगर क्षेत्र भित्र भएका यस खालका दुखद् घटनाहरूलाई नजर अन्दाज नगरी नैतिक धरातललाई स्वखलित हुनबाट बचाई नगर प्रमुखको हैसियतमा अन्य जनप्रतिनिधि साथीहरूसमेतको सक्रियतामा अवरुद्ध सडक खुलाउने र अलपत्र अवस्थामा रहेका यात्रुहरूलाई उद्धार गरी गन्तव्यमा पुऱ्याउने कार्य गर्दाको क्षणलाई स्मरण गर्दै विपद्जन्य घटनाका कारण अवरुद्ध हुन गएको खानेपानी, सिंचाई र पुर्वाधारको क्षेत्रलाई प्राथमिकतामा राखी सुचारु गर्न र विपद्बाट प्रभावित भएका घर परिवार एवं विपद्जन्य अन्य घटना र क्षतिको विवरण संकलन गरी उद्धार, राहत, पुर्नस्थापना एवं पुर्ननिर्माणमा खटिने तथा सदिच्छा राखी सहयोग पुऱ्याउने जनप्रतिनिधि एवं नगरवासीहरू प्रति हार्दिक आभार व्यक्त गर्दछु ।

(८) समग्र रुपमा नगरक्षेत्रको विकासको लागि सम्भावनाको खोजी गर्दै दिगो रुपमा भौतिक पूर्वाधार निर्माण, विकास र विस्तारमा जोड दिदै संस्थागत संरचना निर्माणलाई प्राथमिकतामा राखि संरचना निर्माणलाई पुर्णता दिने कार्यलाई निरन्तरता दिँदै पूर्वाधार विकास, सामाजिक तथा आर्थिक विकासका साथै शासकीय सुधार, सुशासन प्रवर्धन, संस्थागत विकास लगाएतका समग्र क्षेत्रहरूलाई समेट्दै समुन्नत नगर निर्माणको अभियानलाई निरन्तर रुपमा अगाडी बढाएका छौं ।

(९) शासकीय सुधार एवं सुशासन सवलीकरण र आन्तरिक सुशासनको विकास र विस्तार प्रभावकारी कार्यान्वयन, शिक्षा स्वास्थ्य रोजगारी उद्यमशिलता, सामाजिक विकास, युवा तथा खेलकुद, भौतिक पुर्वाधार विकास, खानेपानी तथा सरसफाई, विपद् व्यवस्थापन, न्याय निरुपण, मानव अधिकार र मानव संशाधनको क्षेत्रलाई प्राथमिकतामा राखी उक्त क्षेत्रसँग सम्बन्धित विषयगत शाखा र वडा कार्यालयको क्षमता विकास, स्रोत साधनमा वृद्धि, प्रणालीगत संरचनाको विकास, विस्तार एवं सुधारमा जोड दिएका छौँ । राजनैतिक दल, नागरिक समाज, वुद्धिजिवी, संघ संस्था, उद्योगी, व्यापारी, मिडियाकर्मी एवं पौरखी कृषकहरूबाट प्राप्त राय, सल्लाह, सुझाव एवं हाल सम्म प्राप्त भएका उपलब्धीहरूको जगमा टेकेर क्रमागत योजना तथा कार्यक्रमलाई निरन्तरता दिँदै, अपुर्ण कार्यलाई पुर्णता दिई समग्र रुपमा धुनिवेशी नगरक्षेत्रमा रहेका ऐतिहासिक, पौराणिक, धार्मिक, साँस्कृतिक स्थान तथा पर्यटकीय दृष्टिले महत्वपुर्ण स्थलहरूको पहिचान, संरक्षण, सम्वर्धन, पुर्ननिर्माण एवं प्रचार-प्रसार गर्दै साँस्कृतिक, आर्थिक, सामाजिक र भौतिक विकासका लागि प्रयत्नशिल रहँदै, शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता क्षेत्रमा गुणस्तर सहित पहुँच अभिवृद्धि गर्ने र सडक निर्माण र स्तरोन्नती गर्ने कार्यलाई प्राथमिकतामा राखी सकारात्मक परिवर्तन तथा विकास र समृद्धिको माध्यमबाट सम्वृद्ध धुनिवेशी सुखी नगरवासीको अवधारणालाई साकार रुप दिन सकिन्छ भन्ने विश्वास लिएको छु ।

(१०) विगतका वर्षहरूमा नगरकार्यपालिकाको कार्यालय र वडा कार्यालयहरू भाडाको घरमा सञ्चालन हुँदै आएकोमा नगरपालिका मातहतका सबै कार्यालयहरूलाई भाडा मुक्त गर्ने नीति अनुरुप प्रशासनिक भवनका अतिरिक्त वडा कार्यालय भवन निर्माण गर्ने कार्य सम्पन्न गरी आफ्नै कार्यालय भवनबाट नियमित सेवा, सुविधा प्रवाह गरिरहेका छौँ ।

(११) धुनिवेशी नगरपालिकाको वित्तिय लगानी नभएतापनि धुनिवेशी नगरक्षेत्र भित्र निर्माण भईरहेको राष्ट्रिय गौरबका आयोजनाहरू नागढुङ्गा सुरुङमार्ग, धार्के देखी नौविसे सम्मको पृथ्वी राजमार्ग, नौविसे देखी सिस्नेखोला खण्डको त्रिभुवन राजपथ, धार्के सितापाईला वैकल्पिक राजमार्ग, भिमढुङ्गा लामिडाँडा गल्छी सडकको ठूलोखोला देखी जिवनपुर खण्ड, बाढभञ्ज्याङ काफलचौर सोलढुङ्गा सडक खण्ड निर्माण सम्पन्न हुने क्रममा पुगेको छ। राष्ट्रिय गौरबका आयोजनाहरू निर्माण सम्पन्न गर्नका लागि वित्तिय लगानी मात्र पर्याप्त हुँदोरहेनछ । उक्त आयोजनाहरू निर्वाध रुपमा सञ्चालन हुने वातावरण सिर्जना गरिदिनु, समन्वय र सहजीकरण गरिदिनु महत्वपूर्ण पाटो हुँदो रहेछ । राष्ट्रिय गौरबका आयोजनाहरूको निर्माण कार्य सम्पन्न हुँदा धुनिवेशी नगरपालिकाले समेत गौरव गर्न सक्ने, नगरवासीहरूको जिवनस्तरमा प्रत्यक्ष रुपमा सकारात्मक प्रभाव पर्ने र नगरवासीहरूले व्यापार व्यवसाय विस्तार गरी प्रत्यक्ष एवं अप्रत्यक्ष रुपमा रोजगारी पाई आय आर्जनमा टेवा पुग्नुका साथै नगर क्षेत्रमा उद्योग धन्दा कलकारखाना स्थापना गरी औद्योगिक हवका रुपमा विकास गर्न सकिने तथा काठमाण्डौँ उपत्यकाको नजिकमा रहेको हुँदा बैकल्पिक रुपमा बस्ती विकासको क्षेत्रको रुपमा विकसित घडेरीहरू निर्माण गरी शहरीकरण उन्मुख नगरपालिकाको रुपमा स्थापित गर्न सकिने देखी उल्लेखित राष्ट्रिय गौरवका आयोजनाहरूको निर्माणमा देखा परेका बाधा अवरोध एवं समस्याहरू समाधान गर्नमा धुनिवेशी नगरपालिकाले शसक्त रुपमा नेतृत्वदायी भूमिका निर्वाह गरी आवश्यकता अनुसार समन्वय र सहजीकरण गर्दै आएका छौँ ।

**नगरसभाका उपाध्यक्ष एवम् नगरसभा सदस्यज्यूहरू,**

(१२) सामाजिक सेवाको भावनामा समर्पित रहि जेष्ठ नागरिक सम्मानका लागि वृद्धा विश्राम स्थल भवन निर्माण गरिसकेका छौँ । उक्त विश्रामस्थललाई पूर्वाधार सम्पन्न बनाई जेष्ठ नागरिकहरूमा रहेको ज्ञान, सिप र अनुभवलाई पुस्तान्तरण गर्ने केन्द्रको रुपमा विकास र विस्तार गर्नुपर्ने चुनौति छ । हाम्रा सामु देखा पर्ने समस्या एवं चुनौतिहरूको सामना गर्नेगरी वृद्धविश्रामस्थल संचालन हुदैछ। घरपरिवारबाट अपहेलित तथा तिरस्कृत भएका महिलाहरूका लागि सुरक्षित आवास गृह (सेफ हाउस) सञ्चालनमा ल्याइएको छ।

(१३) धुनिवेशी नगर अस्पताल, जीवनपुर, नौविसे र छत्रेदेउराली स्वास्थ्य चौकी मातहतमा रही संचालन हुने गरी ४ वटा एम्बुलेन्सको व्यवस्था गरी जेष्ठ नागरिक, अपाङ्ग, सुत्केरी महिला, कडा रोग लागेका व्यक्तिहरूलाई निशुल्क रुपमा र अन्य नागरिकहरूलाई न्यूनतम शुल्कमा एम्वुलेन्स सेवा उपलब्ध गराउँदै आएका छौँ । नगरवासीको स्वास्थ्यलाई ख्याल गर्दै सबै वडामा स्वास्थ्य सेवा विस्तार गरि छिटो छरितो एवं सहज ढंगबाट स्वास्थ्य सेवा उपलब्ध हुने व्यवस्था मिलाई सर्वसाधारणको स्वास्थ्य सेवाको पहूँचमा अभिवृद्धि गराएका छौँ। सेवाको पहुँचबाट टाढा रहेका बस्तीहरू वडा नं. १ को चिलाउने गाउँ, वडा नं.२को थापा गाउँ र वडा नं. ७ को मजुवामा शहरी स्वास्थ्य केन्द्र स्थापना गरी साप्ताहिक रुपमा सेवा प्रदान गरीरहेको छौ। दृष्टि आँखा केन्द्र कलंकी तथा तिलगंगा सर्जिकल आँखा केन्द्र, धादिङको सहकार्यमा निःशुल्क रुपमा आँखा परिक्षण गरिनुका साथै निशुल्क रुपमा मोतियाविन्दुको अपरेसन गर्दै आएकोमा नेपाल आँखा कार्यक्रम अर्न्तगत तिलगंगा आँखा प्रतिष्ठान र नगरपालिकाको लागत साझेदारीमा नौविसे स्वास्थ्य चौकीमा शहरी आँखा केन्द्र स्थापना गरी संचालनमा ल्याई सकेको छौ। छत्रेदेउराली, जीवनपुर र नौविसे स्वास्थ्य चौकीमा प्रयोगशाला स्थापना गरि ल्याब सेवा उपलब्ध गराएका छौ । ३ वटै स्वास्थ्य चौकीहरूमा वर्थिङ्ग सेन्टर स्थापना गरी सुत्केरी सेवा सहज रुपमा उपलब्ध गराई सुत्केरीहरूलाई जाउलो र कपडा उपलब्ध गराउनका साथै नौविसे स्वास्थ्य चौकीमा मेडिकल अफिसरको व्यवस्थापन गरि चिकित्सकिय सेवा प्रदान गर्दै आएका छौँ। नौविसे स्वास्थ्य चौकी मार्फत साप्ताहिक रुपमा विशेषज्ञ चिकित्सासेवा उपलब्ध गराउँदै आएकोमा मनमोहन मेमोरियल अस्पतालसँग पुन सम्झौता गरी विशेषज्ञ चिकित्सा सेवा उपलब्ध गराउने कार्यलाई पुनः निरन्तरता दिएका छौँ। नौविसे, जीवनपुर र छत्रेदेउराली स्वास्थ्य चौकीमा स्थापना भएको प्रयोगशालालाई स्तरोन्नती गरि एनलाइजर कुल्टर मेशिन जडान गरिएको छ। नौविसे स्वास्थ्य चौकीमा सि.आर.एस. एक्स "रे" मेशिन जडान गरी सेवा उपलब्ध गराइएको छ। नौविसे स्वास्थ्य चौकीलाई स्तरोन्नती गरी १० बेड सम्म क्षमता भएको नगर अस्पतालको रुपमा विकास गर्न भवन निर्माणको कार्य सम्पन्न गरी अस्पताल संचालनको तयारीमा पुगेका छौँ । खोप भण्डारणको लागी तीन ओटै स्वास्थ्य चौकीमा आई.आर.एल. फ्रिजको व्यवस्था गरिएको छ। जेष्ठ नागरिक तथा अपाङ्गगता भएका व्यक्तिहरूका लागि घरदैलोमा गई स्वास्थ्य परिक्षण र परामर्श सेवा उपलब्ध गराईरहेका छौँ।

(१४) महिला लक्षित कार्यक्रम अन्तर्गत महिला सशक्तिकरण एवं सिप, क्षमता र नेतृत्व विकासका लागि उपयुक्त तालिमको व्यवस्था गरि महिलाहरूलाई आत्मनिर्भर बनाउने उद्देश्यलिएका छौँ। अल्पसंख्यक एवं पिछडिएका वर्गका व्यक्ति एवं समुदायहरूको उत्थानका लागि आवश्यक सहयोग उपलब्ध गराएका छौँ। वैदेशिक रोजगारीवाट फर्किएकाहरूका लागि तालिम संचालन गरि आत्मनिर्भर र उद्यमशील वन्न उत्प्रेरित गराएका छौँ। संघ संस्था एवं परियोजनाको संयुक्त साझेदारी वा सहकार्यमा सिपमुलक कार्यक्रम संचालन

गरी स्वरोजगार बनाउन क्षमता विकासका कार्यक्रम संचालन गरेका छौँ । लघु उद्यमी समुहहरू तयार गर्दै उद्यमी महिलाहरूलाइ प्रोत्साहन गरी आत्मनिर्भर तथा उद्यमशिलता प्रर्वधनमा जोड दिएका छौँ ।

**नगरसभाका उपाध्यक्ष एवं नगरसभा सदस्यज्यूहरू,**

(१५) धर्म, कला संस्कृती संरक्षण र पर्यटन प्रर्वद्धन लाई प्रथामिकतामा राखी विभिन्न वडामा मन्दिर निर्माण तथा मर्मत गर्दै क्रियापुत्री भवन, मरणघाट, पाटीपौवा, चौतारो निर्माण देखि गुम्बा निर्माण, पिकनिक स्पोर्ट तथा पार्क निर्माण गर्ने कार्यलाई निरन्तरता दिएका छौँ । नगर क्षेत्र भित्रका प्राकृतिक, धार्मिक, साँस्कृतिक, ऐतिहासिक, पुरातात्विक क्षेत्रहरूलाइ समेटी आन्तरिक पर्यटन तथा पर्या पर्यटन प्रवर्धनका लागि पर्यटन गुरूयोजना निर्माण गर्ने तयारी गरिरहेका छौँ ।

(१६) नगरपालिका क्षेत्रभित्रका दुर्गम क्षेत्रमा बसोबास गर्ने बालबालिका र चार कक्षा देखी बाह्र कक्षा सम्म अध्ययन गर्ने गरिब, असहाय तथा अपाङ्ग विद्यार्थीहरूका लागी शिक्षामा पहुँच अभिवृद्धि गर्ने लक्ष्यका साथ हाललाई मच्छिन्द्र मा.वि. खानिखोलामा आवासिय सुविधा सहितको विद्यालय सञ्चालनको व्यवस्था मिलाएका छौँ । अन्य विद्यालयमा समेत आवासीय सुविधा थप गर्दै जाने नीति अवलम्वन गरेका छौँ । विद्यालयहरूमा तातोपानी सहितको शुद्ध खानेपानीको व्यवस्था गरिएको छ । विषयगत शिक्षकको व्यवस्थापन गर्दै क्षमता अभिवृद्धिका लागि तालिम प्रदान गरिँदै आएका छौँ । एक विद्यालय एक नर्स कार्यक्रम, विद्यालय सुधार योजनाको निर्माण, डिजिटल हाजिरिको व्यवस्थापन, शैक्षिक गुणस्तर अभिवृद्धि कार्यक्रम संचालन, विज्ञान प्रयोगशालाको व्यवस्था, ICT ल्याब स्थापना, सामुदायीक विद्यालयमा छात्रा मैत्री तथा Wash सुविधा सहितको शौचालय व्यवस्थापन, विद्यालय घेराबार र सामुदायिक विद्यालयलाई स्तरोन्नती गर्ने कार्यलाई निरन्तर रुपमा अगाडी बढाइएका छौँ । विद्यालयमा प्रधानाध्यापक नियुक्तीको मापदण्ड निर्धारण गरिएको छ । विद्यालयमा विद्यार्थीको संख्या, भौगोलिक अवस्था लगायतका आधारमा विद्यालय मर्ज सहित विद्यालय संख्या कायम गरी गुणस्तर अभिवृद्धि गर्ने कार्यको शुरुवात गरेका छौँ । नगरस्तरीय राष्ट्रपति रनिङशिल्ड खेलकुद प्रतियोगितालाई निरन्तरता दिएका छौँ । खेलकुदको माध्यमबाट स्वस्थ्य, अनुशासित एवं मर्यादित युवा जनशक्ति तयार गरी व्यवसायीक तथा राष्ट्रिय खेलाडीहरू उत्पादनमा योगदान पुऱ्याउने उदेश्यले जिल्ला स्तरीय लिग फुटबल प्रतियोगिता संचालन गर्दै लिग विजेता टिमलाई प्रदेशस्तरीय लिग फुटबल प्रतियोगिता लगायत अन्य प्रतियोगिताहरूमा सहभागी हुन प्रोत्साहन गरिरहेका छौँ । यसै आ.व. देखी नगरपालिकाले नियुक्ति गरेका शिक्षकहरूको तलब नेपाल सरकारले तोकेको स्केल बमोजिम भुक्तानी पाउने व्यवस्था मिलाएका छौँ भने सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरू लामो अवधि विदामा बस्नुपर्ने भएमा सट्टा शिक्षक भर्ना गर्न पाउने व्यवस्था मिलाएका छौँ । बाल विकास कक्षामा २० जना भन्दा बढी विद्यार्थीहरू भएमा बाल विकास सहजकर्ता थप गर्न पाउने व्यवस्था गरी थुङ्गी आ.वि., त्रिकुटेश्वरी आ.वि. र महेशधर्म मा.वि.मा १-१ जना गरी ३ जना बालविकास सहजकर्ता थप गरिएको छ । सामुदायिक विद्यालयमा कार्यरत प्रधानाध्यापकहरूलाई कार्यजिम्मेवारीप्रति थप लगाव सिर्जना गर्नका लागि प्र.अ. भत्तामा वृद्धि गरी मासिक रुपमा आधारभुत तहमा कार्यरत प्र.अ.को रू.५००।- र मा.वि.तहमा कार्यरत प्र.अ.को रू.१०००।- प्र.अ. भत्ता कायम गरेका छौँ ।

(१७) उच्च शिक्षा अध्ययन गर्ने इच्छा एवं आकांक्षा भएका बुहारीहरूलाई लक्षित गरि आर्थिक अभावका कारण उच्च शिक्षा अध्ययन गर्नबाट वञ्चित हुन नपरोस भन्ने उद्देश्यले नगरपालिका क्षेत्रभित्रका क्याम्पसमा

अध्ययनरत सबै बुहारीहरूलाई छात्रवृत्ति प्रदान गर्दै आएका छौँ । स्नातक तहको कृषि तथा पशु प्राविधिक विषयमा अध्ययन गर्न चाहने नगर क्षेत्र भित्रका जेहेन्दार विद्यार्थीहरूमध्ये १ आर्थिक वर्षमा २ जना विद्यार्थीहरूलाई पुर्ण छात्रवृत्तिको व्यवस्था मिलाएका छौँ । सिप विकास, क्षमता अभिवृद्धि र स्वरोजगार सिर्जनाका लागि शेषकान्त फाउन्डेसनसँग सहकार्य गरी प्राविधिक जनशक्ति उत्पादन गर्ने कार्यलाई निरन्तरता दिएका छौँ ।

**नगरसभाका उपाध्यक्ष एवं नगरसभा सदस्यज्यूहरू,**

(१८) धुनिवेशी नगरपालिकाले नगर गौरवको योजनाको रुपमा अघि सारेका योजना तथा कार्यक्रमहरू मध्ये धार्के-स्वाँरा-जीवनपुर सडक खण्ड कालोपत्रे भईसकेको छ, बाँकी खण्डको कालोपत्रे गर्ने कार्यलाई निरन्तरता दिएका छौँ । डाँडाडिही-बडारेचौर-जीवनपुर-किटिनी-कोल्पु सडकको जिवनपुर भञ्ज्याङ सम्मको खण्ड कालोपत्रे भईसकेको अवस्था छ, बाँकी खण्डको कालोपत्रे गर्ने कार्यलाई निरन्तरता दिएका छौँ । खिलबुजा-भञ्याङपोखरी-महेशफाँट सडक, चौधारमोड-मरुवा सडक, आंसिक रुपमा कालोपत्रे भएको छ, बाँकी खण्डलाई कालोपत्रे गर्ने कार्यलाई निरन्तरत दिएका छौँ । नौविसे-दोभान-लिखु सडकको केही भाग कालोपत्रे र केही भाग ढलान भईसकेको छ, भने उक्त सडकको बाँकी खण्डलाई पक्कि सडक बनाउने कार्यलाई निरन्तरता दिएका छौँ । भञ्ज्याङपोखरी चिलाउनेगाउँ खिलवुजा ढाँडे सडकको केही भाग कालोपत्रे भएको छ भने बाँकी खण्ड पक्कि बनाउन निरन्तरता दिएका छौँ । पिपलामोड- महेशफाँट, डुम्रेचौर-महेशफाँट सडक, लामिछानेटार-सुमाराचौर-थुम्की-जिवनपुर सडक, मच्छिन्द्रावन-स्याउली सडक, टायलघर बद्रिटार ढकालखोला जिवनपुर लगाएतका सडकहरूलाई पक्कि बनाउने कार्यलाई निरन्तरता दिएका छौँ । झ्याप्लेखोला देखी जुगेडी हुँदै नगर केन्द्र सम्म जोड्ने सडकलाई कालोपत्रे र ढलान गर्ने कार्यलाई निरन्तरता दिँदै बाँकी खण्डलाई समेत कालोपत्रे र ढलान गर्ने गरी अगाडी बढाइएका छौँ । बाडभञ्ज्याङ काफलचौर हुँदै खानीखोला निस्कने काफलचौर खानीखोला सडकलाई पक्कि बनाउने कार्यलाई निरन्तरता दिएका छौँ । धुनिवेशी खेल मैदानको संरचना निर्माण कार्य सम्पन्न गरी जिल्लास्तरीय लिग फुटबल र पालिकास्तरीय खेलकुद, अन्तरविद्यालयस्तरीय खेलकुद कार्यक्रम संचालन भईसकेको छ । जिल्लास्तरीय खेलकुद प्रतियोगिता संचालन गर्न सकिने गरी थप व्यवस्थित गर्न पहल गरिरहेका छौँ । वडा नं.५ स्थित धुनिवेशी पार्कको निर्माण कार्यलाई सम्पन्न गर्ने र औद्योगिक ग्राम निर्माणको कार्यलाई अगाडी बढाउन ध्यान केन्द्रित गरेका छौँ । खानीखोला-गणेशमार्ग-काफलचौर सडक, हेल्थपोष्ट-सेतिदेवि-तोप्लाङ सडक, नौविसे- कालिदेवि स्थान सडक, पिपलमोड- महेशफाँट- रमाइलोचौर- चिम्टेश्वर सडक, पिपलमोड- डुंडेभञ्ज्याङ सडक, निसाकोट जुगेडी नगरकेन्द्र सडक, रेशमखेती मच्छिन्द्रावन कोइरालाटार चालिसे सडक, डुम्रेचौर किटनी बाघाखोर सडक, धार्के आचार्यपोखरी कोल्पु सडक लगायतका नगर गौरवका क्रमागत योजनाका रुपमा राखी क्रमशः निर्माण सम्पन्न गर्नका लागी पहल गरिरहेका छौँ । धुनिवेशी नगरपालिका वडा नं. ५ मा ल्याण्ड पुलिङ (शहरी बस्ती विकास योजना) संचालनका लागी DPR तयार गर्ने कार्यलाई अगाडी बढाएका छौँ ।

(१९) सडक मर्मत सुधार,सडक कालोपत्रे, सडक ग्राभेल, पक्कि नाला निर्माण, कच्चि नाला निर्माण, सडक ढलान, ग्याविन वाल निर्माण, मेसिनरी वाल निर्माण, प्लम वाल निर्माण, ह्युम पाइप कल्भर्ट निर्माण, गोरेटो बाटो निर्माण पक्कि सिंचाई कुलो मर्मत तथा निर्माण, सिंचाई पोखरी, पाटी पौवा मन्दिर, गुम्वा,

चौतारा निर्माण, ट्रस, सामुदायिक भवन निर्माण, क्याम्पस तथा विद्यालय भवन निर्माण, मरनघाट तथा चिहान निर्माण, खेलमैदान निर्माण र तटवन्ध निर्माणका कार्यलाई प्राथमितामा राखी निरन्तर रुपमा अगाडी बढाएका छौँ ।

(२०) सर्वसुलभ रुपमा स्वच्छ, सफा खानेपानी सबै नगरवासीहरूलाई उपलब्ध गराउने लक्ष्यका साथ अधिकांश नगरवासीहरूलाई स्वच्छ, सफा खानेपानी उपलब्ध गराउँदै आएका छौँ । अझै केही स्थानमा खानेपानीको समस्या एवं अभाव रहेको छ । उपलब्ध स्रोत र साधनको उच्चतम रुपमा परिचालन गरी नपुग स्रोत जुटाउनका लागी संघीय सरकार एवं प्रदेश सरकारसँग समन्वय गरी सर्वसुलभ रुपमा सफा खानेपानी उपलब्ध गराउने तर्फ ध्यान केन्द्रित गरेका छौँ ।

(२१) पशु विकास सेवा तर्फ गाई भैसी तथा बाख्रा पालनमा कृत्रिम गर्भाधान सेवा, रोग विरुद्ध नियमित खोप, गोबर परिक्षण र औषधी वितरण सेवालाई निरन्तरता दिँदै छाडा कुकुर नियन्त्रणका लागी कुकुर बन्ध्याकरण गर्ने कार्यलाई अभियानकै रुपमा अगाडी बढाएका छौँ । गाई भैसीमा देखिने खोरेत रोग तथा लम्पी स्किन रोग र बाख्राहरूका पिपिआर विरुद्धको खोप कार्यक्रम संचालन गरी आइशोलेशन भवन सँगै पशु उपचार केन्द्र र पशु चिकित्सासँग सम्बन्धित आधारभुत प्रयोगशाला स्थापना गरी संचालनमा ल्याएका छौँ । कृषि विकास सेवा तर्फ फलफुल र फूलको विरुवामा नगरपालिकालाई आत्म निर्भर बनाउन फलफुल र फूलको बिरुवाको स्थापित स्रोत केन्द्रबाट फलफूल र फूलको विरुवाहरू वितरण गर्दै आएका छौँ । माटो परिक्षण सेवा, विउविजनमा अनुदान, कृषि पकेट क्षेत्र कार्यक्रम संचालन गर्दै कृषि प्राविधिक विषय अध्ययन गर्न चाहने विद्यार्थीहरूलाई लक्षित गरी भुवनेश्वरी मा.वि.मा कृषि प्राविधिक विषयमा अध्ययन/अध्यापन हुने व्यवस्था मिलाएका छौँ ।

(२२) नगरपालिकामा भएको बारुणयन्त्र मार्फत अग्नी नियन्त्रण गर्ने काम चुस्त एवं प्रभावकारी बनाईएको छ । नगरपालिकाले खरिद गरेको २ थान व्याक हो लोडर परिचालन गरी सडक सुधार गर्ने कार्यलाई निरन्तरता दिएका छौँ ।

(२३) वित्तीय पारदर्शीताको लागि त्रैमासिक रूपमा आय व्ययको विवरण सार्वजनिकीकरण गर्ने गरिएको छ । आ.व.२०८०।०८१ को स्थानीय तह संस्थागत क्षमता स्वःमूल्याङ्कन (LISA) र स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन (FRA) को समग्र स्थिति, प्रकृयागत स्थिति र परिमाणात्मक स्थितिको मूल्याङ्कन हुँदा (LISA) मा ८५.५ अंक र (FRA) मा ७५.५ अंक प्राप्त भएकोमा थप सुधार गर्दै स्थानीय तह संस्थागत क्षमता स्वःमूल्याङ्कन कार्यविधिलाई पुर्णरुपमा कार्यान्वयन गरी संस्थागत गर्ने र (FRA) मा अधिकतम अंक हाँसिल गर्ने गरी कार्यसम्पादन गर्न अभिप्रेरित गरेका छौँ ।

(२४) समुहमा आवद्ध महिलाहरूलाई सिपमुलक तालिमको माध्ययमबाट आय आर्जनका क्रियाकलापमा सहभागी गराई आत्मनिर्भर गराउन उद्यमशिलता प्रवर्धनको कार्यक्रम संचालन गरिरहेका छौँ ।

(२५) धुनिवेशी नगर क्षेत्र भित्र पर्ने धार्मिक, ऐतिहासिक, पुरातात्विक तथा पर्यटकिय क्षेत्रको विकास एवम् विस्तार र भौतिक पुर्वाधार निर्माणको क्षेत्रमा अनुभव आदान-प्रदान गर्दै भाईचाराको सम्बन्ध कायम गरी एक आपसमा सहयोग पुऱ्याउने उद्धेश्यका साथ अन्तराष्ट्रिय संघ संस्था एवम् अन्तरपालिका भगिनी सम्बन्ध कायम गरिने छ

(२६) नगर केन्द्र वरिपरी चक्रपथ निर्माण गरी, सडक सञ्जाल मार्फत नगर केन्द्र जोड्ने र नगर केन्द्र तोकिएको स्थानमा बहुउदेश्यीय डिपार्टमेन्ट भवन सहितको बस पार्क निर्माण गर्न डिपिआर गर्ने कार्यको थालनी गरेका छौं।

२७) संघ संस्था एवम् परियोजनाको संयुक्त साझेदारी वा सहकार्यमा सिपमुलक कार्यक्रम संचालन गरी युवाहरूलाई स्वरोजगार बनाइने नीति अवलम्वन गरेका छौं।

(२८) भवन निर्माण, सडकको कालोपत्रे लगाएतका प्राविधिक रुपमा जटिल प्रकृतिका योजनाहरू उपभोक्ता समिति मार्फत संचालन नगर्ने नगराउने नीति अवलम्बन गरेका छौं।

(२९) 'जनतासँग जनप्रतिनिधि, समृद्ध धुनिवेशी सुखी नगरवासी' को अभियानलाई सार्थक बनाई 'दिगो पुर्वाधार, समृद्ध नगरको आधार' लाई मुर्त रुप दिन निरन्तर रुपमा लागी रहेका छौं।

**नगरसभाका उपाध्यक्ष एवम् नगरसभा सदस्यज्यूहरू,**

**अव म आ.व.२०८२।०८३ को नीति, कार्यक्रम तथा बजेट तयार गर्ने क्रममा लिएका आधारहरू प्रस्तुत गर्दछु।**

१) नेपालको संविधानको प्रस्तावना, मौलिक हक, राज्यका निर्देशक सिद्धान्त र नीतिहरू, स्थानीय आर्थिक कार्य प्रणाली, संविधानमा व्यवस्था भए बमोजिम अनूसूची ८ मा उल्लेखित एकल अधिकार तथा अनूसूची ९ मा उल्लेखित साझा अधिकारको सूची,

२) सङ्घीय सरकारको आवधिक योजनाले लिएका नीति तथा प्राथमिकताहरू,

३) सङ्घीय सरकारले अवलम्वन गरेका आर्थिक एवम् वित्तिय नीतिहरू,

४) प्रदेश सरकारले लिएका आर्थिक एवम् वित्तिय नीतिहरू,

५) ''समृद्ध धुनिवेशी, सुखी नगरवासी''को अभियान सफल पार्न अवलम्वन गरिएका कार्यनीति एवम् कार्य योजना।

६) स्थानीय सरकार संचालन ऐन तथा अन्य कानूनी प्रावधानहरू,

७) विषयगत शाखा एवम् वडा कार्यालयहरूबाट प्राप्त, प्रस्ताव एवम् कार्ययोजना

८) नगरवासीहरूबाट प्राप्त राय, सल्लाह, सुझाव, प्रतिक्रिया एवम् मार्ग निर्देशन।

९) सरकारी एवम् गैर सरकारी संघ, संस्था, संचारकर्मी, वुद्धिजिवी जगतबाट प्राप्त राय, सल्लाह सुझाव एवम् अध्ययन प्रतिवेदनहरू,

१०) निर्वाचनका क्रममा जारी गरिएका संयुक्त चुनावी घोषणा पत्र।

११) धुनिवेशी नगरका नागरिकहरू समक्ष गरिएका प्रतिवद्धता।

१२) नगरको आवश्यकता, सम्भावना, अवसर, नगरपालिकाको श्रोत साधन परिचालन गर्न सक्ने क्षमता एवम् उपलब्ध जनशक्ति।

१३) राजनैतिक दल, नागरिक समाजका प्रतिनिधि, उद्योगी, व्यापारी, पौरखी किसान, सहकारी क्षेत्रमा क्रियाशिल व्यक्तित्व, महिला दिदी वहिनीहरूको समूह एवम् सञ्जालबाट प्राप्त राय, सल्लाह र सुझावहरू

१४) धुनिवेशी नगरका नगरसभा सदस्यज्यूहरूबाट प्राप्त राय, सल्लाह, सुझाव एवम् मार्गदर्शन।

१५) संघीय सरकारले स्वीकृत गरेको सोह्रौं पञ्चवर्षिय योजना ।

१६) धुनिवेशी नगरपालिकाको आवधिक योजना ।

१७) धुनिवेशी नगरपालिकाको मध्यमकालिन खर्च संरचना ।

**नगरसभाका उपाध्यक्ष एवम् नगरसभा सदस्यज्यूहरू,**

**अव म आ.व.२०८२।०८३ को नीति, कार्यक्रम तथा बजेटको प्राथमिकता प्रस्तुत गर्दछु ।**

१) दिगो सडक पूर्वाधारको विकास एवम् रणनीतिक महत्वको क्षेत्रमा लगानी विस्तार,

२) कृषि उत्पादन एवम् उत्पादकत्व अभिवृद्धि गर्दै खाद्य सुरक्षाको प्रत्याभूत,

३) कृषि क्षेत्रको आधुनिकीकरण, व्यवसायीकरण, बजारीकरण, रोजगारी सिर्जना एवम् गरिवी न्यूनिकरण र जिवनस्तरमा सुधार,

४) आर्थिक विकास, सामाजिक न्याय, विकासका प्रतिफलको न्यायपूर्ण वितरण,

५) एकल महिला, जेष्ठ नागरिक, अपाङ्ग, असहाय र दलित बालबालिकाको हितको संरक्षण,

६) शिक्षा क्षेत्रको गुणस्तर सुधार, अनिवार्य तथा निःशुल्क शिक्षामा जोड दिने, सर्वसुलभ एवम् गुणस्तरयुक्त स्वास्थ्य सेवा प्रदान, सिपमुलक जीवनोपयोगी व्यवसायिक शिक्षामा लगानी,

७) बाढी पहिरो तथा भू-क्षय नियन्त्रण, खोला तटवन्ध निर्माण विपद् व्यवस्थापन,

८) नगरवासीको जिवनस्तरमा सुधार, आय आर्जनमा वृद्धि, रोजगारी सिर्जना,

९) खानेपानी तथा सरसफाई सेवा सुविधामा विस्तार, पौराणिक, साँस्कृतिक एवम् धार्मिक स्थलहरूको पहिचान संरक्षण, पुर्निनिर्माण एवम् व्यवस्थापन,

१०) सूचना प्रविधिको विकास, विस्तार र पहुँचमा अभिवृद्धि,

११) भ्रष्ट्राचार नियन्त्रण, सुशासन, सार्वजनिक सेवा प्रवाहमा प्रभावकारीता सार्वजनिक जवाफदेहिता,

१२) लैङ्गिक समानता, समावेशीकरण र सामाजिक न्याय, आर्थिक विकास, उपलब्ध स्रोत साधन एवम् अवसरको न्यायपूर्ण वितरण,

१३) औद्योगिक ग्राम स्थापना,

१४) संस्थागत संरचना निर्माणलाई पूर्णता दिने स्रोत साधन सम्पन्न बनाउने,

१५) स्थानीय ज्ञान, सिप, क्षमता, प्रविधि र पूँजीको भरपुर उपयोग, परिचालन, विकास एवम् विस्तार,

१६) आवास तथा शहरी विकास कार्यक्रम संचालन वैकल्पिक शहरको निर्माण,

१७) दिगो विकास, वन तथा वातावरणको संरक्षण र सन्तुलन,

**नगरसभाका उपाध्यक्ष एवम् नगरसभा सदस्यज्यूहरू,**

**अव म आ.व. २०८२।०८३ को नीति, कार्यक्रम तथा बजेटको उद्धेश्यहरू प्रस्तुत गर्दछु :–**

१) पुर्वाधारको दिगो, योजनावद्ध, गुणस्तरीय र वातावरणमैत्री विकास मार्फत नागरिकको जीवनयापनमा सहजता प्रदान गर्ने ।

२) कृषि क्षेत्रको आधुनिकीकरण, व्यवसायीकरण, बजारीकरण गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्दै रोजगारी सिर्जना गर्ने, कृषि पेशा एवम् व्यवसायलाई गौरब र मर्यादित पेशा एवम् व्यवसायको रुपमा अगाडी बढाउन व्यवसायिक यूवा र पौरखी किसानलाई प्रोत्साहन गर्ने ।

३) सार्वजनिक सेवा प्रवाहलाई छिटो, छरितो चुस्त, दुरुस्त, सवल सक्षम, प्रभावकारी, पारदर्शी बनाई सुशासनयूक्त नगरपालिका निर्माण गरी सेवा प्रवाहलाई नागरिकमैत्री बनाउने ।

४) शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाईको क्षेत्रमा लगानी बढाई गुणस्तर कायम गर्ने, प्राविधिक ज्ञान सिप क्षमतामा अभिवृद्धि गर्ने, जिवन उपयोगी र रोजगारमुलक व्यवसायिक शिक्षामा जोड दिने, स्वास्थ्य सेवालाई सर्वसुलभ, गुणस्तरयुक्त बनाई पहुँच अभिवृद्धि गर्ने, गुणस्तरयुक्त खानेपानी सेवा उपलब्ध गराउने ।

५) आन्तरिक पर्यटन प्रवर्धन, प्रचार प्रसार, ऐतिहासिक, पौराणिक, साँस्कृतिक, धार्मिक स्थलहरूको संरक्षण र सम्र्वधन विकास एवम् विस्तार गर्दै सर्वसाधारण जनताको आयमा सुधार गर्ने, धुनिवेशी नगरपालिकाको पर्यटकिय गन्तव्य स्थलको रुपमा विकास गरी उच्च एवम् श्रेष्ठतम् पहिचान हाँसिल गर्ने ।

६) उपलब्ध स्रोत साधन, अवसर एवम् क्षमताको उच्चतम् परिचालन र उपयोग गरी आर्थिक विकास, पुर्वाधार विकास एवम् विस्तार गर्ने ।

७) महिला, बालबालिका, जेष्ठ नागरिक एवम् अपाङ्गता भएका व्यक्तिको हितलाई ध्यानमा राखी संरक्षण गर्ने

८) राज्यको मुलधारबाट पछाडी परेका जाति, वर्ग, लिङ्ग एवम् सम्प्रदायलाई सामाजिक न्याय, लैङ्गिक समानता, सामाजिक समावेशीकरण मार्फत राज्यको मूलधारमा समावेश गर्ने ।

९) सामाजिक र साँस्कृतिक विकासलाई गतिशिलता प्रदान गर्ने, भौगोलिक सन्तुलन कायम राख्ने र स्रोत, साधनको न्यायोचित वितरण गर्ने, धुनिवेशी नगरपालिकाको सर्वाङ्गीण विकासका लागि रणनीतिक एवम् आर्थिक महत्वको सडकहरूको सञ्जाल निर्माण हुने गरी दिगो सडक पूर्वाधार तयार गर्ने, नगर क्षेत्रको वरिपरी चक्रपथ निर्माण गरी नगरवासीहरूको लागि सहजरुपमा पहुँच मार्गको निर्माण एवम् विस्तार गर्ने, दिगो विकास एवम् पूर्वाधार निर्माणमा जनसहभागिता र समानता कायम गर्ने ।

**नगरसभाका उपाध्यक्ष एवम् नगरसभा सदस्यज्यूहरू,**

अव म धुनिवेशी नगरपालिकाले विगत र चालु आ.व.मा अवलम्बन गरेका नीतिहरूलाई निरन्तरता दिँदै आगामी आ.व.का लागि प्रस्तावित नयाँ नीति तथा विषय क्षेत्रगत कार्यनीतिहरू सम्मानित नगरसभा समक्ष प्रस्तुत गर्न चाहान्छु

**संस्थागत विकास, सार्वजनिक सेवा प्रवाह र सुशासन सम्बन्धी नीति**

- सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निस्पक्ष, पारदर्शी, भ्रष्ट्राचारमुक्त, जनउत्तरदायी र सहभागीतामुलक बनाउँदै सेवा प्रवाहमा समान र सहज पुहँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गरिनेछ ।
- नगरकार्यपालिकाको कार्यालय र मातहतका कार्यालयहरूलाई भौतिक पूर्वाधार सम्पन्न गराइने छ ।
- नगरकार्यपालिकाको कार्यवोझ, राजश्व क्षमता, खर्चको आकार एवम् स्थानीय आवश्यकतालाई ध्यानमा राखी संगठन तथा व्यवस्थापन सर्भेक्षण (O&M सर्भे) का आधारमा संगठन संरचना तयार गरिनेछ। संगठन संरचना र स्वीकृत दरवन्दीका आधारमा कर्मचारी व्यवस्थापन गरी पदाधिकारी र कर्मचारीको कार्यविवरण तयार गरी कार्यान्वयन गरिनुका साथै कार्यसम्पादन करार सम्झौता गरी नियमित रुपमा कार्यसम्पादन मूल्याङ्

कन गरिनेछ

- स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन तथा सेवाको सर्त एवम् सुविधा सम्बन्धी कानून तर्जुमा गरिने छ।
- सेवा प्रवाहमा थप प्रभावकारीता ल्याई सुशासन कायम गर्न, गुणस्तरीय सेवा प्रदान गर्न, कार्यजिम्मेवारी प्रति लगाव सिर्जना गर्न, नतिजामुलक उपलब्धी हाँसिल गर्नका लागि नतिजामा आधारित कार्यसम्पादन एवम् प्रोत्साहन प्रणाली अवलम्वन गरिने छ। कर्मचारीहरूको कार्यव्यवहारलाई पारदर्शी, जनमैत्री र सुशासनयुक्त बनाउन आचारसंहिताको पालनालाई कडाईका साथ लागू गरिनेछ।
- नगरपालिका क्षेत्रभित्रका सार्वजनिक सम्पतिहरूको रेखदेख, संरक्षण, सम्वर्धन एवम् नियमित मर्मत सम्भारका लागि आवश्यक व्यवस्था मिलाईनेछ।
- सरकारी जग्गाको डिजिटल प्रविधिबाट नापजाँच गराई संरक्षण गरिनेछ।
- नगरपालिकामा भएका निर्णय एवम् खर्चहरूलाई विद्युतिय माध्ययमबाट अभिलेखीकरण गरी मासिक रुपमा सार्वजनिक गरिनेछ।
- करार सेवामा कार्यरत कर्मचारीहरूको वृति विकासलाई ध्यानमा राख्दै संचयकोषमा आवद्ध गरी नगरपालिकाको तर्फबाट संचयकोषमा रकम जम्मा गर्ने कार्यलाई निरन्तरता दिईनेछ।
- कर्मचारीको हाजिरी, नियमितता र अनुशासन पालनाका लागि दैनिक हाजिरीलाई पेरोलसँग एकिकृत गरी मासिक तलब एवम् पारिश्रमिकको रकम भुक्तानी दिने व्यवस्था मिलाइनेछ।
- सबै कार्यालयहरूमा ई-हाजिरीको व्यवस्था गरिने छ। सि.सि. टिभी जडान गरी सेवा प्रवाहको अवस्थालाई प्रत्यक्ष रुपमा निगरानी गरिनेछ।
- सेवा प्रवाहमा टोकन प्रणाली (First Come, First Service) को सेवा शुरुवात गरिनेछ। हेल्प डेस्क स्थापना/सञ्चालनको व्यवस्था मिलाईने छ।
- डिजिटल प्रविधिको विकास र विस्तार गरी अभिलेखीकरण र सेवा प्रवाहलाई व्यवस्थित गरिनेछ। नगरपालिका मातहतका कार्यालयमा सुचना अधिकारीको व्यवस्थालाई निरन्तरता दिई सुचनाको हक कार्यान्वयनको व्यवस्था मिलाईनेछ।
- दरवन्दी अनुसार स्थायी पदपूर्तीका लागि पहल गरिनेछ।
- जनप्रतिनिधि र राष्ट्रसेवक कर्मचारीहरूको क्षमता अभिवृद्धिका लागि तालिम, सेमिनार र गोष्ठी जस्ता कार्यक्रमहरू संचालन गरिनेछ।
- विपन्न लक्षित समूहका लागि आयमूलक तथा सीपमूलक कार्यक्रम गैरसरकारी संस्था समेतको समन्वय र साझेदारीमा सञ्चालन गरिनेछ।
- नगरपालिका वा अन्तरगर्त वडा कार्यालयमा कार्यरत कर्मचारीहरूलाई कार्यालय प्रति जवाफदेही वनाउन र आन्तरिक आम्दानी वृद्धि लगायत नगरपालिकाको अभिलेख व्यवस्थापन गरी सहज रुपले कार्य संचालन गरी शुसाशन कायम गर्न विशेष योगदान दिने जनप्रतिनिधि र कर्मचारीलाई नगरपालिका स्थापना दिवसका अवसरमा सम्मान एवम् पुरस्कार दिने कार्यको शुरुवात गरिनेछ।
- नगरपालिकाको कार्यालय, वडा कार्यालय र स्वास्थ्य संस्थाहरूका लागि आवश्यक भौतिक पुर्वाधार एवम्

जनशक्ति व्यवस्थापनको कार्य गरी संस्थागत संरचनालाई पुर्णता दिइनेछ। नगर प्रोफाईल अध्यावधिक गरिनेछ।

- न्यायिक समितिबाट सम्पादन हुने न्यायिक निरुपणको कार्यलाई चुस्त, दुरुस्त तथा प्रभावकारी बनाउन न्यायिक समितिका पदाधिकारीहरूको क्षमता विकास गरिने छ।
- न्यायिक समितिलाई थप पुर्वाधार युक्त बनाइ दक्ष जनशक्तिको व्यवस्था गरी छिटो, छरितो न्याय सम्पादन गरिनेछ। मेलमिलापको माध्यमबाट विवाद समाधान गर्ने पद्धतिको विकास गरी स्थानीय स्तरबाटै प्रत्यक्ष रुपमा न्यायको अनुभूत हुने गरी सम्वद्ध सरोकारवाला पक्षलाई प्रशिक्षित गर्दै अझ बढी सक्रिय बनाइनेछ।
- जनतासँग जनप्रतिनिधि, जनतासँग मेयर, उपमेयर तथा बस्ती बस्तीमा मेयर कार्यक्रमलाई अगाडी बढाइने छ।
- संघीय सरकार तथा प्रदेश सरकारको सर्शत अनुदान संचालन निर्देशिकामा सहभागी भत्ता पाउने उल्लेख भएका वाहेक अन्य तालिम, गोष्ठि, समिक्षा लगायतका कार्यक्रम संचालन गर्दा सहभागी भत्ता प्रदान गरिने छैन। कार्यालय समयमा नगरपालिकाका कर्मचारीलाइ प्रशिक्षक भत्ता उपलब्ध नगराउने नीति अवलम्वन गरिने छ।
- प्रयोगमा आउन नसकेका, काम नलाग्ने भई बेकम्मा भएका जिन्सी सामाग्रीहरूको लिलाम विक्रि गरी, जिन्सी निरिक्षण गरिनेछ।
- नगरपालिका, वडा कार्यालय, स्वास्थ्य संस्था, विद्यालय उपभोक्ता समिति लगायत सवै निकायले आर्थिक कारोवार गर्दा व्यवसाय दर्ता गरेका र आ.व. २०८१।८२ सम्म कर चुक्ता भएका पसल, व्यवसायी तथा उद्योगीसँग मात्र आर्थिक कारोबार गर्नुपर्ने नीति अवलम्वन गरिने छ।
- भष्ट्राचार र अनियमितता विरुद्ध शुन्य सहनशिलताको नीति अवलम्बन गरिनेछ। बेरुजु र अनियमितता रोक्न स्थानीय सदाचार नीति र कानून बनाई कार्यान्वयन गरिनेछ। आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाईने छ।

**स्वास्थ्य नीति**

- "सवै नीतिमा स्वास्थ्य (Health in All Policies) भन्ने मान्यता लाई स्थापित गर्न कार्यक्रम योजना तर्जुमा गर्दा स्वास्थ्य नीतिलाई हरेक कार्यक्रमहरूमा समेटिने गरी योजना तर्जुमा गरिनेछ।
- यस नगरको भौगोलिक वनावट अनुसार हाल संचालनमा रहेका स्वास्थ्य संस्थाहरूबाट मात्र सेवा प्रदान गर्दा कतिपय ठाँउका नागरिकहरू सेवा प्राप्त गर्नबाट वर्ञ्चितीमा परेको हुदाँ हरेक नागरिकहरूको आधारभुत स्वास्थ्य सेवामा पहुँच पुऱ्याउन स्वास्थ्य सेवाका इकाईहरू थप स्थापना गरी अधारभुत स्वास्थ्य सेवा सहज रुपमा प्रदान गरिनेछ।
- हाल बढ्दै गरेको नसर्ने तथा मानसिक रोगहरूको प्रभाव न्यूनिकरण गर्नको लागि समुदाय तहसम्म जनचेतना मूलक स्वास्थ्य अभियानका कार्यक्रमहरू सञ्चालन गरिनेछ।
- समुदायमा रहेका ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरूले सहज रुपमा स्वास्थ्य सेवा प्राप्त गर्न सकुन भनी घरदैलोमा नै गई स्वास्थ्य परीक्षण, परामर्ष एवम् औषधी उपचार गर्ने कार्यलाई निरन्तरता दिइनेछ।
- यस नगरपालिका भित्र हालसम्म एउटा पनि नगर अस्पताल नभएको अवस्थामा नागरिकहरूलाई

अस्पतालबाट प्रदान हुने स्वास्थ्य सेवा लिनको लागि अन्यत्र धाउनु पर्ने अवस्थाको अन्त्य गर्दै घोषित नीति बमोजिम आधारभुत नगर अस्पतालबाट यसै आ.व देखि सेवा प्रदान गरिनेछ।

- स्वास्थ्य सेवालाई गुणस्तरीय, भरपर्दो र विश्वनीय रुपमा प्रदान गर्न स्वास्थ्यकर्मी सेवा प्रदायकहरूलाई विविध किसिमको तालिम प्रदान गरी दक्ष बनाइनेछ।
- आमा तथा नवजात शिशु कार्यक्रमलाई प्रभावकारी रुपमा प्रदान गर्न नौबिसे, छत्रेदेउराली र जीवनपुरमा रहेको बर्थिङ सेन्टरहरूको प्रवर्धन/स्तरोन्नती गरी सेवा प्रदान गरिनेछ।
- बर्थिङ सेन्टर रहेको स्वास्थ्य संस्थामा सुत्केरी हुन आउने महिलाहरूलाई जाउलो र भित्रि कपडा प्रदान गर्ने कार्यलाई निरन्तरता दिईनेछ।
- महिला सामुदायिक स्वास्थ्य स्वयम सेविका कार्यक्रमलाई प्रभावकारी बनाउन, प्रोत्साहित गर्ने, क्षमता अभिवृद्धि गर्न तालिम प्रदान गर्ने साथै अवलोकन भ्रमण गराउने र उमेर हद नाघेका महिला सामुदायिक स्वास्थ्य स्वयम सेविकाहरूलाई नगद सम्मानका साथ विदाई गर्ने कार्यलाई निरन्तरता दिइनेछ।
- महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविका कोष सञ्चालन व्यवस्थापनको लागि अनुदानको व्यवस्था गरिएकोछ
- अन्तराष्ट्रिय स्वास्थ्य स्वयम सेवक दिवस डिसेम्बर ५ तारिखका दिन नगर स्तरीय महिला सामुदायिक स्वास्थ्य स्वयम् सेवक दिवस तथा अन्य स्वास्थ्य दिवसहरू मनाउने कार्यलाई निरन्तरता दिइनेछ।
- आ.व.०७८/०७९ बाट सञ्चालित विशेषज्ञ चिकित्सकिय स्वास्थ्य सेवा कार्यक्रम संचालनलाई निरन्तरता दिइनेछ।
- जटिल रोग लागेका विपन्न नागरिकहरूलाई उपचार सहयोग कार्यक्रम मार्फत आर्थिक सहयोग प्रदान गर्ने कार्यलाई निरन्तरता दिइनेछ।
- यस नगरपालिका अन्तर्गत रहेका अस्पताल, स्वास्थ्य चौकी, आधारभुत स्वास्थ्य सेवा केन्द्रहरू र नागरिक आरोग्य सेवा केन्द्रबाट आमनागरिकहरूलाई निःशुल्क रुपमा वितरण गरिने अत्यावश्यकिय सूचिकृत गरिएका औषधीहरू नियमित आपुर्ती गर्ने नीति लिईएकोछ।
- यस नगरपालिका भित्र रहेका साविकका ३ वटा स्वास्थ्य चौकीहरूमा सञ्चालित प्रयोगशालाहरूबाट प्रदान भइरहेको प्रयोगशाला जाँच सेवालाइ गुणस्तरीय र भरपर्दो बनाउन प्रयोगशालाको प्रवर्द्धन स्तरोन्नती गरिनेछ साथै प्रयोगशाला जाँच सेवामा आवश्यक पर्ने रिएजेन्ट खरिद गर्न वजेटको व्यवस्था गरिएकोछ।
- स्वास्थ्य संस्थाबाट प्रदान गरिएका सेवाहरू व्यवस्थित गर्न, स्वास्थ्य संस्थाहरूमा e–HMIS software जडान गर्न, मासिक रुपमा डाटाहरूको भेरिफिकेशन गर्न, समिक्षा गर्न तथा ई-रिपोर्टिङ गर्न वजेटको व्यवस्था गरिएकोछ
- माहामारीको रुपमा फैलिन सक्ने कोभिड-१९, डेङ्गु , स्क्रब टाइफस, औलो जस्ता रोगहरूको संक्रमण रोकथाम तथा नियन्त्रणको लागि नौविसे छत्रेदेउराली र जिवनपुर स्वास्थ्य चौकीहरूबाट एन्टिजेन परीक्षण कार्य नियमित रुपमा गर्ने व्यवस्था गरिएकोछ।
- आ.व.२०७८/०७९ बाट सञ्चालित 'नवजात शिशुसँग मेयर कार्यक्रम'लाई निरन्तरता दिइनेछ।
- आ.व.२०७८/०७९ बाट सञ्चालित सुत्केरी आमासँग उपमेयर कार्यक्रमलाई निरन्तरता दिइनेछ।

- यस नगरपालिका अन्तर्गत सञ्चालित स्वास्थ्य चौकीहरूबाट प्रदान भइरहेको स्वास्थ्य सेवाहरूको सामाजिक परिक्षण गरिनेछ।
- नेपाल आँखा कार्यक्रम तिलगंगा आँखा प्रतिष्ठानसँगको साझेदारीमा प्राथमिक आँखा उपचार सेवा शुरु भएकोले यसलाई निरन्तरता दिईनेछ साथै यसै आ.व देखि दन्त उपचार सेवाको समेत शुरुवात गरिनेछ।
- राष्ट्रिय स्वास्थ्य विमा कार्यक्रममा आवध्द हुन नसकेका विपन्न नागरिकहरूलाई पहिलो पटकको Premium बापतको रकम भुक्तानी गरी राष्ट्रिय स्वास्थ्य विमा कार्यक्रममा आवध्द गराईनेछ।
- स्वास्थ्य सेवा प्रदायक स्वास्थ्यकर्मी/कर्मचारीहरूको मनोवल उच्च राख्न उत्कृष्ठ स्वास्थ्यकर्मी/कर्मचारीहरूको छनोट गरि पुरस्कार प्रोत्साहनको ब्यबस्था गरिनेछ।
- यस नगरपालिका अन्तर्गत रहेका तीनवटा स्वास्थ्य चौकीहरू र ६ वटा अधारभूत स्वास्थ्य सेवा केन्द्रहरू मध्ये एउटा स्वास्थ्य चौकी र एउटा अधारभूत स्वास्थ्य सेवा केन्द्र छनोट गरी नगर भित्रको नमूना स्वास्थ्य चौकी तथा अधारभूत स्वास्थ्य सेवा केन्द्र घोषणा गर्न पूर्वाधार तयार गरी नमूना स्वास्थ्य चौकी तथा अधारभूत स्वास्थ्य सेवा केन्द्र घोषणा गर्ने नीति लिईएकोछ।
- साविकका नौविसे र छत्रेदेउराली स्वास्थ्य चौकीहरूबाट थर्मल थेरापी सेवाको शुरुवात गरिएकोछ।
- लक्षित वर्गका (जेष्ठ नागरिक, अपाङ्गता भएका ,कडा रोग लागेका विपन्न नागरिक, सुत्केरी महिलाहरूलाई) नागरिकहरूलाई निःशुल्क रुपमा तथा अन्य विरामीहरूलाई न्युनतम शुल्क लिई सहज रुपमा अस्पतालसम्म ल्याउने/लैजाने व्यवस्थाका लागि यस नगरपालिका अन्तर्गत स्वास्थ्य चौकीहरूबाट सञ्चालित एम्वुलेन्स सेवालाई नियमितता दिईएकोछ।
- पोषण मैत्री स्वास्थ्य संस्था तथा स्थानीय तह घोषणाका लागि पूर्वाधारहरू तयार गर्दै लगिनेछ।
- उपभोक्ता हित संरक्षणका लागि खाद्य गुणस्तर निगरानी सम्बन्धी अभिमुखिकरण, बजार अनुगमन तथा खानेपानी गुणस्तर परीक्षण गर्ने नीति लिईएकोछ।
- एक विद्यालय एक नर्स कार्यक्रम प्रभावकारी रहेकाले विद्यालय नर्सहरूलाई आफु कार्यरत विद्यालय बाहेक छिमेकी अन्य विद्यालयहरूमा आलोपालो मिलाई परिचालन गर्ने नीति लिईएकोछ।
- महामारी तथा विपद व्यवस्थापनका लागि द्रुत प्रति कार्य टोली Rapid Response Team लाई तालिम प्रदान गरी दक्ष बनाई तयारी अवस्थामा राखिनेछ साथै स्वास्थ्य क्षेत्रको Contingency Plan तयार गरिनेछ
- यस नगरपालिका भित्र घरमा प्रसुती हुने अवस्थालाई अन्त्य गरी शुन्य होम डेलिभरीको सुनिश्चितता गरिनेछ
- स्वास्थ्य सेवालाई विशेषज्ञ सेवासँग जोड्नको लागि नगर अस्पतालमा टेलिमेडिसिन सेवाको शुरुवात गरिनेछ
- स्वास्थ्य चौकी तथा आधारभुत स्वास्थ्य सेवा केन्द्रहरूमा कार्यरत स्वास्थ्यकर्मीहरू विद्यालयमा उपस्थित भई छात्रछात्राहरूलाई प्रतिकारात्मक तथा प्रवर्द्धनात्मक स्वास्थ्य सेवा बारे सकारात्मक व्यवहार परिवर्तन सञ्चार कार्यक्रम सञ्चालन गरिनेछ।
- नागरिक आरोग्य सेवाका कार्यक्रमहरू समुदायतह सम्म विस्तार गरिनेछ साथै जीवनविज्ञान र योग अभ्यास कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गरिनेछ।
- पोषण कार्यक्रम अन्तर्गत वृद्धि अनुगमन कार्यलाई प्रभावकारी बनाउन आमाहरूलाई प्रोत्साहन स्वरुप बेबि

हेल्थ किट वितरण कार्यक्रमलाई निरन्तरता दिइनेछ।

**कृयन र्गको नीति**

- स्थानिय उत्पादन र उत्पादकत्व वृद्धिको लागि सम्भावना भएका उपयुक्त कृषि प्रविधिहरूको विकास र उपयोगबाट कृषि उत्पादन र उत्पादकत्व बढाउन जोड दिइने छ।
- नगरको भू–उपयोग प्रणालीको उपयोग गरी उर्वर कृषि भूमीलाई गैर कृषि प्रयोगमा ल्याउन निरुत्साहित गरिने छ।
- राजमार्ग र सहायक मार्गहरूको आसपासमा सम्भाव्य क्षेत्रहरूमा बढी मुल्य जाने कृषि वस्तुको पकेट तथा मोडेल फर्महरूको विकासमा विशेष प्राथमिकता दिइनेछ।
- एक वडा, एक कृषि उत्पादन नीति अवलम्बन गरिनेछ।
- भौगोलिक क्षेत्रको आधारमा स्थानीय तथा उन्नत बीउ, बेर्ना, विरुवा उत्पादन गर्ने गुणस्तरीय स्रोत केन्द्र निर्माण गरि संचालन गरिने छ।
- कृषि प्राविधिक जनशक्ति उत्पादनको लागि कृषि कलेज स्थापना तथा कृषि पढ्ने विद्यार्थीलाई प्रोत्साहन गरिने छ।
- कृषिमा निजी लगानी वृद्धि गर्न उचित वातावरणको सृजना गरी नीतिगत तथा संरचनागत सुधार कार्यक्रम संचालन गरिने छ।
- नगरको समग्र कृषि विकासको लागी तिनै तहको समन्वय सहकार्य र साझेदारीमा कार्यक्रम संचालन गरिने छ।
- गैर कृषिमा आवद्ध नागरिकलाई कृषिमा आर्कषण गर्न आवश्यक नीति निर्माण गरि आकर्षित गरिने छ।
- नगरको खाद्य तथा पोषण असुरक्षित क्षेत्र र समूहका नागरिकको एकिकृत योजना सहित खाद्य संकट समाधान गर्न आवश्यक व्यवस्थापन मिलाइनेछ
- धुनिवेशी नगरपालिकामा बेमौसमी तरकारी उत्पादनको लागी क्षेत्र विस्तारको गरिने छ।
- Smart Soil GIS/The Green Grow ground plan बनाई कृषि उत्पादनलाई प्रर्वधन गरिनेछ।
- नगरपालिकामा कृषि तालिम केन्द्र र कृषक सिकाई केन्द्र स्थापना गर्ने कार्यको शुरुवात गरिनेछ।
- व्यवसायिक कृषक र नगरमा दर्ता भएका कृषक समूहका सदस्यलाई सीप सिकाई तथा आधुनिक खेती प्रविधि विकासको आवश्यक व्यवस्था मिलाईनेछ।
- नगरको अर्थतन्त्रको मेरुदण्डको रुपमा रहेको कृषिको विकास, व्यवसायीकरण र यान्त्रिकरणको लागी ग्रिनहाउस निर्माण, यान्त्रिकरण प्रविधिहरू प्रसारमा अनुदान सहयोग गरिने छ।
- फलफूलको क्षेत्र विकास र विस्तार निर्यात गरिने छ।
- रैथाने बालीको संरक्षण, प्रवर्द्धन ,उत्पादन तथा बजारीकरण गर्न आवश्यक पहल गरिने छ।
- कृषकहरूको सूचीकरण गर्ने कार्यलाई निरन्तरता दिईनेछ। वर्गीकरण सहितको कृषक परिचयपत्र वितरण गरी सुचीकृत किसानहरूलाई मात्र नगरपालिकाले अनुदान उपलब्ध गराईनेछ।

- साना सिचाईका पूर्वाधारहरू जस्तै ड्रीप, स्प्रिङकलर, प्लाष्टिक पोखरी, ढलान पोखरी, पाईप आदिको निर्माण, मर्मत तथा जडानमा लक्षित वर्गलाई विशेष सुविधा दिईनेछ।
- माटोको जैविक गुणमा ह्रास आउन नदिन प्राङ्गारिक खेती गर्ने कृषकहरूलाई प्रोत्साहन गर्नुको साथै प्राङ्गारिक मलको उत्पादन तथा प्रयोग प्रवर्द्धनलाई समेत प्रोत्साहन गरिनेछ।
- नगरको आवश्यकता र प्राथमिकता अनुरुपको कृषि बजारका भौतिक संरचना एंवम् पूर्वाधार निर्माणमा जोड दिईनेछ।
- कृषियोग्य भूमिको संरक्षण, बाँझो जमिनको उपयोग, चक्लाबन्दी र सामुहिक तथा करार खेतीलाई प्रवर्द्धन गरिनेछ।
- नगरपालिकामा स्थापना भएको पुष्प स्रोत केन्द्र नर्सरीको प्रभावकारीतामा अभिवृद्धी हुने गरी नर्सरी प्रवर्धन गरिनेछ।

**पशु सेवा तर्फको नीति**

- नगर पशु स्वास्थ्य सेवालाई थप प्रभावकारी र समान पहुँचमा पुर्याउन सेवा केन्द्र संचालन, रोग निदान प्रयोगशाला निर्माण, नगरमा रहेका पशु प्राविधिक जनशक्ति परिचालन एवं व्यवस्थापनको नीति अवलम्बन गरिनेछ।
- निजि पशु स्वास्थ्य सेवालाई व्यवस्थित, कृषकमैत्री तथा थप प्रभावकारी बनाउन सो को आवश्यक नियमन तथा क्षमता अभिवृद्दीको कार्य गर्ने नीति अवलम्बन गरिनेछ।
- पशु स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन घुम्ती पशु शिविर संचालन गरिनेछ।
- नगर भित्रका छाडा कुकुरको समस्या समाधान सहित जनस्वास्थ्य प्रवर्द्धन गर्न रेबिज खोप तथा बन्ध्याकरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ।
- व्यवसायिक मासु उत्पादन तथा दुग्ध उत्पादन गर्न मासु पसल तथा डेरी उद्योगलाई आवश्यक सुधार सहित स्वस्थ्यकर उत्पादनका लागि नियमन तथा आवश्यक अनुगमन कार्य संचालन गर्ने नीति लिइनेछ
- नगरपालिकाले पशुको आहारा सुनिश्चितता हेतु घाँस/ डालेघाँसको विऊ विरुवाको विउ तथा विरुवा निःशुल्क वितरण गरिनेछ।
- न्यून आय भएका बिपन्न लक्षित गरी पशुपालन सम्बन्धी आय आर्जनको कार्यक्रम संचालन गर्ने नीति लिइनेछ।
- पशु पन्छीमा फैलिन सक्ने सरुवा तथा महामारी रोग नियन्त्रण व्यवस्थापन को लागि पुर्व तयारी, रोग निदान तथा रोकथामको निर्माण गरिनेछ।
- गाई भैंसी, बाख्रा, बंगुर लगायतका पशुहरूमा खोप कार्यक्रम संचालन गरिनेछ।
- गाई भैंसीको नश्ल सुधार र उत्पादकत्व वृद्दीको लागि कृतिम गर्भाधानको कार्यक्रम संचालन गरिनेछ।
- नगरवासीलाई स्वास्थ्य दुध उपलब्ध गराउन दुधलाई प्रसोधन (पास्चराइजेसन) गरी बेचबिखन गर्ने गर्ने नीति अवलम्वन गरिनेछ।
- मासु पसल तथा डेरी/दुग्ध संकलन केन्द्रको नियमित बजार अनुगमन गरी गुणस्तर सुधार गरिनेछ।

- गाई, भैंसी तथा बाख्रापालक कृषकलाई हुन सक्ने क्षति न्यूनीकरण गर्न पशु वीमा कार्यक्रम विस्तार गरिनेछ।
- पोषणयुक्त घाँस उत्पादनका लागि डालेघाँस/भुइघाँसको विउ वितरण कार्यलाई निरन्तरता दिँदै व्यवसायिक साइलेज, हे जस्ता घाँसजन्य पशु आहारा उत्पादनलाई प्रोत्साहन गरिनेछ।
- साना, एकल महिला तथा निर्वाहमुखी पशुपालक किसानलाई सुधारिएको गोठ, आधुनिक खोर निर्माणमा अनुदान दिने व्यवस्था गरिनेछ।
- पशुपन्छी शाखाबाट पहिले प्रदान गरिएका अनुदानको प्रभावकारितालाई अध्ययन गरी सही मूल्याङ्कनको आधारमा अनुदान कार्यक्रमलाई संचालन गर्दा सूचिकृत भएका कृषकहरूलाई प्राथमिकता दिइनेछ।
- पशुमा देखा परेका संक्रामक रोगहरू नियन्त्रणका लागि आवश्यक अभियान संचालन गरिनेछ।
- पशु र मानवबीच सर्ने जुनोटिक रोग (जस्तै रेबिज, धनुष्टंकार, क्षयरोग, सिस्टिसर्कोसिस, ब्रुसेलोसिस इत्यादि) को स्क्रिनिंग, परीक्षण तथा नियन्त्रण र रोकथामको लागि आवश्यक कार्यक्रमहरू संचालन गरिनेछ

**नगरसभाका उपाध्यक्ष एवम् नगरसभा सदस्यज्यूहरू,**

**शिक्षा, यूवा तथा खेलकुद सम्बन्धी नीति**

- अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षा सुनिश्चित गर्न विद्यालय बाहिर रहेका बालबालिकाहरुलाई विद्यालयमा भर्ना गराउने कार्यक्रमलाई प्रभावकारी बनाईनेछ।
- **"शिक्षामा सुधार प्रगतिको आधार"** भन्ने नारालाई चरितार्थ गर्दै शिक्षामा समय सापेक्ष लगानी बढाउदै लगिनेछ।
- स्थानीय सरकार, समुदाय र विकासका साझेदारहरुसँगको सहकार्यबाट शिक्षाको गुणस्तर अभिवृद्धि गरिनेछ
- बाल विकाससँग सम्बन्धित सिकाइ सामग्रीको स्तर तथा सान्दर्भिकता सुनिश्चित गरी त्यसलाई बालबालिकाको स्तर अनुरुप बनाइनेछ।
- विद्यालयको अवस्था, शिक्षक दरबन्दी संख्या र साविकमा शिक्षक दरवन्दी नपाएका विद्यालयलाई निश्चित मापदण्डको आधारमा नगरपालिकाको श्रोतबाट शिक्षकको व्यवस्थापन गरिएकोमा त्यसलाई निरन्तरता दिइने छ र आवश्यक्ताका आधारमा क्रमश शिक्षक थप गरिनेछ।
- गुणस्तरीय शिक्षा प्रदान गर्न योग्य शिक्षक भित्राउन नगर अनुदानमा नियुक्त शिक्षकको समय सापेक्ष रुपमा सेवा सुविधा थप गरिनेछ
- नगर शिक्षा समितिलाई क्रियाशील बनाइ शैक्षिक कार्यक्रम कार्यान्वयन र अनुगमन गर्न जिम्मेवार बनाईनेछ।
- शिक्षकहरुको पेशागत विकासको लागि माग तथा आवश्यकताको आधारमा छोटा अवधिका क्षमता विकास तालिम सञ्चालन गरिनेछ।
- उत्कृष्ट विद्यालय, शिक्षक तथा कर्मचारी र विद्यार्थीलाई प्रोत्साहन तथा सम्मान गरिनेछ।
- विद्यालयको भौतिक पूर्वाधारको विकासमा सुधार तथा अपांगमैत्री, छात्रामैत्री र सिकाइमैत्री बनाइनेछ।
- विद्यालयको व्यवस्थापन सुधार गर्न विव्यस र शिक्षक अभिभावक संघलाई जिम्मेवार बनाइनेछ।
- विद्यालयको व्यवस्थापन सुधार तथा शैक्षिक उपलब्धी अभिवृद्धिका लागि प्रधानाध्यापकहरुसँग कार्यसम्पादन करारको व्यवस्था लागु गरिनेछ।

- कक्षा १२ सम्म नि:शुल्क पाठ्यपुस्तक वितरण कार्यक्रमलाई सहजीकरण गरिनेछ।
- दलित, छात्रा, गरिब तथा जेहेन्दार विद्यार्थीहरुको लागि आवश्यकताका आधारमा छात्रवृत्ति तथा तोकिएको समूहलाई दिवा खाजा कार्यक्रमको व्यवस्था गरिनेछ।
- उच्च शिक्षामा छात्रा त्यसमा पनि बुहारीहरुको संलग्नता बढाउन प्रोत्साहन गरिनेछ।
- माध्यमिक तहसम्म पुस्तकालय, विज्ञान प्रयोगशाला र कम्प्युटर प्रयोगशालालाई समय सापेक्ष सुधार गरी प्रभावकारी विद्यार्थीको सिकाइका लागि प्रयोगमा ल्याइनेछ।
- मच्छिन्द्र मा.वि.मा सञ्चालनमा रहेको आवासीय विद्यालय कार्यक्रमलाई निरन्तरता दिइ आवश्यकताको आधारमा अन्य विद्यालयमा समेत सञ्चालन गरिनेछ।
- शिक्षकहरुलाई आफ्नो पेसाप्रति उत्प्रेरणा जगाउनको लागि क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ। साथै शिक्षकलाई प्रविधिमैत्री बनाउन जोड दिइनेछ।
- नगर भित्रका शैक्षिक गतिविधिलाई समेटी शैक्षिक बुलेटिन प्रकाशन गरिनेछ
- सबै सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरुको व्यक्तिगत अभिलेख व्यवस्थित गरिनेछ।
- विद्यालयको सुन्दरता बढाउन विद्यालय हाताभित्र फुलबारी तथा करेसावारी निर्माण गर्ने कार्यलाई प्रोत्साहित गरिनेछ। यस कार्यका लागि धुनिवेशी कृषि शाखा तथा अन्य सघ सस्थासँग समन्वय गरिनेछ।
- नगरभित्रका सामुदायिक माध्यमिक विद्यालयहरुमा **एक विद्यालय एक नर्स**कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- **"हाम्रो विद्यालय बालमैत्री विद्यालय"**बनाउनको लागि विद्यालयमा बाल उद्यान निर्माण कार्यलाई निरन्तरता दिइनेछ।
- **"धुनिवेशीको चाहना समृद्ध नगरको भावनालाई"**पूरा गर्न दक्ष जनशक्ति उत्पादनमा टेवा पुर्याउन प्राविधिक शिक्षालाई जोड दिइनेछ।
- **"शुद्ध पानी स्वस्थ बालबालिका"**भन्ने नारालाई आत्मसात गर्दै प्रत्येक विद्यालयमा शुद्ध खानेपानी कार्यक्रमलाई निरन्तरता दिईनेछ।
- **"हाम्रो विद्यालय पोषणमैत्री विद्यालय"**बनाउनको लागि विद्यालयमा दिवा खाजा कार्यक्रममा स्थानीय खाद्यवस्तुहरुलाई प्राथमिकता दिइनेछ।
- **"हाम्रो विद्यालय राम्रो विद्यालय"**बनाउन विद्यालयमा सरसफाइ र हरियालीलाई जोड दिईनेछ।
- विपन्न तथा असहाय विद्यार्थीहरुको लागी सहयोग कार्यक्रम सञ्चालन गरिनेछ
- समाजमा विद्यमान गरिबी, अशिक्षा, छुवाछुत, भेदभाव, लैङ्गिक हिंसा तथा अमानवीय कार्यको अन्त्यका लागि युवाहरुलाई परिचालन गरिनेछ।
- युवामा नैतिकता, चारित्रिक गुण एवम् अनुशासनको विकास गरी समाज प्रति दायित्व बोध गराइनेछ।
- खेल क्षेत्रको विकास र विस्तारको लागि नगरस्तरीय खेलकुद विकास कार्यक्रम मार्फत् विभिन्न खेलकुद प्रतियोगिताहरुको आयोजना गरिनेछ।
- नगरपालिका स्तरमा मेयर कप खेलकुद प्रतियोगिता सञ्चालन गरिनेछ।
- राष्ट्रपति रनिङसिल्ड खेलकुद प्रतियोगितालाई निरन्तरता दिइनेछ।

- **"स्वास्थको लागि खेलकुद राष्ट्रको लागि खेलकुद"**भन्ने नारालाई आत्मसात गर्दै खेलाडी सम्मान कार्यक्रमलाई अगाडी बढाइनेछ ।
- नगरपालिका भित्रका विद्यालयहरुमा खेलकुद तथा सिकाइ उपलब्धी वृद्धि गर्न प्रति विद्यार्थी संख्याको आधारमा अनुदान प्रदान गरिनेछ।
- एउटा बालविकास केन्द्रमा ३० जना भन्दा बढी बालबालिका भएमा बाल विकास शिक्षक थप गरिनेछ ।
- मेयरसँग शिक्षक, विद्यार्थी कार्यक्रम सञ्चालन गरिनेछ ।
- विद्यालय जाने उमेर समूहका कुनै पनि बालबालिका विद्यालय बाहिर नरहेको सुनिश्चितता गरिनेछ ।
- विद्यालय बाहिर रहेका अपाङ्गगता भएका बालबालिकाहरुलाई विद्यालयमा ल्याउनको लागि प्रयास गरिनेछ
- शिक्षालाई जीवनसँग जोड्न कक्षा ८ देखि विद्यार्थीहरुको वृत्ती मार्गनिर्देशन कार्यक्रम सञ्चालन गरिनेछ ।
- अस्थायी प्रकृतिका शिक्षक तथा विद्यालय कर्मचारीको पदपूर्ति कार्यलाई प्रभावकारी बनाउन नगरपालिकाबाट छनोट प्रक्रिया सञ्चालन गरिनेछ ।
- कुनै शिक्षक लामो समय बिदामा बस्नुपरे सट्टा शिक्षकको व्यवस्था गरिनेछ
- विद्यालय बस सञ्चालनमा सहजीकरण गरिनेछ ।
- राज्यकोषबाट सुविधा उपभोग गर्ने नागरिकका सन्तानलाई नजिकको सामुदायिक विद्यालयमा अध्ययन गराउन जोड दिइनेछ ।
- नीजि क्षेत्रको साझेदारीमा धुनिवेशी खेलमैदान र धुनिवेशी पार्क संचालन एवं व्यवस्थापन गर्न प्रोत्साहन गरिनेछ

**राजश्व सम्बन्धी नीतिहरू**

- आगामी आ.व. २०८२/०८३ लाई राजश्व संकलनको दायरा अभिवृद्धि गरि कर असुली अभियान वर्षको रुपमा संचालन गरिनेछ ।
- बहाल कर अनिवार्य तिर्न प्रोत्साहित गर्दै एकिकृत सम्पतिकर, नक्सापास, बैंङ्किङ जस्ता सेवासँग आवद्ध गरिनेछ
- उद्योगी व्यवसायीहरूलाई प्रोत्साहन गर्नको लागि तोकिएको समयमा तोकिएको कर दाखिला गरेमा तोकिएको दरमा कर छुट दिने व्यवस्थालाई निरन्तरता दिईनेछ ।
- उद्योग व्यवसायहरूको पुँजी लगानीको आधारमा व्यवसाय कर निर्धारण गरिदै आएकोमा त्यसलाई निरन्तरता दिईनेछ ।
- नगरपालिकामा संचालनमा रहेका तर दर्ता नभएका साना, ठुला उद्योग व्यवसायहरूलाई नियमानुसार दर्ता प्रक्रियामा ल्याईनेछ ।
- करको दायरामा आएका तर व्यवसाय दर्ता प्रमाणपत्र नलिएका व्यवसायीहरूलाई दर्ता प्रमाणपत्र प्रदान गर्ने कार्यलाई प्राथमिकता दिईनेछ ।
- राजश्व प्रशासन सुधारको लागि आवश्यक कानुनको निर्माण गरी राजस्व सुधार-कार्ययोजनालाई कार्यान्वयनमा ल्याईनेछ ।
- राजश्व संकलन कार्यलाई थप प्रभावकारी बनाउन घुम्ती टोली गठन गरी सबै वडामा परिचालन गरिनेछ ।

- राजश्व संकलन कार्यमा संलग्न नगर कार्यपालिकाको कार्यालय र वडा कार्यालयहरूमा कार्यरत कर्मचारीलाई आवश्यक तालिमको व्यवस्था मिलाईनेछ।
- उद्योग वाणिज्य संघको सहकार्यमा करदाता शिक्षा कार्यक्रम संचालन गरिनेछ।
- सबै प्रकारका व्यवसायहरूलाई करको दायरा ल्याईनेछ।
- राजश्वसँग सम्बन्धित तथ्याङ्क प्रणालीलाई व्यवस्थित गरिनेछ।
- करको दायरा विस्तार गरी करदाताको विवरण अध्यावधिक गरिनेछ।

**महिला वालवालिका तथा जेष्ठ नागरिक सम्बन्धी नीतिः-**

- विपन्न, दलित, आदिबासी, सिमान्तकृत तथा लोपोन्मुख समुदाय , अपाङ्गता तथा अशक्त भएका समुदायहरूका लागि बिशेष संरक्षणका कार्यक्रमहरू संचालन गरिनेछ।
- महिला बिरुद्ध हुने सबै किसिमका भेदभाव, कुरीति, हिंसा अन्त्य गर्न, महिला जागरण तथा बित्तिय साक्षरता, कानूनी साक्षरता, सशक्तिकरणका कार्यक्रम वडा तहबाट समेत संचालन गरिनेछ।
- महिलाहरूका लागि सीप तथा क्षमता अभिबृद्धिका तालिम संचालन गरिनेछ।
- बिभिन्न रुपले हिंसामा परेका महिलाहरू लागि सुरक्षित आवास घर (सेफ हाउस) मा बस्ने व्यबस्था मिलाइनेछ।
- समाजमा रहेका लैंगिक हिंसा, मानब बेचबिखन तथा ओसार पसार, लागु पदार्थको दुर्व्यसन बिरुद्ध सचेतनामुलक कार्यक्रम संचालन गरिनेछ।
- दलित तथा जनजाति उत्थानको लागि सीप विकास तथा क्षमता अभिवृद्धि कार्यक्रम गरिनेछ। साथै नगरक्षेत्र भित्र सबै खाले छुवाछुत सामाजिक तथा लैंगिक विभेदलाई अन्त्य गर्न आबश्यक कार्यक्रम संचालन गरिनेछ
- बहिष्करणमा परेका, अपहेलीत भएका, बेबारिस अबस्थामा रहेका, आर्थिक तथा समाजिक रुपले कमजोर भएका जेष्ठ नागरिक, पूर्ण अशक्तता , अति अशक्तता भएका व्यत्तिःहरूका लागि बृद्ध बद्धा बिश्राम सेवा केन्द्र संचालनमा ल्याईनेछ।
- बालबिबाह बिरुद्धको अभियान तथा बालसंरचनाहरूको पहिचान गरी संचालनमा ल्याईनेछ।
- बिभिन्न संघ सस्था सँगको समन्वय र सहकार्यमा पिछडिएको क्षेत्र बर्गका महिलाहरूका लागि आयआर्जनका कार्यक्रम गरिनेछ।
- भौतिकपुर्वधार निर्माण गर्दा महिलामैत्री , अपाङ्गतामैत्री , जेष्ठनागरिकमैत्री बनाईनेछ।
- बालबालिकाको प्रतिभा तथा क्षमताको सम्मान गरिनेछ।
- बालमैत्री शासन प्रणालीलाई प्रथमिकता दिईनुको साथै नगरपालिकाले निर्धारण गरेको लक्ष्य भित्र बालमैत्री घोषणको लागि आबश्यक कार्यक्रम अगाडि बढाईनेछ।
- अपांगता भएका व्यक्तिहरूका लागि सचेतनाका कार्यक्रम संचालन गरिनेछ।
- जेष्ठ नागरिकहरूमा रहेको ज्ञान, सिप र अनुभवलाई हस्तान्तरण तथा पुस्तान्तरण गर्ने स्थानका रुपमा विकास गर्ने गरी यसै आ.व. देखी वृद्धाविश्रामस्थल संचालनमा ल्याइनेछ।

- विभिन्न अपांगता भएका संघ/संस्थाहरूको साझेदारीमा सीप तथा क्षमता विकासका कार्यक्रम गरिनेछ।
- बेबारिसे, बाबुआमा बिहिन, बिपन्न तथा अशक्त बालबालिकाको सुरक्षा तथा संरक्षणका कार्यक्रम संचालन गरिनेछ।
- यौनिक तथा लैंगिक अल्पसंख्यक बर्गको पहिचान गर्ने र सो बर्गको हकहितको लागि आबश्यकता अनुसार सचेतनात्मक कार्यक्रम गरिनेछ।
- बालश्रम बिरुद्धको अभियान, बालयौन दुर्व्यबहार बरुद्ध सचेतनात्मक कार्यक्रम संचालन गरिनेछ।
- एकल महिलाको पहिचान तथा संरक्षण गरी सीप मूलक तथा आयआर्जनका कार्यक्रममा जोड दिईनेछ।
- बालसंजाल गठन तथा बालकल्ब व्यबस्थापन लाई प्रभाबकारी बनाईनेछ।

**सामाजिक न्याय, समावेशीकरण, गरिवी निवारण तथा कला संस्कृति सम्बन्धी नीतिः–**

- सिपमुलक एवम् व्यवसायिक तालिम प्रदान गरी यूवाहरूमा सिर्जनात्मक क्षमताको अभिवृद्धि गरी रोजगारी सृजना हुने कार्यक्रम ल्याइनेछ।
- भौगोलिक विकटता भएका क्षेत्रका बासिन्दा, पिछडा वर्ग र दलित समुदायका व्यक्तिहरूलाई आर्थिक रुपले सवल बनाउन "**एक गाउँ, एक उत्पादन**" को अवधारणा अगाडी ल्याइनेछ।
- नगर क्षेत्र भित्र सबै खाले छुवाछुत, सामाजिक तथा लैंगिक विभेदलाई अन्त्य गर्न आवश्यक कार्यक्रम संचालन गरिनेछ।
- नगरस्तरीय सांस्कृतिक केन्द्र स्थापनाको लागि पहल गरिनेछ।
- जनसहभागिताको माध्यमबाट ग्रामीण गरिवी न्यूनीकरण एवम् सामाजिक पूँजी निर्माणमा जोड दिइनेछ।

**सहकारी सम्बन्धी नीतिः–**

- देशको संबैधानिक व्यवस्था तथा तीन तहका सरकारका वीच भएको अधिकारको बाँडफाँडका आधारमा सङ्घीय सहकारी ऐन, २०७४ का आधारमा धुनिवेशी नगरपालिका सहकारी ऐन, २०७४ क्रियाशिल रहेको छ। यसै ऐन अन्गर्तत धुनिवेशी नगरपालिका मात्र कार्य क्षेत्र भएका सहकारीहरूको दर्ता, अभिलेख व्यवस्थापन, नियमन, प्रवर्द्धनका काम नगरपालिकावाट हुँदै आएका छन्। नगर र नगरवासीको आर्थिक तथा सामाजिक विकासका लागि तीन खम्बे अर्थनीतिको सारलाई ग्रहण गर्दै सहकारी क्रियाकलापहरूलाई सोही अनुरुप अगाडि वढाउन नगरपालिकाले उत्प्रेरकको भूमिका निर्वाह गरिरहेको छ।
- सहकारी ऐन, नियमावलीका आधारमा सबै सहकारी संस्थाहरूको नियमित प्रतिवेदन लिने, स्थलगत अनुगमन, वार्षिक साधारण सभा, आवधिक निर्वाचनमा सहजिकरण गर्ने कार्यलाई आगामि वर्षमा थप प्रभावकारी बनाईनेछ।
- सहकारी क्षेत्रलाई अर्थतन्त्रको एक महत्वपूर्ण स्तम्भका रुपमा विकास गरी सबै सामाजिक तथा आर्थिक क्षेत्रमा सहकारिताको भावना विकास गर्ने गरी नेपाल सरकारवाट भर्खरै सार्वजनिक गरिएको नीतिलाई आत्मसात गर्दै आ.व.२०८२।०८३ मा सहकारी क्षेत्रको नियमन, प्रवर्धन र प्रशिक्षणका विशेष कार्यक्रमहरू संचालन गरिनेछन्। यसमा सहकारी संघहरू, सहकारी बैंक समेत सहकार्य गरिनेछ।

- आर्थिक विकासका लागि सहकारी संस्थाहरूको भूमिकालाई नेपालको संविधान तथा नेपाल सरकारले आफ्नो नीति तथा कार्यक्रममा पनि उच्च स्थान दिएको छ। अतः सहकारी तथा सहकारिताको विकासवाट समृद्ध धुनिवेशी निर्माणको महाअभियानमा ठोस टेवा पुग्ने विश्वासका साथ कार्यक्रम, कार्ययोजनाहरू प्रस्ताव गरिएको छ। धुनिवेशी नगरपालिका सहकारी ऐन, २०७४ वमोजिम सहकारीका क्षेत्रमा गर्नै पर्ने कार्यहरूलाई आ.व.२०८२।०८३ को कार्यक्रममा समावेश गरी आवश्यक वजेट समेत विनियोजन गरिएको छ। यसले आम नगरवासी सहकारी सदस्य तथा सहकारीकर्मीहरूको आशा र अपेक्षालाई सम्वोधन गर्ने विश्वास गरिएको छ।
- सहकारी तथा गरिबी निवारण व्यवस्थापन सूचना प्रणाली (COPOMIS) सफ्टवेयरलाई नेपाल सरकारले तय गरेको नीति तथा कार्यक्रम अनुसार सम्वन्धीत विभागसँग समन्वय गरी आगामि ३ महिना सबैलाई अनिवार्य गरिनेछ। आगामि आ.व.२०८२।०८३ मा सहकारी सम्वन्धी आवश्यक नयाँ कानून, नीति निर्माण तथा अद्यावधिक गरी आवश्यक व्यवस्था मिलाईनेछ। धुनिवेशी सहकारी संघ सहित सहकारी अभियानसँग सहकार्य गरी सहकारी संस्थाहरूको तर्फवाट नगरपालिका, नगरवासी तथा आफ्नो समुदाय प्रति रहेको सामाजिक उत्तरदायित्व वहन गर्ने कार्यलाई पारदर्शी, व्यवस्थित तथा प्रभावकारी वनाइने छ। संघ, सहकारी बैंक तथा नगरपालिकाको सहभागितामा संयुक्त कार्यक्रम तथा कोष निर्माण तथा परिचालनका लागि आवश्यक तयारी कार्य गरिनेछ।
- सहकारी ऐनलाई थप स्पष्ट र प्रभावकारी बनाउन, ऐन वमोजिम सहकारी संस्थाहरूको कार्य सम्पादनका आधारमा लगाइने कर, जरिवाना लगायतका प्रावधानलाई पूर्व अनुमानयोग्य बनाई कार्यान्वयनमा ल्याउन आवश्यक प्रशासनिक व्यवस्था मिलाईनेछ। यसले स्थानीय स्तरमा सुशासन कायम गर्न टेवा पुर्‍याउनेछ।

**नगरसभाका उपाध्यक्ष एवम् नगरसभा सदस्यज्यूहरू,**

**पूर्वाधार विकास सम्बन्धी नीतिः-**

**"दिगो पूर्वाधार, समृद्ध नगरको आधार"**

- पूर्वाधार निर्माण गर्दा सार्वजनिक, निजी, सामुहिक लागत साझेदारी तथा बाह्य श्रोत परिचालनमा प्राथमिकता दिइनेछ।
- बस्तीस्तरबाट माग भई आएका, प्रत्यक्ष रोजगारी सिर्जना हुन सक्ने, वातावरणमा कम असर पर्ने, लागत साझेदारीमा संचालन हुन सक्ने, कम लागतमा बढी जनसंख्या लाभान्वित हुनसक्ने, श्रममुलक तथा क्रमागत योजनाहरु कार्यान्वयनमा प्राथमिकता दिईनेछ।
- भवन निर्माण, शहरी तथा वस्ति बिकासको कार्यलाई मापदण्ड अनुरुप व्यवस्थित गरिनेछ। सार्वजनिक तथा सडक क्षेत्राधिकार भित्रको जग्गा अतिक्रमण गर्ने प्रवृतिलाई निरुत्साहित गरिनेछ।
- वस्ती विकास योजना तर्जुमा गर्न आवश्यक पहल गरिनेछ। वस्ती विकास कार्यक्रम संचालन हुने क्षेत्र भित्रका सार्वजनिक, पर्ति जग्गाहरुको लगत कट्टा गरि नगरपालिकाको सम्पतिको रुपमा अभिलेखीकरण गरिनेछ।
- साझेदार संस्थाहरुको सहयोगमा विधुतीकरण, सौर्य उर्जा, वायु उर्जा लगायत वैकल्पिक उर्जाका कार्यक्रमहरु संचालन गरिनेछ यसका लागि बैंक तथा वित्तीय क्षेत्रको लगानी आकर्षित गर्न आवश्यक पहल गरिनेछ।

- निर्माणधिन अवस्थामा रहेका धुनिवेशी पार्क, धुनिवेशी वृद्धविश्रामस्थल, धुनिवेशी खेलमैदान, धुनिवेशी भ्यु टावर, खर्केडाँडा पिकनिक स्पट, प्रशासकीय भवन लगायतका नगर गौरबका योजनाहरुको निर्माण कार्यलाई निरन्तरता दिईनेछ।
- आन्तरिक बसपार्क निर्माण गरि नगरबासीको सुबिधालाई ध्यानमा राखी नगर बस सेवा संचालनमा पहल गरिने छ।
- धुनिवेशी उज्यालो कार्यक्रमलाई प्राथमिकताका साथ निरन्तरता दिईनेछ।

<u>**सडक सम्बन्धी नीतिः-**</u>

- सडकको नयाँ ट्र्याक खोल्ने कार्यलाई निरुत्साहित गर्दै ट्र्याक ओपन भईसकेका सडकको पक्कि संरचना निर्माणमा ७० प्रतिशत र बाँकी ३० प्रतिशत हुने गरी सडक स्तरोन्नति गरिने छ।
- नगरका प्रमुख सडकहरुलाई स्तरोन्नति गरि कालोपत्रे एवं ढलान गर्दै जाने र बाह्रै महिना यातयातका साधनहरु चल्न सक्ने बनाउनको लागि लिक ढलान लगायतका कार्य गरी सडकहरुको स्तरोन्नति, सुधार र मर्मतसम्भार गरिनेछ।
- नगरकेन्द्र देखि वडाकेन्द्र, प्रमुख बजार क्षेत्र तथा कृषि पकेट क्षेत्र जोड्ने गरि सडक संजाल तयार गरी नगर क्षेत्रको चारै तर्फ रिंगरोड निर्माण गर्ने कार्यलाई प्राथमिकता दिईनेछ।
- प्राथमिकता प्राप्त सडक लगायतका मुख्य पूर्वाधार आयोजनाहरुको विस्तृत परियोजना प्रतिवेदन (DPR) निर्माणको कार्य वस्तुगत आवश्यकताको आधारमा आफ्नै श्रोत, साधन परिचालन गरी निर्माण गर्न प्राथमिकता दिइनेछ।
- भौतिक पूर्वाधारहरु निर्माण गर्दा प्राविधिक मापदण्ड र स्पेशिफिकेशन लाई अनिवार्य गरिनेछ।
- सडक यातायात गुरु योजना (MTMP)लाई अध्यावधिक गरिने छ।
- निर्माण सम्पन्न भएका सडकका दायाँ बायाँ किनारामा वृक्षारोपण गरी हरीयाली प्रर्वधन र सडक बत्ती जडानको कार्यलाई अगाडी बढाइनेछ।

<u>**वस्ती विकास तथा नक्सापास सम्बन्धी नीति :-**</u>

- ➢ यस धुनिवेशी नगरपालिका सेटेलाईत सिटी (satellite city) को रुपमा विकास भईरहेकोले आवास क्षेत्रलाई व्यवस्थित गराउन निजि क्षेत्रबाट गरिने जग्गा खण्डिकरण र प्लाटिङ गर्नको लागि मापदण्ड निर्धारण गरि व्यवस्थित गरिनेछ।
- ➢ एकिकृत शहरी वस्ती विकास योजना संचालनको लागि निजि क्षेत्रलाई प्रोत्साहन गरिनेछ।
- ➢ धुनिवेशी नगरपालिका वडा नं.५ स्थित ठूलोवेशी, डुँडाचौर, लामिछानेटार, ओल्लो धोविखोला लगाएत डाँडाडी, कोलाचौर, जीवनपुर कालोपत्रे सडकको दायाँ बायाँको क्षेत्रमा नमुना शहरी वस्ती विकासका लागी नगर विकास कोष मार्फत DPR तयार गराई नमुना शहरी बस्ती विकास कार्यलाई अगाडी बढाईनेछ।
- ➢ निजि क्षेत्रले एकिकृत शहरी वस्ती विकास योजना संचालन गर्दा न्युनतम सेवा शुल्क लागाई सहजीकरण गरिनेछ।
- ➢ भवन अभिलेखिकरणलाई निरन्तरता गर्दै भवन निर्माण आचार संहितालाई कडाइका साथ कार्यान्वयन गरि

निर्माण भएको घर, टहरालाई नियमन गरि नक्सापासको दायरामा ल्याईनेछ ।नक्सापास गरेर मात्र सेवाग्राहीलाई बिद्युत, खानेपानी लगायत सेवा उपलब्ध हुने व्यवस्था कार्यान्वयनका लागी नक्सा पास अनिवार्य गरिनेछ ।

➢ नगरपालिका क्षेत्रभित्र रहेका सरकारी कार्यालयहरुको भवन तथा संरचना निर्माण गर्दा नक्सापास गर्नुपर्ने व्यवस्था गरिनुका साथै पुराना सरकारी संरचनाहरुको अभिलेख राखी राजश्वको दायरामा ल्याइने छ ।

**खानेपानी तथा सरसफाई सम्बन्धी नीतिः-**

- खानेपानीको मुल एवं श्रोत उपलब्ध हुन नसकेका क्षेत्रमा लिफ्ट/डिपबोरिंग जस्ता प्रविधिको उपयोग गरि सर्वसुलभ रुपमा स्वच्छ खानेपानी उपलब्ध गराउने कार्यलाई निरन्तरता दिईनेछ । क्रमागत खानेपानी योजनाहरु समयमै सम्पन्न गर्न जोड दिईनेछ ।
- निर्माण कार्य सम्पन्न भएका खानेपानी आयोजनाहरुको मर्मत सम्भार, संरक्षण र रेखदेख गर्ने कार्य सम्बन्धित उपभोक्ता समिति मार्फत नै हुने गरि आयोजना हस्तान्तरण गरिनेछ ।
- परम्परागत पानी पोखरी, ढुंगेधारा र मूल संरक्षण गर्ने कार्यक्रमहरु संचालन गरि भौगोलिक र प्राकृतिक स्वरुपको समेत संरक्षण गरिनेछ ।
- सडक क्षेत्र र सार्वजनिक स्थलमा फोहरमैला बिसर्जन गर्ने तथा छतको पानी सडकमा खसाल्ने र सार्वजनिक खोलामा ढल मिसाउने कार्यलाई निरुत्साहित गरिनेछ ।
- **"हरेक विहान, सफा मेरो आँगन"** भन्ने नाराका साथ टोल सुधार समितिहरुसंग सहकार्य गरि बजार सरसफाई कार्यलाई अभियानको रुपमा संचालन गरिनेछ ।
- प्रमुख बजार क्षेत्रहरुमा ढल निकासको उचित व्यवस्थापन गर्न अन्य निकायको समेत साझेदारी र समन्वयमा कार्यक्रमहरु संचालनको लागि पहल गरिनेछ ।
- घर, पसलहरूबाट निस्कने फोहोरमैलाको वर्गिकरण गरी उचित व्यवस्थापन गर्न जनचेतनामूलक सूचनाहरु, होर्डिंगबोर्ड एवं टोलटोलमा डष्टविनको व्यवस्था गरिनेछ ।
- नगरपालिकाबाट निर्माण भएका डिप वोरिङहरुको पानीको उपलब्धता तथा दिगोपनको अध्ययन गरिनेछ ।
- डिपवोरिङ र लिफ्टिङ खानेपानी योजनाको विद्युत महशुल यस आ.व.देखी नगरपालिकाबाट भुक्तानी हुने व्यवस्था मिलाईनेछ ।

**युवा लक्षित नीतिः-**

- युवाहरुको प्रतिभा पहिचान गर्दै प्रतिभावान जनशक्ती उत्पादन गर्ने लक्ष्यका साथ "**युवा प्रतिभा प्रवर्धन**"कार्यक्रम संचालन गरिनेछ ।
- **"स्वावलम्बन अभियान, श्रमको सम्मान"** अभियान संचालन गरि युवाहरु लाई रोजगारका अवसर प्रदान गरिनेछ ।
- "युवा तथा शैक्षिक बेरोजगार लाई प्राथमिकतामा राखी रोजगार मुलक कार्यमा संलग्न स्थानीय युवा उद्यमीलाई प्रोत्साहित गरिनेछ ।
- धुनिवेशी नगरपालिका क्षेत्र भित्रका यूवा/यूवतीहरूलाइ व्यवसायिक उद्यमी बनाउने गरी **नगर प्रमुख**

**उद्यम विकास कार्यक्रम** संचालन गरिने छ ।

- सार्वजनिक तथा सरकारी क्षेत्रमा रोजगार प्राप्तीका लागि आकर्षित हुने यूवा विद्यार्थी वर्गलाइ लक्षित गरी लोक सेवा तयारी तथा अन्य उत्प्रेरक कक्षाहरू संचालन गरिनेछ ।
- प्रतिभा पलायन (Brain drain) रोक्नको लागि पहल गरिनेछ ।
- प्राविधिक (कृषि/पशु) विषयमा उच्च शिक्षा हाँसिल गर्न चाहने युवाहरूलाइ प्रेत्साहित गरिनेछ ।

**<u>सिचाई सम्बन्धी नीतिः-</u>**

- नगरपालिका क्षेत्र भित्रका सिंचाई प्रणाली व्यवस्थित गर्न बिशेष पहल गरिनेछ ।
- नगरपालिका क्षेत्र भित्रका सबै कृषियोग्य भुमिमा सिंचाई सुविधा उपलब्ध हुने गरी सिंचाइ सम्बन्धी गुरू योजना तयार गर्ने र भएका सिंचाइ पुर्वाधारहरूको स्तरोन्नती गरिनेछ, सो कार्यका लागि लगत राख्ने कार्य अघि बढाइनेछ ।
- नदी, खोला, बाढी एवंम जल उत्पन्न प्रकोप नियन्त्रणका लागि स्थानीयको लागत तथा श्रम सहभागितामा नियन्त्रण कार्य अगाडी बढाइनेछ ।

**<u>योजना तथा अनुगमन सम्बन्धी नीतिः-</u>**

- योजनाबद्ध विकासको लागि नगरपालिकाले तर्जुमा गरेको आवधिक नगर विकास योजनालाई कार्यान्वयनमा ल्याईनेछ ।
- आयोजनाको कार्यान्वयन, भुक्तानी प्रकृया र आयोजनाको भौतिक पुर्वाधार निर्माणको गुणस्तर दिगोपनाका लागि उपभोक्ता समितिका पदाधिकारीहरुको क्षमता अभिवृद्धि गरिनेछ ।
- नगरभित्र कार्यान्वयन हुने योजना तथा कार्यक्रमहरु प्रभावकारी एवम् व्यवस्थित रुपमा संचालन गर्न नतिजामुलक अनुगमन (Result Based Monitoring) प्रणालीको अबलम्बन गरि एकिकृत रुपमा अनुगमन गरिनेछ ।
- वडाबाट छनोट भई आएका योजना तथा कार्यक्रमहरुलाई बजेटमा प्राथमिकता दिईनेछ ।
- उपभोक्ता समिति, ठेक्का प्रक्रिया, सिलबन्दी दरभाउ पत्र लगायत जुनसुकै माध्यमबाट कार्यान्वयन गरिने योजनाहरुको अनुगमन अनिवार्य गरिनेछ ।
- आर्थिक वर्षको अन्त्यमा योजनाहरुको सम्झौता हुने परिपाटीको अन्त्यका लागि उपभोक्ता समिति मार्फत कार्यान्वयन गरिने योजनाहरु प्रथम चौमासिक अवधिभित्र सम्झौता गरी कार्यान्वयन प्रक्रिया अगाडि बढाउन आवश्यक पहल गरिनेछ ।
- ठेक्का प्रक्रिया मार्फत कार्यान्वयन गरिने योजनाहरुको प्राथमिकता र प्रकृति हेरि आ.व.को शुरु महिनादेखि नै ठेक्का खोल्ने व्यवस्था मिलाईनेछ ।
- ×धुनिवेशी नगरपालिका समृद्धिको आधार शिक्षा, स्वास्थ्य, पर्यटन र व्यापार सहितको पूर्वाधारू भन्ने दिर्घकालिन सोचलाई साकार पार्न योजना कार्यक्रमहरुलाई यसै सोच सँग आवद्ध गरिनेछ ।
- जेष्ठ मसान्त भित्र योजना सम्पन्न गरि असारमा नगर सभा र प्रगती समिक्षाको कार्य मात्र गर्ने गरि कार्यक्रम अगाडी बढाईनेछ ।
- तीनवटै चौमासिक अवधिको कार्ययोजना बनाई सोहि अनुसार योजना कार्यक्रम अगाडी बढाईनेछ ।

**सूचना तथा सञ्चार नीतिः–**

- नगर क्षेत्रका सञ्चार माध्यम र सञ्चारकर्मीको साझेदारीमा रेडियो/टेलिभिजन कार्यक्रम सञ्चालन गरिनेछ।
- सूचना प्रविधि क्षेत्रको विकासका लागि संलग्न व्यक्ति, संस्थाहरू, शिक्षण संस्थाहरूलाई प्रोत्साहित गर्दै लगिनेछ।
- सूचना प्रविधिको प्रयोगमा सूचना सुरक्षा एवम् तथ्याङ्कको गोपनियतालाई सुदृढ गरिनेछ।
- शैक्षिक संस्थाहरूमा सूचना प्रविधि सम्बन्धी संरचना स्थापनाको लागि सहज वातावरण सृजना गरिनेछ।

**उद्योग सम्बन्धी नीतिः–**

- नगरवासीहरूका लागि स-साना उद्यम संचालन गरी दैनिक आयआर्जनमा सहयोग पुग्ने गरी गैह्रसरकारी संस्थाहरूको सहकार्यमा लघु उद्यम विकासका कार्यक्रमहरू संचालन गरिने छ।
- नगरपालिका क्षेत्र भित्र औद्योगिक ग्राम निर्माण प्रारम्भ भएको छ, यस कार्यलाई निरन्तरता दिई संचालनका लागी सहजीकरण गरिने छ।
- नगर क्षेत्र भित्र संचालित विभिन्न उद्योग कलकारखानाहरूलाई वातावरण मैत्री बनाउन जोड दिईनेछ।
- नगरपालिका क्षेत्र भित्र रहेका इट्टा उद्योगहरूलाई व्यवस्थित गरि संचालन गर्नमा सहजिकरण गरिनेछ।
- नगरपालिका क्षेत्र भित्र रहेका विभिन्न उद्योग व्यवसाय तथा होटल व्यवसायमा बालश्रम मुक्त नगरपालिका बनाउन पहल गरिनेछ।
- नगरपालिका क्षेत्र भित्र संचालित उद्योग धन्दाहरूलाई प्रोत्साहन गरि स्थानिय स्तरमा रोजगारी श्रृजना गर्नमा जोड दिईने छ।
- नगर क्षेत्र भित्र संचालित विभिन्न होटल व्यवसायको अभिलेख राखी व्यवसायको सुरक्षाको प्रत्याभुती दिईनेछ।
- नगर क्षेत्र भित्र संचालनमा रहेका उद्योगी व्यवसायीहरूमा आपसी समन्वय कायम गरि विकास निर्माणका काममा निजि क्षेत्रलाई उत्साहित गराउने तर्फ पहल गरिनेछ।
- घरेलु तथा साना उद्योगलाई विशेष प्रथमिकता दिने नीति अनुरुप त्यस्ता उद्योगको प्रर्वधन गर्न उद्यमी व्यवसायीलाई मागका आधारमा नयाँ ज्ञान सिप र प्रविधिमा आधारित तालिम कार्यक्रमहरू संचालन गरिने छ।

**पर्यटन, वन तथा वातावरण संरक्षण सम्बन्धी नीतिः–**

- स्वच्छ, सफा र हराभरा नगर निर्माणका लागि "**एक घर पाँच फूल, दुई फलफूल रोपण कार्य**" लाई अभियानकै रुपमा अगाडी बढाइनेछ।
- पर्यटकीय गन्तव्य स्थलहरूको व्यापक रुपमा प्रचार प्रसार, संरक्षण र सम्वर्धन गरिनेछ।
- वातावरण संरक्षणका लागि सार्वजनिक पाटी, पौवा, पोखरी तथा चौताराहरूको संरक्षण गरिनेछ।
- नगरपालिका भित्रका प्रमुख धार्मिक तथा पर्यटकीय स्थलहरूको मर्मत सुधार गरी आकर्षक पर्यटकीय

स्थलको रुपमा विकास गरिने छ।

- बाढी पहिरो, भू-क्षयजस्ता प्रकोपबाट उत्पन्न हुन सक्ने समस्या समाधानका लागि विपद् व्यवस्थापन समितिलाई थप प्रभावकारी बनाइने छ।
- सङ्घीय सरकार, प्रदेश सरकारसँगको सहकार्यमा नगर क्षेत्रमा होमस्टे प्रवर्द्धनात्मक कार्यक्रमहरू सञ्चालन गरिनेछ।
- नगरका पर्यटकीय स्थलहरूसम्म पुग्नका लागि पर्यटकीय पदमार्ग निर्माणमा जोड दिइनेछ।
- नगर क्षेत्र भित्र रहेका वन क्षेत्रको संरक्षण र सम्वर्द्धन गरी खुला तथा सार्वजनिक क्षेत्रमा वृक्षारोपण गर्ने र नगर क्षेत्र भित्र पर्ने संघीय तथा प्रादेशिक सडकको दायाँ बायाँ वृक्षारोपण गर्ने कार्यलाई प्राथमिकता दिई हरियाली क्षेत्रको विस्तारमा जोड दिईनेछ।
- पर्यटकीय स्थलहरूको प्रवर्धन तथा प्रचार प्रसार गरी आन्तरीक पर्यटकहरूलाई आकर्षित गराई आयआर्जनमा वृद्धि गरिने छ।
- ''**वन्यजन्तुको गरौं न संरक्षण, पर्या–पर्यटन र होमस्टे चलाई कमाउँला धन**'' भन्ने अभियान चलाईनेछ।

**विपद् व्यवस्थापन, वारुण यन्त्र, एम्वुलेन्स संचालन सम्बन्धी नीतिः–**

- दमकल स्टेशनको व्यवस्था र निर्माण गरिनेछ।
- दमकल सेवा चुस्त र स्रोत साधन सम्पन्न बनाईने छ।
- नगर प्रहरी, दमकल र एम्वुलेन्स सेवालाई एकिकृत गरी आपतकालिन सेवा संचालन केन्द्रका रुपमा विकास गरिनेछ।
- विपद् व्यवस्थापनलाई प्रभावकारी बनाउन विपद् व्यवस्थापन कोषमा आवश्यक रकम व्यवस्था गरिनेछ।
- नगरभित्रका विपद्जन्य जोखिम क्षेत्रको पहिचान, नक्सांकन, पूर्व सूचना प्रणालीको विकास गरी जोखिम न्यूनिकरणका लागि सचेतनामूलक कार्यक्रमहरू संचालन गरिनेछ।
- विपद् व्यवस्थापनका लागि उद्धार तथा आवश्यक राहत सामाग्रीको व्यवस्थापन गरिनेछ।
- वारुण यन्त्र (दमकल) सेवा संचालनलाई २४ सै घण्टा चुस्त र प्रभावकारी बनाईनेछ।

**फोहरमैला व्यवस्थापन सम्बन्धी नीति :**

- फोहोरमैला संकलन, पुनःउपयोग एवम् प्रशोधन, विर्सजन, सेवा शुल्क निर्धारण र नियमन गर्ने कार्यलाई व्यवस्थित एवम् प्रभावकारी बनाउन आवश्यक कानूनको निर्माण गरिनेछ।
- खुल्ला प्रतिष्पर्धा हुने गरी ठेक्का प्रक्रियाको माध्ययमबाट फोहोरमैलाको संकलन तथा व्यवस्थापनको कार्य गरिनेछ।
- फोहोरमैला व्यवस्थापन एवम् बजार सरसफाई कार्यक्रमलाई अभियान कै रुपमा संचालन गरिनेछ
- फोहोरलाई मोहोरमा परिणत गर्न जनचेतनामुलक कार्यक्रम संचालन गरिनेछ।
- सार्वजनिक शौचालय निर्माण एवम् व्यवस्थापनमा ध्यान दिइनेछ।
- '**स्वच्छ सफा हराभरा नगर, धुनिवेशी नगरवासीको रहर**' भन्ने अभियानलाई सार्थक बनाईनेछ।

**वित्तीय अनुशासन तथा जवाफदेहिता सम्बन्धी नीतिः–**

- मासिक रुपमा आय व्ययको विवरण तयार गरी सार्वजनिक गरिने छ।
- वित्तिय जवाफदेहिता, पारदर्शीता र आर्थिक अनुशासन कायम गरी वेरुजु कायम हुन नदिन विशेष सतर्कता अपनाइने छ।
- नगरपालिकाको आर्थिक दायित्व र प्रभाव समेतलाई विचार गरी खर्चको मापदण्ड अद्यावधिक गरिने छ।
- सबै प्रकारका सार्वजनिक खरिदलाई प्रतिष्पर्धी, पारदर्शी, मितव्ययी बनाउनको लागि विद्युतिय खरिद प्रणाली (इ-विडिङ) लाई पूर्ण रुपमा लागू गरिने छ।

**कानून सम्बन्धी नीति**

- न्याय सम्पादनको कार्यलाई सरल, सहज र पहुँचयोग्य बनाइनेछ।
- नगरपालिकाबाट जारी भएका कानूनहरूलाई आवश्यकता अनुसार संशोधन, परिमार्जन तथा एकिकृत गरिनेछ।
- वडा तह सम्म कानूनी परामर्श सेवा एवम् मेलमिलाप केन्द्रको विस्तार गरी कानूनी सेवालाई सर्वसुलभ, सहज र पहुँचयोग्य बनाईनेछ।

**श्रम तथा रोजगार सम्बन्धी नीति**

- राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रमलाई प्रभावकारी रुपमा अगाडी बढाइने छ।
- धुनिवेशी नगरक्षेत्र भित्र सृजना हुन सक्ने रोजगार सम्बन्धी सूचना संकलन, रोजगारदाताको सूची अध्यावधिक, रोजगारी सम्बन्धी सम्भाब्यताको अध्ययन, विश्लेषण, रोजगारको क्षेत्र तथा अवसरहरूको पहिचान गरी सूचना सम्प्रेष्ण गरिनेछ।
- रोजगारमूलक सीप, सहुलियतपूर्ण कर्जा, वित्तिय साक्षरता, उद्यमशीलता, परामर्श सेवा तथा सुविधाहरूको पहिचान गरी एकीकृत अभिलेख राखिनेछ।
- महिला उध्यमशिलता सहजीकरण केन्द्रको स्थापना गर्दै सामुहिक उद्यमशिलताको प्रवर्धन गरिनेछ।
- रोजगार संवाद मञ्च सञ्चालन गरिनेछ। स्थानीय रोजगार रणनीति अध्यावधिक गरी कार्यान्वयन गर्दै लगिनेछ।
- सुरक्षित र सीपयुक्त वैदेशिक रोजगार नीति लागु गर्न सहकार्य र सहजीकरण गरिनुका साथै वैदेशिक रोजगार बोर्डबाट प्रदान गरिने कल्याणकारी सेवाहरूलाई पहुँचयोग्य र प्रभावकारी बनाइने छ।
- स्थानिय स्तरमा रोजगारी सृजना गर्न सरोकारवाला निकाय, उद्योग प्रतिष्ठान, कल कारखाना, कृषि तथा पशुपन्छी फर्म, सहकारी, बैंक तथा वित्तिय सस्था, सरकारी वा गैरसरकारी निकाय मार्फत सिर्जना हुन सक्ने रोजगार सम्बन्धी सूचनाको आङ्कलन गरि रोजगारदाताको सूचि अध्यावधिक गरिने, साथै रोजगारको सम्भाव्यताको विश्लेषण गरी रोजगारको क्षेत्र तथा अवसरहरूको नक्साङ्कन र अभिलेखाङ्कन गरिदै लगिनेछ।
- श्रम सम्बन्धलाई प्राथमिकता दिदै सार्वजनिक पुर्वाधार निर्माण, कृषि, व्यवसायिक उद्योग क्षेत्रमा रोजगारी सृजना गरिनेछ। नगरपालिकामा संचालित संघ, प्रदेश र स्थानिय तहका योजनामा आवश्यक श्रमिक उपलब्ध भए सम्म रोजगार सेवा केन्द्रमा सुचिकृत बेरोजगार व्यक्तिबाट नै लगाईने व्यवस्था गरिनेछ।

- बेरोजगारहरूको ज्ञान, सिप, योग्यता, अनुभव र बजारको मागका आधारमा आवश्यक पर्ने सिप बिकास तालिमको पहिचान गरि सम्बन्धित तालिम केन्द्रमा सिफारिस गरिनेछ।
- वैदेशिक रोजगारीमा जाने व्यक्तिहरूको लागि श्रम स्वीकृत र पुनः श्रम स्वीकृतिको कार्यलाई प्रभावकारी तरिकाले कार्यान्वन गरिनेछ।
- वैदेशिक रोजगारबाट फर्किएका नागरिकलाई उनीहरूले वैदेशिक रोजगारबाट प्राप्त गरेको ज्ञान, सीप,पूँजी र प्रविधिलाई उनीहरूको हित वा राष्ट्रको हितमा प्रयोग गर्ने वा उनीहरूलाई आर्थिक,सामाजिक र पारिवारिक रुपमा पुर्नमिलन वा पुनःस्थापना वा एकिकरण गर्ने कार्यलाई आवश्यक प्रकृयागत रुपमा अगाडि बढाइनेछ।
- वैदेशिक रोजगारीलाइ विप्रेषणको भरपर्दो माध्यमको रुपमा स्थानीय स्तरमा रोजगारी सिर्जना गर्न स्वरोजगार तथा रोजगारमुलक कार्यक्रमहरू सञ्चालनमा जोड दिइनेछ।
- बैदेशिक रोजगारीमा जानेहरू र तिनका परिवार लक्षित गरी बैदेशिक रोजगारीलाई मर्यादित, व्यवस्थित र गुणस्तरिय बनाउन सूचना तथा परामर्श सेवा, दिइनेछ।
- मनोसामाजिक परामर्श सेवा, वित्तीय साक्षारता कक्षा संचालन र रिटर्नी स्वयंसेवक परिचालन तथा बैदेशिक रोजगारीबाट फर्केका आप्रवासी कामदार तथा तिनका परिवारहरूलाई उद्यमशिलता बनाउन प्रोत्साहन गरिनेछ।

**नगरसभाका उपाध्यक्ष एवम् नगरसभा सदस्यज्यूहरू,**

**अन्त्यमा,**

धुनिवेशी नगरपालिकाले अवलम्वन गरेका नीति, अघि सारेका योजना तथा कार्यक्रम कार्यान्वयनमा हामी सबैको सामुहिक प्रतिवद्धता र क्रियाशिलताको अपेयन गैं नीति तथा कार्यक्रम तयार गर्न सहयोग पुऱ्याउनुहुने जनप्रतिनिधि, कर्मचारी तथा सरोकारवाला सबैमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

**धन्यवाद** !

**नगर प्रमुख**
**बालकृष्ण आचार्य**
**१० आषाढ, २०८२**

# धुनिवेशी नगरपालिकाका नगर उप–प्रमुख श्री सुरज उप्रेतीज्यूले १७ औँ नगरसभामा प्रस्तुत गर्नु भएको चालु आ.व.२०८१।०८२ को कार्यप्रगति समीक्षा र अगामी आ.व. २०८२।०८३ को लागी प्रस्तावित योजना, कार्यक्रम तथा बजेट

**आदरणीय नगरसभाका अध्यक्षज्यू तथा नगरसभा सदस्यज्यूहरु !**

१) आर्थिक वर्ष २०८२।०८३ का लागी प्रस्तावित नीति, कार्यक्रम तथा बजेट माथी छलफल गरी पारित गर्नका लागी गरिमामय १७ औँ नगरसभामा उपस्थित नगरसभाका सदस्यज्यूहरुलाई हार्दिक स्वागत गर्दछु ।

२) धुनिवेशी नगरपालिकाको नगर-उप प्रमुख एवं योजना कार्यक्रम तथा बजेट तर्जुमा समितिको संयोजकको हैसियतमा धुनिवेशी नगरपालिकाको लागी आ.ब.२०८२।०८३ को वार्षिक योजना, कार्यक्रम तथा बजेट र चालु आ.व. २०८१।०८२ को जेष्ठ मसान्त सम्मको कार्य प्रगति समिक्षा सम्मानित नगर सभाका सदस्यज्युहरु समक्ष प्रस्तुत गर्न पाउँदा मलाई गर्वको अनुभूती भएको छ ।

३) विगतका सबै कालखण्डमा भएका राजनैतिक आन्दोलन एवं नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधिनता, राष्ट्रिय हित र स्वाभिमान, लोकतन्त्र, लैङ्गिक समानता, सामाजिक न्याय, समावेशीकरण लगायत आर्थिक, सामाजिक, साँस्कृतिक परिवर्तन, विकास एवं रुपान्तरणाका लागि भएका सबै खालका आन्दोलन एवं क्रान्तिमा अतुलनीय योगदान पुर्‍याउनु भएका सम्पूर्ण वीर, पूर्खा एवं योद्धाहरुप्रति उच्च सम्मान व्यक्त गर्दछु । साथै सकारात्मक परिवर्तनको महाअभियानमा संलग्न भई आफ्नो अमुल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात अमर शहीदहरुप्रति उच्च सम्मान व्यक्त गर्दै भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु । आन्दोलनका क्रममा घाइते तथा अपाङ्गता भएका व्यक्तिहरुको शिघ्र स्वास्थ्यलाभको कामना गर्दछु ।

४) देशको संविधानले ब्यवस्था गरेको संघिय गणतन्त्रात्मक शासन प्रणाली अन्तर्गत शान्ति, सु-व्यवस्था, अमन-चयन, सुशासन, विकास एवम् समृद्धिको लक्ष्य प्राप्तिका लागि केन्द्रमा संघिय सरकार, प्रदेश तहमा प्रदेश सरकार र स्थानीय तहमा स्थानीय सरकार गठन भई क्रियाशिल रहने संवैधानिक प्रावधान बमोजिम स्थानीय सरकारमा नगर उप-प्रमुखको हैसियतमा जिम्मेवारी प्रदान गर्नुहुने सार्वभौमसत्ता सम्पन्न धुनिवेशी नगरका आदरणीय नगरवासी आमा, बुबा, दाजु, भाइ, दिदि-बहिनी तथा आम मतदाताहरु प्रति हार्दिक आभार व्यक्त गर्दछु ।

५) संघीय शासन प्रणाली अन्तरगत तिन तहमा क्रियाशिल सरकारहरु मध्ये प्रत्यक्ष रुपमा जनतासँग जोडिने र जनताको समिपमा रहेर जनभावना, जनआकांक्षा र आवश्यकतालाई महशुस गरी विकास र सम्वृद्दिको बाटोमा जनतासँगै हातेमालो गर्दै अगाडी बढ्ने तथा प्रत्यक्ष रुपमा सकारात्मक परिवर्तनको अनुभूती दिलाउने कान्छो सरकार स्थानीय सरकार हो भन्ने यथार्थतालाई आत्मबोध गरी धुनिवेशी नगरपालिकाले हाल सम्म प्राप्त गरेका उपलब्धीको जगमा टेकेर नगरपालिकाले तयार पारेको आवधिक नगर विकास योजना, उक्त योजनाले निर्दिष्ट गरेका लक्ष्य, उद्देश्य एवं दिर्घकालिन सोचलाई मार्गदर्शनका रुपमा लिई सकारात्मक सोचका साथ अगाडी बढ्दा "**समृद्द धुनिवेशी, सुखी नगरवासी**" को अवधारणालाई मूर्त रुपमा दिन सकिन्छ भन्ने विश्वास लिएको छु ।

६) हामीले घोषणा गरेका सार्वजनिक सेवा प्रवाहलाइ चुस्त, प्रभावकारी, पारदर्शी र प्रविधिमैत्री बनाउने, शिक्षा, स्वास्थ्य, खानेपानी, सिंचाइ एवम् सडक तथा पूर्वाधार निमार्णमा लगानी वृद्धि, रोजगारी सिर्जना, गरिवी निवारण, आयआर्जनमा वृद्धि, औद्योगिकीकरण, पर्यटन प्रर्वधन, दिगो तथा गुणस्तरीय रुपमा भौतिक पूर्वाधारको विकास,

आर्थिक विकास, जनसहभागीतामा अभिवृद्धि, विकासमा पछाडी परेका क्षेत्र, वर्ग, समुदाय एवम् महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, एकल महिला, दलित, अल्पसंख्यक, जाति, जनजाति, आदिवासीहरुलाई मुल प्रवाहिकरणमा समाहित गर्ने जस्ता कार्य गदै सबै क्षेत्रमा सकारात्मक परिवर्तन एवम् विकास र विस्तार हुनेगरी उपलब्ध स्रोत एवम् साधनको न्यायोचित ढङ्गले समानुपातिक रुपमा वितरण गर्नका लागी हामी निष्ठावान भएर निरन्तर रुपमा लागिरहनुपर्दछ । नगरको आवश्यकता, नगरवासीको चाहाना र गुनासोहरुलाई सम्बोधन र सुनुवाइ गर्दै अगाडि बढने तथा अनुगमन र निरिक्षण गर्ने कार्यलाइ प्रभावकारी र नियमित गर्ने प्रतिवद्धता व्यक्त गर्दछु । यही प्रतिवद्धता एवं मान्यता अनूरुप चालू आर्थिक वर्षमा फजुल खर्च घटाउने, खर्च कटौती गर्ने, राजश्व संकलनको दायरा विस्तार गर्ने, अनुगमन तथा निरिक्षण गर्ने कार्यलाई चुस्त र प्रभावकारी बनाउने जस्ता कार्यको थालनी गर्दै वजेट तर्जुमा समितिको संयोजकको हैसियतमा चालु आ.व.०८१।०८२ को जेष्ठ मसान्त सम्म भए गरेका कार्य एवम् उपलब्धिको मापन हुनेगरी तयार गरिएको कार्यप्रगति समिक्षा र आगामी आ.व.२०८२।०८३ का लागी प्रस्तावित योजना, कार्यक्रम तथा बजेट सम्मानित नगरसभामा प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

**आदरणीय नगरसभाका अध्यक्षज्यू तथा नगरसभा सदस्यज्यूहरु !**

संघीय सरकार र प्रदेश सरकारले धुनिवेशी नगरपालिकालाई उपलब्ध गराएको अनुदान रकम विगतको भन्दा कमी हुँदै गएको र पालिकाको आफ्नै आन्तरिक आम्दानीमा समेत संकुचन आएकोले प्रयाप्त मात्रामा स्रोत व्यवस्थापन गर्न नसकिएको कारण विषयगत शाखा कार्यालयहरुलाई कार्यक्रम अनुसार बजेट व्यवस्थापन गर्न नसकेको तितो सत्यलाई स्वीकार गर्दै कार्यप्रगतिमा कमी देखिएको व्यहोरा नगरसभाका सदस्यज्यूहरुलाई जानकारी गराउँदै चालु आ.व.को जेष्ठ मसान्त सम्मको क्षेत्रगत कार्यक्रमहरुको कार्य प्रगति समिक्षा प्रस्तुत गर्दछु ।

## १. आर्थिक विकास

### १.१ कृषि विकास

- नगरको फलफुल तथा पुष्प श्रोत केन्द्र संचालनका लागि २ जनालाई दैनिक ज्यालादरीमा खटाईएको र श्रोत केन्द्रमा मौसम अनुसारका फुल तथा फलफुलको बेर्ना उत्पादन गरिदै आएको।
- विषादी सचेतना सम्बन्धी कार्यक्रम अन्तर्गत नगरपालिकाको ३ स्थानमा विषादी सचेतना सम्बन्धि घुम्ती तालिम सञ्चालन गरि बढी खेती हुने स्थानमा सचेतना गराउन ठाँउ ठाँउमा होर्डिङ्ग बोर्ड राख्ने काम गरिएको ।
- गहुँको बीउ वितरणका लागि माग संकलन गरि माग बमोजिम कृषकलाई २ हजार के.जी गहुँको बीउ वितरण गरिएको ।
- गोला सहितको तथा खाली मौरी घार वितरण कार्यक्रम ५० प्रतिशत अनुदान कार्यक्रम अन्तर्गत सूचना प्रकाशन गरी माग संकलन गरी ८३ थान मौरी घार,६३ थान गोला सहित र ९३ थान स्ट्याण्ड वितरण गरिएको ।
- नगरको फलफुल तथा पुष्प श्रोतमा मौसम अनुसारका फुल तथा फलफुलको बेर्ना उत्पादन गरिदै आएको,हालसम्म सयपत्री फुलको करिव ४ हजार 5 सय बेर्ना उत्पादन गरी वितरण गरिएको।साथै जिनिया, भिन्का जातका फुलहरु तयार गरी वितरण गरीएको।

- एभोकाडो २ हजार बेर्ना, रेड रोयल मेवा २ हजार बेर्ना र कागतीको २ केजी बीउबाट बेर्ना उत्पादनका गरि वितरणका लागि तयारी अवस्थामा रहेको।
- बाली विशेष आई.पि.एम. पाठशाला संचालन कार्यक्रम अन्तर्गत धुनिवेशी नगरपालिका वडा नं. ९ मा लहरे बालीको उत्पादनमा ४ महिने पाठशाला सञ्चालन गरिएको।
- मौसम अनुसारका फलफुल बिरुवा वितरण ५० प्रतिशत अनुदान कार्यक्रम अन्तर्गत १ सय ६० बोट ड्रागन फ्रूट, ५ सय वोट हलुवावेद, ३ सय ५० वोट नास्पति र ३ सय वोट ओखर वितरण गरिएको।
- सयपत्री फूल खेती प्रवर्द्धन कार्यक्रम अन्तर्गत कृषकको माग बमोजिम ७०० ग्राम सयपत्री फूलको विउ वितरण गरिएको।
- एक वडा एक उत्पादन कार्यक्रम अन्तर्गत वडा नं. ६ मा सुन्तला खेती प्रर्वद्धन कार्यक्रम संचालन गरिएको।
- तरकारी खेती प्रवर्द्धन कार्यक्रम धुनिवेशी वडा नं. ५ अन्तर्गत छनौट भएका ९ जना कृषकहरुको प्रारम्भिक अनुगमन भई सम्झौता गरि कार्य सञ्चालन र भुक्तानी भईरहेको
- कृषि व्यवसाय प्रवर्द्धन कार्यक्रम धुनिवेशी वडा नं. ७ (कन्ये च्याउ) अन्तर्गत छनौट भएका आवेदकको प्रारम्भिक अनुगमन भई सम्झौता गरि कार्य सञ्चालन भईरहेको।
- कृषि व्यवसाय प्रवर्द्धन कार्यक्रम (व्यसायिक कीट) धुनिवेशी ७ अन्तर्गत छनौट भएका आवेदकको प्रारम्भिक अनुगमन भई सम्झौता गरि अन्तिम भुक्तानी समेत भईसकेको
- हरित विद्यालय कार्यक्रम अन्तर्गत छनौट भएका धु.न.पा-०६ मा रहेको श्री कालीदेवी आ. वि र धु.न.पा-०५ मा रहेको श्री भुवनेश्वरी मा.वि को प्रारम्भिक अनुगमन भई सम्झौता गरि कार्य सञ्चालन भईरहेको।
- रैथाने बाली प्रवर्द्धन कार्यक्रम अन्तर्गत सूचना प्रकाशन तथा माग संकलन गरि माग बमोजिम धुनिवेशीको रैथाने बाली प्रवर्द्धनको लागी २० रोपनि जग्गाको लागी ६० हजार उखुको सेट र ६ सय वटा अम्बाको विरुवा वितरण गरिएको।
- रैथाने बाली प्रशोधनको लागी ५० प्रतिशत अनुदानमा कृषि मेसिनरी र कार्यविधिमा तोकिए बमोजिम होटल, रेष्टुरेन्टहरुमा रैथाने प्रवर्द्धनका लागि २ वटा ओभन वितरण गर्ने गरिएको।

**आदरणीय नगरसभाका अध्यक्षज्यू तथा नगरसभा सदस्यज्यूहरु !**

## १.२ पशुपंक्षी विकास

- आ.व ८१/८२ जेठ मसान्त सम्म ८ सय ४५ गाई , २ सय ८२ भैंसी, ८ हजार ७ सय ९२ बाख्रा, २ सय ६७ बंगुर र १ हजार १ सय ६६ स्थानिय कुखुरा गरी जम्मा ११ हजार ३ सय ५२ वटा पशुपन्छीको औषधि उपचार गरिएको।
- घरपालुवा तथा सामुदायिक ३ सय १५ वटा कुकुरलाई रेबिज रोग विरुद्धको खोप तथा १५ सय ५० वटा ठूला पशुहरुलाई लम्पि स्किन रोग विरुद्धको खोप लगाउने कार्य सम्पन्न गरिएको।
- छाडा कुकुरहरुको संख्या नियन्त्रणको लागि १ सय १५ वटा सामुदायीक तथा छाडा कुकुरहरुलाई बन्ध्याकरण गर्ने कार्य सम्पन्न गरिएको।

- ५ सय ५० के.जी. हिउंदे घाँस (जैं) को विउ वितरण गर्ने कार्य सम्पन्न गरिएको।
- उन्नत पशु उत्पादनको लागि १ हजार ७९ वटा गाई र १ सय १३ वटा भैंसीमा कृत्रिम गर्भाधान गर्ने कार्य सम्पन्न गरिएको ।
- ५४ वटा बोका बन्ध्याकरण तथा ५६ वटा गोबरको नमुना परिक्षण गरि आवश्यकतानुसार औषधि वितरण गरिएको
- नगरपालिकाका ९ वटै वडामा दुई पटक निःशुल्क घुम्ति पशु स्वास्थ्य शिविर संचालन गरि जम्मा ९ सय ४४ घरधुरीका १४ हजार १६ वटा पशुहरुको रोग निदान तथा औषधि उपचार गर्ने कार्य सम्पन्न गरियो ।
- नगरपालिकाका ९ वटै वडामा पालन गरिएको ३४ हजार ७ सय ४५ ओटा बाख्रामा पि.पि.आर रोग विरुद्वको खोप लगाउने कार्य सम्पन्न गरिएको ।
- नगरपालिकाका ९ वटै वडामा पालन गरिएको ४ हजार ३ सय १२ ओटा गाई भैसीमा खोरेत रोग विरुद्वको खोप लगाउने कार्य सम्पन्न गरिएको ।
- ८ सय ओटा बंगुरमा क्लासिकल स्वाइन फिवर रोग विरुद्वको खोप लगाउने कार्य सम्पन्न गरिएको
- गाई भैसीमा लाग्ने लम्पी स्किन रोग विरुद्धको खोप कार्यक्रम संचालनको प्रक्रियामा रहेको र यस कार्यक्रम धुनिवेशी नगरपालिकाको सबै वडाहरुमा संचालन गरिने छ।

### १.३ प्रधानमन्त्री रोजगार

- रोजगार व्यवस्थापन सुचना प्रणाली मा आ.व २०८२/०८३ का लागि १ हजार १ सय ३२ जना सुचिकृत गरिएको छ।
- वैदेशिक रोजगार बोर्डको सचिवालयद्धारा उपलब्ध गराउने सेवाहरु रोजगार सेवा केन्द्र मार्फत दर्ता गरी अनलाइन सिस्टममा प्रविष्ट गर्ने कार्य भईरहेको ।
- धुनिवेशी नगरपालिकाको बालश्रम मुक्त पालिका घोषणा सम्बन्धि कार्यविधि – २०८१ को निर्माण गरिएको तथा कार्यपालिकाबाट समेत पारित भईसकेको।
- पूर्व सिकाईको आधारमा आफुले प्राप्त गरेको सीप प्रमाणीकरणको लागि सीप परीक्षणमा सहजीकरण गरिएको ।
- कार्यस्थलमा आधारित सीप तालिमको टेन्डर भई ५ वटा वडामा गरेर ४० जनालाई ४० दिनको मेसन तालिम र १० दिने जीवनउपयोगी सीप तालिम सम्पन्न भएको ।
- श्रम स्वीकृति तथा पुनः श्रम स्वीकृति कार्य भइरहेको जस अन्तर्गत ४ जनाले श्रम स्वीकृति लिईसकेको।
- वैदेशिक रोजगारलाई सुरक्षित भरपर्दो र मर्यादित बनाई वैदेशिक रोजगार सँग सम्बन्धित समस्याको समाधान गर्न कन्सुलर सेवा पालिका भित्रै सञ्चालन गर्नको लागि कन्सुलर विभागमा पत्राचार गरिएको
- स्थानीय रोजगार रणनीति आ.व २०८०/०८१ मा निर्माण गरी नगर सभाबाट अनुमोदन भएको र यस आ.व २०८१/०८२ मा कार्यान्वयन तथा अद्यावधिकको क्रममा रहेको ।
- वैदेशिक रोजगार वोर्डको सचिवालय मार्फत प्रदान गरिने वैदेशिक रोजगार सन्तति छात्रवृत्ति कार्यक्रम अन्तर्गत ६ जना विद्यार्थीको आवेदन माग सङ्कलन गरि वैदेशिक रोजगार वोर्डको अनलाइन प्रणालिमा प्रवृष्टि गर्ने कार्य सम्पन्न भएको जस अन्तर्गत ६ जना विद्यार्थीले छात्रवृत्ति प्राप्त गरेको।

**आदरणीय नगरसभाका अध्यक्षज्यू तथा नगरसभा सदस्यज्यूहरु !**

## १.४ लद्यु उद्यम विकास

- लद्यु उद्यमीहरुले उत्पादन गरेको बस्तुहरु बिक्रि वितरणका लागि सहजिकरण गरिएको
- वडा नं. ४ मा १४ जना र वडा नं. ७ मा १५ जना गरि जम्मा २९ जनालाई आधारभूत फेसनडिजाइनर सिलाईकटाइ तालिम संचालन गरिएको ।
- वडा नं.९ मा १६ जना र वडा नं. ४ मा १२ जना गरी २८ जना पुराना उद्यमीहरुका लागि एड्भान्स पुनर्ताजकी तालिम संचालन गरिएको ।
- वडा नं.६ मा संचालन भएको ब्यागझोला वनाउने उद्यमीहरु तथा अन्य लद्यु उद्यमीहरुलाई व्यवसाय दर्ता प्रकृया तथा विधान वनाउनका लागि सहजिकरण गरिएको
- व्युटिसियन तालिम लिएका वडा नं. ३ मा रहेको छत्रेपाटी महिला समूहका १३ जना,जुत्ताचप्पल वनाउने तालिम लिएका वडा नं. ८ मा रहेको सुनौलो लद्यु उद्यमी समूहका १६ जना र सरसफाई सामाग्री वनाउने तालिम लिएका वडा नं. ९ मा रहेको लालिगुँरास लद्यु उद्यमी समूहका १५ जना गरि जम्मा ४४ जनालाई परामर्श सेवा प्रदान गरिएको ।

## १.५ सहकारी

- सहकारी संस्थाहरुको बिनियम संशोधनको प्रस्तावलाई स्वीकृति प्रदान गरिएको ।
- गुनासा तथा उजुरीको सुनुवाई गरी समस्या समाधानको पहल गर्ने गरिएको ।
- यस नगरपालिका भित्र कार्यक्षेत्र रहेका सहकारी संस्थाहरुको बार्षिक समिक्षा कार्यक्रम भएको ।
- सहकारी संस्थाहरुको लेखापरीक्षण प्रतिवेदन, नियमित आर्थिक विवरण उपर सल्लाह सुझाव दिने कार्य भएको छ ।
- तालिम तथा सहकारी सम्वन्धी अन्य सचेतनामूलक कार्यक्रममा सहभागी हुने, साथै त्यस्ता कार्यक्रम संचालनका विषयमा संस्थाहरुलाइ परामर्श दिने कार्यहरु भएका छन् ।
- सहकारी संस्थाहरुका लागि नियमक निकायको उपस्थिति रहेको महसुस गराउने प्रयास गरिएको ।
- १८ वटा सहकारी संस्थाहरुको साधारणसभामा भाग लिई १ वटा सहकारी संस्थामा विधिसम्मत साधारणसभा तथा आवधिक निर्वाचनमा सहजिकरण गर्ने कार्य भएको ।
- सम्पत्ती शुद्धिकरणा विभागवाट नियमित भइरहने सोधनीको जवाफ पठाउने कार्यको लागि सहकारी संस्थाहरुमा कार्यान्वयन अधिकारी तोकीएको छ ।
- धुनिवेशी नगरपालिकाको नियमन क्षेत्रभित्रका सहकारी संस्थाहरुको वार्षिक समिक्षा कार्यक्रम मिति २०८१/०८/१३ गते बिहीवार धुनिवेशी नगरपालिकाको सभा हलमा सम्पन्न गरिएको।
- नेपालको संविधानले सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकासमार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने परिकल्पना गरेको सन्दर्भमा सहकारी संस्थाहरुलाई पारदर्शिता, उत्तरदायित्व तथा सुशासनका आधारमा मार्यादित र अनुशासित रूपमा संचालन गरी समुन्नत समाज निर्माण गर्न अभिप्रेरित गर्ने उद्देश्यका साथ "मर्यादित सहकारीः समुन्नत समाज' भन्ने मूल थिमका साथ मिति २०८१ चैत २० गतेका दिन सहकारी दिवश भव्य रुपमा मनाइएको।

**आदरणीय नगरसभाका अध्यक्षज्यू तथा नगरसभा सदस्यज्यूहरु !**

## २. सामाजिक विकास

### २.१ शिक्षा युवा तथा खेलकुद

- सामुदायिक तथा संस्थागत ४२ वटै विद्यालयका प्रधानाध्यापक तथा इमिस सम्बन्धी काम गर्ने शिक्षकहरुको लागि १ दिने इमिस व्यवस्थापन सम्बन्धी क्षमता विकास तालिम संचालन गरिएको।
- नगरपालिका अन्तरगतका ५ वटा सामुदायिक विद्यालयहरु (चण्डेश्वरी आवि, वाराहीदेवी आवि, जनशक्ति आवि, मच्छिन्द्र मावि र महेशधर्म मावि) मा विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघ गठन गरिएको।
- धुनिवेशी नगरपालिकाको समन्वय तथा सहजीकरण र धुलिखेल तालिम केन्द्रको आयोजनामा आधारभूत तहका शिक्षकहरुको लागि एकीकृत पाठ्यक्रम सम्बन्धी ५ दिने क्षमता विकास तालिम सञ्चालन गरिएको।
- नगरपालिका अन्तरगतका ३५ वटा सामुदायिक विद्यालयमा कार्यरत २ सय ११ जना करार शिक्षक तथा कर्मचारीहरुको सम्पति विवरण व्यवस्थापन गरिएको।
- धुनिवेशी नगरपालिकाको स्थानीय पाठ्यक्रम (हाम्रो धुनिवेशी) सन्दर्भ सामग्री निर्माण गरी लागु हुने चरणमा रहेको
- मासिक रुपमा धुनिवेशी नगर भित्रका सामुदायिक विद्यालयका प्रधानाध्यापकहरुको बैठक सम्पन्न गरिएको तथा आवश्यकताको आधारमा संस्थागत विद्यालयका प्रधानाध्यापकहरुको बैठक संचालन गरिएको ।
- सबै सामुदायिक विद्यालयमा बालविकास देखि कक्षा ३ सम्म अध्ययरत बालबालिकाको अपाङ्गताको प्रारम्भिक पहिचान सम्बन्धी विद्यालयका प्रधानाध्यापक तथा सुचना प्रविधि इमिस सम्बन्धी काम गर्ने शिक्षकहरुको लागि १ दिने क्षमता विकास तालिम संचालन गरिएको र सबै विद्यालयमा बालबालिकाको अपाङ्गताको प्रारम्भिक पहिचान गर्ने काम संचालन भईरहेको।
- शैक्षिक सत्र २०८२ को लागि संस्थागत विद्यालय छात्रवृत्ति वितरण गरिएको।
- आधारभूत तह (कक्षा ६-८) र माध्यमिक तह (९-१२) संचालन भएका १७ वटा सामुदायिक विद्यालयहरुमा स्यानिटरी प्याड वितरण गरिएको ।
- धुनिवेशी नगरपालिकाको समन्वय तथा सहजीकरण र शिक्षा विकास तथा समन्वय इकाइ, धादिङको आयोजनामा आधारभूत तह कक्षा ६-८ मा अध्यापनरत विषयगत (अंग्रेजी गणित र विज्ञान विषय) शिक्षकहरुको लागि १ दिने नयाँ पाठ्यक्रम कार्यान्वयनका लागि क्षमता विकास तथा सहजीकरण कार्यशाला संचालन गरिएको।
- जीवनपुर कुलचन्द्र आधारभूत विद्यालयको शौचालय निर्माण कार्य सम्पन्न गरिएको
- ३५ वटै सामुदायिक विद्यालयहरुको लागि प्रति विद्यार्थी लागत अनुदान रकम (नगरपालिका स्रोत) वितरण गरिएको
- नगरपालिका अन्तरगतका सबै सामुदायिक विद्यालयहरुको आ.व.२०८०/०८१ को लेखा परीक्षण सम्पन्न गरिएको

- लायन्स क्लब अफ हिमालयन गल्फर्सबाट सामुदायिक विद्यालयमा अध्ययनरत १ हजार ५ सय २६ जना विद्यार्थीहरुका लागि सिरानी, डसना, म्याट्रेस, ट्रयाकसुट, झोला र एनसेल फाउन्डेसनबाट ४ सय १५ जना बालबालिकालाई ट्रयाकसुट, झोला र स्टेशनरी वितरण कार्यक्रम आयोजना गरी सम्पन्न गरेको ।
- शिक्षा तालिम केन्द्र, धुलिखेलको आयोजनामा आधारभूत तहका १४ जना र माध्यमिक 5 जना प्रधानाध्यापकहरुलाई नेतृत्व क्षमता अभिवृद्धि तालिम प्रदान गरिएको ।
- विभिन्न विद्यालयहरुका लागि शिक्षक तथा कर्मचारी करारमा छनौट गरीएको
- ज्वालामुखी आधारभूत विद्यालयको लागि सुत्केरी सट्टा शिक्षक व्यवस्थापन गरिएको
- त्रिकुटेश्वरी आ.वि. र महेशधर्म मा.वि. मा नगर अनुदान दरबन्दीमा बालविकास सहजकर्ताको व्यवस्थापन गरिएको
- आवश्यकताको आधारमा नगर शिक्षा समितिको बैठक संचालन गरिएको ।
- समय समयमा विद्यालयहरुमा अनुगमन तथा निरीक्षण गरिएको ।
- नगर स्तरीय राष्ट्रपति रनिङसिल्ड प्रतियोगिता सम्पन्न गरिएको ।
- धुनिवेशी नगरपालिकाको शिक्षा क्षेत्रमा आ.व. २०८०/०८१ भए/गरेका क्रियाकलाप तथा शैक्षिक विवरण सहितको वार्षिक शैक्षिक बुलेटिन प्रकाशन गरी वितरण गरिएको।
- प्रसुती विदा, असाधारण विदा र वेतलबी विदामा रहेका शिक्षकहरुको सट्टामा सट्टा शिक्षक नियुक्ति गर्ने, नगर अनुदानका शिक्षकहरुलाई नेपाल सरकारले तोकेको स्केलमा तलब सुविधा प्रदान गर्ने र प्रधानाध्यापकहरुलाई प्रोत्साहन गर्न प्र.अ. भत्ता थप गर्ने निर्णयहरु नगरकार्यपालिका बैठकबाट स्वीकृत गरिएको।
- धुनिवेशी नगरपालिका सामुदायिक विद्यालय शिक्षा पुरस्कार तथा सम्मान निर्देशिका, ०८१,धुनिवेशी नगरपालिका विद्यालय लेखा परीक्षण कार्यविधि, २०८१,धुनिवेशी नगरपालिका विद्यालयहरुको नगर स्तरमा परीक्षा सञ्चालन, व्यवस्थापन तथा प्रमाणिकरण कार्यविधि, २०८१,धुनिवेशी नगरपालिका आवासीय विद्यालय कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ को संशोधन,सामुदायिक विद्यालयमा शिक्षण अनुदान व्यवस्थापन कार्यविधि, २०८१ ,विद्यालयमा हरियाली प्रवर्द्धन कार्यक्रम कार्यविधि, २०८१ लगायतका ऐन तथा कार्यविधिहरु तयार गरिएको ।
- हाल सम्म संघीय ससर्त अनुदान अन्तरगत ७९.१८८ प्रतिशत, प्रदेश अनुदान अन्तरगत ८५ प्रतिशत र स्थानीय तहको ४१ प्रतिशत वित्तीय प्रगति गरि समग्र प्रगति : ६८.४० प्रतिशत रहेको छ ।

## १. स्वास्थ्य

- नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुबाट २४ हजार ८६ जना नयाँ सेवाग्राहीहरुले बहिरंग सेवाबाट उपचारात्मक, औषधि तथा परामर्श सेवा प्राप्त गरेका छन् जस मध्ये ४ हजार ३ सय ५६ जना जेष्ठ नागरिक रहेका छन् ।
- नगर भित्र रहेका नौविसे, जीवनपुर र छत्रेदेउराली स्वास्थ्य चौकीहरुमा सञ्चालित प्रयोगशालावाट १ हजार ३ सय ५६ जनालाई निःशुल्क र १ हजार ८ सय ६९ जनालाई सःशूल्क गरी जम्मा ३ हजार २ सय

२५ जनालाई प्रयोगशाला सेवा प्रदान गरिएको र प्रयोगशाला सेवा वापत रू. २ लाख ९८ हजार ४ सय ५०।– रुपैयाँ राजस्व जम्मा गरिएको।

- तीन वटा स्वास्थ्य चौकीहरुबाट ९ सय १६ जनालाई विहानी ल्याब सेवा प्रदान गरिएको छ।
- नगरभित्र सञ्चालित १२ वटा गाँउघर क्लिनिकवाट २ हजार ४ सय ९२ जनालाई सेवा प्रदान गरिएको छ।
- यस नगर भित्रका २८ जना महिला सामुदायिक स्वास्थ्य स्वंयम् सेविकाहरुले २ सय ८० पटक स्वास्थ्य आमा समुहको बैठक वसालेका छन् भने ९ हजार ५६ जनाले परामर्श सेवा प्राप्त गरेका छन्।
- आमा सुरक्षा कार्यक्रम अन्तर्गत २ सय ९२ जना गर्भवती महिलाहरुले कम्तीमा एक पटक गर्भवती जाँच गराएका र १ सय ७० जना गर्भवती महिलाहरुले प्रोटोकल अनुसार ४ पटक र १ सय २८ जनाले ८ पटक गर्भ जाँच सेवा प्राप्त गरेका छन् भने ८१ जनाले ३ वटा बर्थिङ सेन्टरहरुबाट सुरक्षित प्रसुति सेवा प्राप्त गरेका छन्।
- तीन वटा स्वास्थ्य चौकीमा रहेका बर्थिङ सेन्टरहरुमा ८१ जना संस्थागत सुत्केरी भएका महिलाहरुलाई भित्री कपडा, स्यानिटरी प्याड र वर्थिङ सेन्टरमा वसुन्जेल जाउलोको व्यवस्था गरिएको
- १ सय ६४ जना गर्भवती महिलाहरुलाई १ सय ८० आइरन चक्की र क्याल्सियम चक्की वितरण गरिएको छ।
- १ सय २४ जना सुत्केरी महिलाहरुले भिटामिन ए पाएका छन् भने ९० जना सुत्केरी महिलाहरुले आइरन चक्की पाएका छन्।
- उत्तर प्रसुति घरभेट कार्यक्रम अन्तर्गत १ सय ८८ जना सुत्केरी महिलाहरुलाई प्रोटोकल अनुसार ४ पटक सुत्केरी जाँच सेवा प्रदान गरिएको छ।
- सुरक्षित मातृत्व कार्यक्रम अन्तर्गत ९१ जना महिलाहरुले सुरक्षित गर्भपतन सेवा प्राप्त गरेका छन्
- हाल सम्म ३ सय ४९ जना नयाँ सेवाग्राहीहरु परिवार नियोजन सेवामा आबद्ध भएका छन् भने १ हजार ९ सय ६३ जनाले निरन्तर लामो तथा छोटो अवधीको परिवार नियोजनका साधनहरु प्रयोग गरिरहेका।
- तीन वटा स्वास्थ्य चौकीहरु र वडा नं. ९ को कानाकोटमा रहेको आधारभुत स्वास्थ्य केन्द्रवाट मासिक रुपमा ग्रामिण अल्ट्रासाउण्ड सेवा प्रदान भइरहेको छ, जसमा २ सय ८९ जना नयाँ र २ सय ९२ जना पुनः सेवा प्राप्त गर्ने गर्भवती महिलाहरु रहेका छन्
- सुत्केरी आमासँग उपमेयर कार्यक्रम अन्तर्गत धुनिवेशी नगरपालिकामा बसोबास गर्ने ६५ जना सुत्केरी आमाहरुलाई प्रति सुत्केरी आमा रु २ हजार बराबरको पोषण खाद्य सामाग्रीहरु वितरण गरिएको।
- धुनिवेशी नगरपालिका अन्तर्गत धु.न.पा ७ गुरुदुम आधारभुत विद्यालय, मझुवा, छत्रेदेउराली स्वास्थ्य चौकी, जीवनपुर स्वास्थ्य चौकी र नौबिसे स्वास्थ्य चौकीमा सञ्चालित प्रजनन स्वास्थ्य रुग्णता स्क्रिनिङ कार्यक्रममा ३ सय ७१ जना सेवाग्राहीहरुले सेवा प्राप्त गरेका थिए जस अन्तर्गत भि.आइ. ए पोजिटिभ भएका ७ जनालाई अब्लेटिभ उपचार प्रदान गरिएको थियो भने ७ जना स्तन क्यान्सरका शंकास्पद विरामीहरुलाई प्रेषण गरियो।
- खोप सेवा अन्तर्गत २ बर्ष मुनिका ३ सय ३५ जना बालबालिकाहरुले राष्ट्रिय खोप तालिका अनुसार

१३ थरीका एन्टिजेन खोप प्राप्त गरेका छन् ।

- यस नगर भित्रका २३ महिना मुनिका २ सय ५५ जना नयाँ बालबालिकाहरु बृद्धि अनुगमन कार्यक्रममा आबद्ध भएका छन् साथै १ सय ९८ जना २३ महिना पुरा गरेका बालबालिकाहरुको २ हजार २ सय ६१ पटक वृद्धि अनुगमन भएको छ ।
- राष्ट्रिय भिटामिन ए कार्यक्रम अन्तर्गत कार्तिक महिनामा १ हजार ७ सय २१ जना र बैशाख महिनामा १ हजार ८ सय ७१ जना ६ देखि ५९ महिनासम्मका बालबालिकाहरुले भिटामिन ए पाएका छन् भने कार्तिक महिनामा १ हजार ५ सय ४७ जना र वैशाख महिनामा १ हजार ६ सय ६८ जना १२ देखि ५९ महिनासम्मका बालबालिकाहरुले जुकाको औषधि पाएका छन् ।
- मंसिर महिनामा सञ्चालन गरिएको विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम अन्तर्गत विद्यालयका ४ हजार ८ सय ८३ विद्यार्थीहरुलाई जुकाको औषधी वितरण गरिएको छ भने १ हजार ३ सय ४५ जना किशोरीहरुले १३ हप्तासम्म र १ हजार ७३ जनाले २६ हप्तासम्म आइरन फोलिक एसिड वितरण गरिएको छ ।
- विभिन्न विद्यालयहरुमा १६ पटक र समुदायमा २१ पटक स्वास्थ्य शिक्षा कार्यक्रम सञ्चालन गरिएको छ।
- कडा रोग लागेका ६४ जना विपन्न नागरिकहरु (मुटु रोग १६ जना, मृगौला ८, क्यान्सर ३० जना, हेड इन्जुरी २ जना, स्पाइनल ईन्जुरी ७ जना,) तथा अन्य रोग लागेका १ जना विपन्न नागरिकहरुलाई आर्थिक सहायता प्रदान गरिएको छ ।
- औषधी उपचार खर्च बापत वैशाख मसान्तसम्म ८९ जना (क्यान्सर, मृगौला प्रत्यारोपण, डायलाइसिस तथा स्पाइनल इन्जुरी भइ पक्षघात भएका) विरामीहरुलाईं प्रति महिना रु पाँच हजारका दरले औषधि खर्च प्रदान गरिदै आएको ।
- नौविसे स्वास्थ्य चौकीमा मेडिकल अफिसर व्यवस्थापन गरी चिकित्सकीय सेवा प्रदान भईरहेको ।
- नौबिसे स्वास्थ्य चौकीबाट हप्ताको एक पटक सञ्चालित विशेषज्ञ चिकित्सकिय सेवा अन्तर्गत यस नगर भित्रका १ हजार २ सय ११ जना नागरिकहरुले जनरल फिजिसियन सेवा र ८७ जनाले स्त्री रोग विशेषज्ञ सेवा प्राप्त गरेका छन् ।
- जेष्ठ नागरिक तथा फरक क्षमता भएका नागरिकहरुको लागि घर दैलो स्वास्थ्य परिक्षण कार्यक्रम अन्तर्गत यस नगर भित्रका ३ सय ९९ जना नयाँ र पुनः भेट २ हजार ६ सय २९ जना जेष्ठ नागरिक तथा ८ जना नयाँ र ७० जना पुनः भेट फरक क्षमता भएका नागरिकहरुलाई स्वास्थ्यकर्मीहरु घरदैलोमा नै गई स्वास्थ्य परिक्षण तथा परामर्श सेवा प्रदान गरिएको छ ।
- तिलगंगा सर्जिकल आँखा केन्द्र, धादिङको सहयोगमा नौबिसे स्वास्थ्य चौकी र आधारभुत स्वास्थ्य सेवा केन्द्र ५, अमेलेचौरमा सञ्चालित निःशुल्क आँखा परिक्षण कार्यक्रममा १ सय ९२ जना सेवाग्राहीहरुको निःशुल्क आँखा परिक्षण गरिएको छ जसमा २४ जनामा मोतिविन्दु र मधुमेह/उच्च रक्तचाप भएका ७ जनामा आँखा सम्बन्धि समस्या भएको पत्ता लागेको छ ।
- जनस्वास्थ्य कार्यालय धादिङ र सुनौलो परिवारको आयोजनामा नौबिसे स्वास्थ्य चौकीमा सञ्चालन

गरिएको परिवार नियोजन स्थायी बन्ध्याकरण शिविर कार्यक्रममा २ जना महिला र ९ जना पुरुषले स्थायी बन्ध्याकरण सेवा पाएका छन् ।

- स्वास्थ्य संस्थाको भवन निर्माणमा तत्कालिन नौविसे स्वास्थ्य चौकी रहेको स्थानमा नगर अस्पताल भवन र छत्रेदेउराली स्वास्थ्य चौकी भवन निर्माण सम्पन्न भई सञ्चालनमा ल्याईएको छ।
- नगरपालिकाको स्वमित्वमा रहेका ४ वटा एम्बुलेन्सहरुले (नौविसे स्वास्थ्य चौकी ,जिवनपुर स्वास्थ्य चौकी र छत्रेदेउराली स्वास्थ्य चौकीमा रहि) १ हजार २ सय ६ जनालाई निःशूल्क, ४ सय ७० जनालाई सःशूल्क गरी जम्मा १ हजार ६ सय ७६ जना सेवाग्राही नागरिकहरुलाई एम्बुलेन्स सेवा उपलब्ध भएको छ र राजस्व वापत रु ४ लाख ९१ हजार १ सय ३० रुपैंया जम्मा भएको छ ।
- नौविसे स्वास्थ्य चौकीमा सञ्चालनमा रहेको CR X-Ray सेवा बाट हालसम्म ९ सय ५२ जनालाई एक्स-रे सेवा प्रदान भएको छ जसमा ९६ जना निःशुल्क र ८ सय ५५ जनाले सःशूल्क एक्स-रे सेवा प्राप्त गरेका छन्, जस अनुसार राजस्व जम्मा रु २ लाख १७ हजार ८ सय रुपैंया संकलन भएको छ ।
- धुनिवेशी नगरपालिका अन्तर्गत वडा नं. १, चिलाउनेगाउँ, वडा नं.–२, थापागाउँ र वडा नं. ७ मजुवामा शहरी स्वास्थ्य केन्द्रहरुको स्थापना भइ स्वास्थ्य सेवा प्रदान भइरहेको छ जसबाट हालसम्म ७ सय ५८ जना नयाँ र २ हजार १ सय ५७ जना पुराना सेवाग्राहीहरुले सेवा प्राप्त गरेका छन् ।
- नागरिक आरोग्य सेवा केन्द्रबाट २ हजार १ सय ४६ जनालाई आर्यूवेद स्वास्थ्य सेवा प्रदान भएको छ भने तीन वटा स्वास्थ्य चौकीहरुबाट ९ सय ६७ जना सेवाग्राहीहरुलाई घुम्ती आर्यूवेद स्वास्थ्य सेवा प्रदान भएको छ ।
- यसै नगरपालिका वडा नं. ७ खानिखोला स्थित नौबिसे स्वास्थ्य चौकी रहेको भवनमा धुनिवेशी शहरी आँखा केन्द्रको स्थापना भई २०८२।०१।०७ गते सञ्चालनमा रहेको छ जसमा जम्मा १ सय ५ जना सेवाग्राहीहरुले आँखा उपचार सम्बन्धि सेवा प्राप्त गरेका छन् भने ३४ जनाले चस्मा मर्मत सेवा पाएका छन् र राजस्व संकलन जम्मा रु ६४ हजार १ सय ३६ रुपैंया भएको छ ।
- संघिय सरकार र प्रदेश सरकारसंग समन्वय गरी स्वास्थ्यकर्मीहरुको क्षमता अभिबृद्धी गर्न सघन रुपमा तालिम प्रदान गर्ने कार्य भईरहेको छ ।
- धुनिवेशी नगरपालिकाभित्र रहेका ३ वटा स्वास्थ्य चौकीहरुबाट निःशूल्क डेंगु परिक्षण सेवा प्रदान भइरहेको छ जसमा ३ वटा स्वास्थ्य चौकीहरुमा भएका प्रयोगशालाहरुबाट २ सय ६ जनाको डेगुं रोगको एन्टिजेन परीक्षण गरिएकोमा २९ जनाको परिक्षण नतिजा पोजिटिभ रहेको छ ।
- डेंगु रोकथाम तथा नियन्त्रणका लागि वडागत रुपमा लामखुट्टेको लार्भा खोजौं र नष्ट गरौं अभियान सञ्चालन गरिएको छ ।
- स्तनपान दिवस, आत्मा हत्या रोकथाम दिवस तथा राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका दिवस कार्यक्रम सञ्चालन गरी सुसम्पन्न गरिएको।
- गत आ.वमा सम्पादित स्वास्थ्य कार्यक्रमहरुको बार्षिक समिक्षा कार्यक्रम, क्षयरोग कार्यक्रम, पोषण समिक्षा कार्यक्रमको बार्षिक समिक्षा सम्पन्न गरिएको छ।
- पूर्ण खोप सबै वडा तथा नगरपालिका सुनिश्चितता घोषणा तथा दिगोपना कार्यक्रम सम्पन्न गरिएको

- महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाको अवलोकन भ्रमण कार्यक्रम अन्तर्गत खोटाङ जिल्लाको तुवाचुङ नगरपालिकासम्म भ्रमण गरी अवलोकन तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

**आदरणीय नगरसभाका अध्यक्षज्यू तथा नगरसभा सदस्यज्यूहरु !**

## २.३ महिला बालबालिका तथा जेष्ठ नागरिक

- १६ दिने अन्तराष्ट्रीय लैंगिक हिंसा बिरुद्धको अभियान कार्यक्रम अन्तर्गत सचेतना तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको ।
- ७२ जना पुरुष र ५६ जना महिला गरी जम्मा १२८ जनालाई जेष्ठ नागरिक परिचयपत्र कार्ड बितरण गरिएको।
- ९ पटक अपाङ्ग समन्वय समितिको बैठक बसी अपांगता बर्गिकरण गरी क वर्गको अंपागता कार्ड ३ जनालाई, ख वर्गको १४ जानालाई,ग वर्गको ६ जनालाई र घ वर्गको ४ जानालाई गरी जम्मा २७ जनालाई अपांगता परिचय पत्र वितरण गरिएको ।
- बरिष्ठ अधिबक्ता मार्फत अन्तराष्ट्रिय महिला दिबसको अवसरमा महिलाहरुलाई कानूनी अधिकार सम्बन्धमा नगरस्तरिय प्रशिक्षण तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको।
- धुनिबेशी अपाङ्गता भएका संस्था र नगरपालिकाको समन्वयमा अन्तराष्ट्रिय अपांगता दिबसको अबसरमा अपाङ्गता भएका व्यक्तिहरुबिच नगरस्तरीय १ दिने सचेतना तथा प्रशिक्षण कार्यक्रम सम्पन्न गरिएको ।
- बृद्धबृद्धा बिश्राम स्थल संचालन कार्यबिधि २०८१ निर्माण भएको छ सो कार्यबिधि अनुसार सेवा संचालनको क्रममा रहेको।
- सिप विकास कार्यक्रम अन्तर्गत धुनिबेशी नगरपालिकाको आर्थिक सहयोग र समबृद्धि सेवा केन्द्र संस्थाको प्राबिधिक सहयोगमा वडा नं. ९ का १५ जना सहभागीलाई १५ दिने क्रिस्टलको पोते तथा गहना बनाउने कार्यक्रम सम्पन्न गरिएको।
- लैगिंक समानता तथा सामाजिक समाबेशीकरणको जे सी अडिट कार्यक्रम कार्यन्वयनको क्रममा रहेको छ ।
- बाबु र आमा बिहिन बालबालिकाको स्वास्थ्य , पोषण र शिक्षाको लागि २५ जना सहयोग रकम उपलव्ध गराएको
- अपांगता पुर्नस्थापन केन्द्र संचालन कार्यबिधि अनुसार सि बि आर कार्यक्रमको संस्था छनौट तथा सम्झौता भई कार्यन्वयनको चरणमा रहेको ।

## २.४ सामाजिक सुरक्षा

- सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धी कार्यक्रम अन्तर्गत विभागको एम.आइ.एस प्रणालीमा ९ वटै वडाको लाभग्राहीहरुको नाम, बैक खाता नं. लगायतका व्यक्तिगत विवरण अनुसार सिस्टममा अपडेट गरि बैक खातामा सिधै रकम जम्मा हुने गरि विधुतिय भुक्तानी प्रणाली EFT मार्फत आ.व ०८१।०८२ को प्रथम त्रैमासिकमा कुल लाभग्राही ३ हजार ७ सय १७ जनालाई ३ करोड ७१ लाख ७३ हजार ७ सय ८४ रुपैया निकासा गरि वितरण गरिएको छ।

- दोस्रो त्रैमासिकमा सामाजिक सुरक्षा भत्ता कुल लाभग्राही ३ हजार ७ सय ३९ जनालाई रु ३ करोड ७५ लाख ६४ हजार ६ सय ७७ रुपैया निकासा गरि वितरण गरिएको छ।
- तेस्रो त्रैमासिकमा सामाजिक सुरक्षा भत्ता कुल लाभग्राही ३ हजार ७ सय ७५ जनालाई रु ३ करोड ७९ लाख १४ हजार ८५ रुपैया निकासा गरि वितरण गरिएको छ।
- लाभग्राहीहरुको विवरण नगरपालिकाको वेभसाईट मार्फत सार्वजनिक गरिएको छ।

**२.५ पञ्जिकरण**

- यस नगरपालिका भित्रका ९ वटै वडामा व्यक्तिगत घटना जन्म दर्ता कुल ५२१ त्यस मध्ये महिला २५५, पुरुष २६६, मृत्यु दर्ता महिला संख्या ११०, पुरुष संख्या ११७ गरी जम्मा २२७, विवाह दर्ता २२७ जोडी, बसाईसराई गरि आएको दर्ता संख्या १२, गएको दर्ता संख्या २१ र सम्बन्ध विच्छेद ३० वटा गरि कुल व्यक्तिगत घटना दर्ता संख्या १०३८ रहेको छ ।

**२.६ सुरक्षित आप्रवासन सामी परियोजना**

- धुनिवेशी नगरपालिका वडा नं. ५,६,८ र ९ मा गरी जम्मा २४ जनालाई मनोपरामर्श सेवा प्रदान गरिएको जस मध्ये १४ जनालाई मनोपरामर्श सेवा प्रदान गरि वन्द गरिएको र बाँकी १० जनालाई निरन्तर प्रक्रियामा राखिएको
- वडा नं. ५ मा रहेको भुवनेश्वरी मा.वि. मा ३८ छात्रा र २१ छात्र गरि ५९ जना विद्यार्थीहरुलाई मनोपरामर्श कार्य्रकम संचालन गरिएको ।
- वडा नं. १ ज्यामिरेमा २४ महिला र २ पुरुष गरि २६ जनालाई मनोपरामर्श कार्यक्रम सम्पन्न गरिएको ।
- वडा नं. ८ को लोकेश्वर वित्तिय साक्षरता तथा मनोसामाजिक परामर्श समूहका २४ जना र वडा नं. ६ को कालीदेवी वित्तिय साक्षरता तथा मनोसामाजिक परामर्श समूहका २३ जना गरी ४७ जनालाई २१ हप्ते वित्तिय साक्षरता कार्यक्रम सम्पन्न गरिएको ।
- वडा नं. ६ को पशुपती वित्तिय साक्षरता कार्यक्रमका २३ जना, वडा नं. ७ को दोभान र साना किसान वित्तिय साक्षरता कार्यक्रमका क्रमश २६ र २० जाना गरि ६९ जनालाई एक दिने वित्तिय साक्षरता कार्यक्रम सम्पन्न गरिएको।
- नगरपालिका भित्रका ५ वटा माध्यमिक विद्यालयका २ सय ४२ जना विद्यार्थीहरुलाई ९० मिनेटको वित्तिय साक्षरता कार्यक्रम सम्पन्न गरिएको।

**आदरणीय नगरसभाका अध्यक्षज्यू तथा नगरसभा सदस्यज्यूहरु !**

**३. भौतिक पूर्वाधार विकास**

**३.१ योजना**

- चा.लु. आ.व. २०८१/०८२ को हाल सम्ममा वडास्तरिय, नगरस्तरिय र काठमाण्डौ महानगरपालिकाको अनुदान रकम बाट भुक्तानी हुने गरी कार्वान्यिन गरिने जम्मा ३०० योजनाहरु मध्ये २४२ वटा योजना सम्झौता भएका, सम्झौता भएका मध्ये १२७ वटा योजना सम्पन्न भईसकेका, ११५ वटा योजनाहरुमा काम भै रहेको र ५८ वटा योजना सम्झौता हुन बाँकी रहेका छन् ।

- ३ सय वटा योजनाहरु मध्ये रू. १ लाख सम्मका ४६ वटा, रू. १ लाख भन्दा माथि ५ लाख सम्मका १७८ वटा र रू. ५ लाख भन्दा माथि १० लाख सम्मका ७६ वटा योजनाहरु रहेका छन्।
- योजनाको कामलाई प्रभावकारी, पारदर्शी, मितव्ययी, गुणस्तरीय र दिगो बनाउन अनुगमन तथा मूल्याङ्कन कार्यलाई निरन्तरता दिइएको छ।

### ३.२ पूर्वाधार

- ३.२७ कि.मी नयाँ सडक निर्माण भएको छ।
- १४.७७ कि.मी सडक मर्मत सुधार भएको छ।
- १६.६७ कि.मी सडक ग्राभेल गर्ने कार्य भएको।
- १० कि.मी पक्की नाला निर्माण भएको।
- १९.९० कि.मी कच्ची नाला निर्माण भएको।
- ४.७ कि.मी सडक ढलान गर्ने कार्य भएको।
- ५.०१५ कि.मी सडक कालोपत्रे गर्ने कार्य भएको।
- ५ सय ४९ रनिङ मिटर ग्याविन बाल निर्माण गर्ने कार्य भएको।
- १५ सय ७५ रनिङ मिटर मेसिनरी बाल निर्माण कार्य भएको।
- २ सय ७१ रनिङ मिटर प्लम्ब वाल निर्माण कार्य भएको।
- २ सय ८० रनिङ मिटर ह्युम पाइप निर्माण गर्ने कार्य भएको।
- १२ सय ७२ मिटर गोरेटो बाटो मर्मत सुधार गर्ने कार्य भएको।
- ४ सय १ रनिङ मिटर सिचाई कुलो निर्माण कार्य भएको।
- ५ वटा चौतार निरमाण गर्ने कार्य भएको।
- १५ वटा सामुदायिक ट्रस भवन निर्माण भएको।
- ६ वटा क्याम्पस/विद्यालय भवन निरमाण भएको।
- १६ वटा मन्दिर निर्माण/मर्मत भएको।
- ४ वटा मरणघाट तथा चिहान निरमाण भएको।
- १ वटा गुम्वा निर्माण भएको।
- ६ वटा खेलमैदानको स्तरोन्नती गर्ने कार्य भएको।
- १ वटा कल्भर्ट र १ वटा कजवे निर्माण भएको।

**ठेक्का मार्फत भएका कार्यहरु**

- यस आ.व भरि नगरपालिकाबाट राजश्व संकलन सम्वन्धी ५ वटा,सामान खरिद गर्ने सम्वन्धी -८ र निरमाण कार्य गर्ने ३३ वटा गरि जम्मा ४६ वटा योजनाहरु ठेक्का प्रकृयाबाट बोलपत्र आव्हान भई कार्य भएको।

### ३.३ खानेपानी

- २ लाख लिटर क्षमताको आर सी सी ट्याङ्की निर्माण अन्तिम चरणमा पुगेको।
- २७ वटा खानेपानी मुहानको इन्टेक निर्माण सम्पन्न भएको।
- सवै वडा गरि पि भि सी हिल ट्याङ्क १७ हजार क्षमताको खरिद तथा फिटिङ्क सम्पन्न भएको।
- सवै वडा तथा विपद गरि विभिन्न साइजका पाइपहरु ४० कि.मी विस्तार गरिएको
- एक घर एक मिटर धारा ५०० धारा जडान सम्पन्न भएको।
- डिप वोरिङ तथा मुहानको पानी तान्ने ६ वटा इलेक्ट्रीक मोटर खरिद र ३ वटा मेशिन,प्यानल वोर्ड र टिओडी मिटर मर्मत सम्पन्न भएको।

### ३.४ नापी

- नगरपालिकमा जग्गा नापजाँच गर्नका लागि परेका ८२ वटा निवेदनहरुको काम सम्पन्न भएको।
- सरकारी जग्गा,खेलमैदान चौतारो अन्य गरि ३७२ रोपनी जग्गा नाँपजाच गरिएको ।
- सार्वजनिक तर्फ मठ,मन्दिर जंगल तथा अन्य गरि ५१९ रोपनी जग्गा नाँपजाच गरिएको
- घर नक्सा पास तथा अभिलेखिकरणका लागि फिल्ड निरिक्षण गरिएको ।
- प्रदेश,नगर र वडाका गरि ५१ विवादित आयोजनाहरुमा नाँपजाच गरि सहजिकरण गरिएको ।
- ४ वटा विद्यालय,तिन छाङ्गे झरना लगायत अन्य ७ फिल्डहरुको डिजिटल सर्झे गरेको
- न्यायिक समिति मार्फत आएको निवेदन तथा उजुरीमा ३ वटा जग्गा नाँपजाच सम्पन्न
- जग्गा वर्गिकरण कार्य सम्पन्न भई कार्य भईरहेको ।
- ल्याण्ड पुलिङ कार्य नगर विकास कोषसंग समन्वय गरी अघि वढिरहेको ।
- भूमि आयोग सम्वन्धी १३ जना भूमिहिन दलित भूमिहिन सुकुम्वासीको विवरण भूमि सम्वन्धी सम्स्या समाधान आयोग धादिङमा पठाईएको ।
- भूमि बर्गिकरण सम्वन्धी ३२ वटा निवेदन त्रुटी सच्चाई मालपोत कार्यालय धादिङ सिफारिस गरिएको

**आदरणीय नगरसभाका अध्यक्षज्यू तथा नगरसभा सदस्यज्यूहरु !**

## ४. वन वातावरण तथा विपद् व्यवस्थापन

### ४.१ वातावरण तथा फोहोर मैला व्यवस्थापन

- धुनिवेशी नगर क्षेत्रलाई स्वच्छ, सफा र सुन्दर नगर बनाउन आ.व. ०८१/०८२ देखि शिरिषा एण्ड सुजा कन्स्ट्रक्सन प्रा.लि.सँग ठेक्का सम्झौता भई फोहोरमैला व्यवस्थापन हुँदै आएको छ।

### ४.२ विपद् व्यवस्थापन

- २०८१ सालको असार, श्रावण, भदौ र असोज १०, ११ र १२ गतेको अबिरल वर्षातको कारणले (५७० घर), (१५ विद्यालय), (६७ वटा सडक कलभर्ट), (३९ खानेपानी), (स्वास्थ्य केन्द्र -२),खेत ४१ जनाको), (पशुपन्छी टहरा २४), (गोठ ५), सिचाईँ कुलो ५५ गरी ८१८ संरचनामा क्षति भएको सो मध्ये ९ वटा वडामा घर आगन गोठ लगायतका क्षति भएका १४९ वटा संरचनाहरुको नगर स्तरिय अनुगमन

तथा मूल्याङ्कन समितिले अनुगमन गरि प्रतिवेदन पेश गरेको।

- उलेखित मध्ये विशेष गरि खानेपानी, सडक, कुलो सिचाईँ गरी ३२ योजनाहरुलाई विपद व्यवस्थापन खर्च शिर्षकमा प्राप्त अनुदान रकम मध्येबाट खर्च भुक्तानी गर्ने निर्णयानुसार अधिकांश योजनाको भुक्तानी कार्य भएको ।

### ४.३ उद्योग

- नगरपालिका भित्र सिमेन्ट-१,इट्टा-११,ग्यास-3,औषधि-२ र वाइन-१ गरी १८ ठूला,९ वटा मझौला र अन्य साना फर्म तथा व्यवसाय गरी करिव २४ सय वटा दर्ता कायम रहेकोछ।
- २२ वटा बैंक तथा वित्तिय संस्थाहरु रहेका छन्।

### ४.४ दमकल

- अकस्मात परि आउने आगलागीका घटनाहरु नियन्त्रण गर्न २४ सै घण्टा सतर्क अवस्थामा रहेको नगरपालिकाकको दमकल प्रयोग गरी आ.व ८१/८२ मा ४ वटा सवारीसाधनमा लागेको आगो नियन्त्रण,सामूदायिक वन तथा अन्य स्थानमा लागेको ढडेलो नियन्त्रण-३० र घर/पसल २ गरी जम्मा ३६ वटा आगलागीको घटना नियन्त्रण गरिएको

**आदरणीय नगरसभाका अध्यक्षज्यू तथा नगरसभा सदस्यज्यूहरु !**

## ५. सुशासन तथा संस्थागत विकास

### ५.१ प्रशासन

- नगरकार्यपालिकाको कार्यालयमा कार्यरत स्थायी कर्मचारी -२५ जना, स्वास्थ्य चौकीहरुमा कार्यरत स्थायी कर्मचारी संख्या-१७ जना, वडा कार्यालयहरुमा कार्यरत स्थायी कर्मचारी संख्या-१८ गरी दरवन्दी संरचना अनुसार स्थायी कर्मचारी संख्या-६० जना छन् ।
- नगरकार्यपालिकाको कार्यालयमा करार सेवामा कार्यरत कर्मचारी संख्या-२८, परियोजना तर्फ करार सेवामा कार्यरत कर्मचारी-१५, स्वास्थ्य सेवा तर्फ करार सेवामा कार्यरत कर्मचारी-३५, एक विद्यालय एक नर्स कार्यक्रम तर्फ करार सेवामा कार्यरत विद्यालय नर्स संख्या-४ र वडा कार्यालय तर्फ करार सेवामा कार्यरत कर्मचारी संख्या-१५ गरी जम्मा करार सेवामा कार्यरत कर्मचारी संख्या-९७ जना गरी नगरपालिका र अन्तर्गतका कार्यालयमा कार्यरत (स्थायी र करार) कर्मचारी संख्या-१५७ जना रहेको छ ।
- जनप्रतिनिधि-४७ जना, कर्मचारी-१२१ जना र शिक्षक-२११ जना गरी जम्मा ३७९ जनाको आ.व.२०८०।०८१को सम्पत्ति विवरण संकलन गरी मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय बागमती प्रदेशमा बुझाइएको छ।
- चालू आ.व.को जेष्ठ मसान्त सम्म कार्यविधि-७, निर्देशिका-१ ऐन-२ निर्माण भई हालसम्म ऐन- २६ नियमावली ६ निर्देशिका ५ कार्यविधि ७३ नीति १ मापदण्ड २ रणनीति १ दिग्दर्शन १ र प्रतिकार्य योजना १ गरी जम्मा-११६ वटा निर्माण गरिएको छ।
- स्थायी सेवा वा पदमा कार्यरत कर्मचारीहरुले आ.व.२०८०।०८१ का लागि भरी पेश गरेको कार्य सम्पादन मूल्याङ्कन फारमलाई मूल्याङ्कन गर्ने गराउने कार्य सम्पन्न गरिएको छ।
- आ.व. २०८१।०८२ को लागि नगरसभाबाट स्वीकृत भएको नीति, कार्यक्रम र बजेट समावेश भएको

एकीकृत योजना पुस्तिकालाई सम्पादन र छपाई गर्ने काम सम्पन्न गरी वितरण भइरहेको छ, भने आर्थिक ऐन-२०८१, विनियोजन ऐन-२०८१ स्थानीय राजपत्रमा प्रकाशन भएको छ।

- **कर्मचारी व्यवस्थापनः-** कानुन अनुसार नियुक्ति, बढुवा, पदस्थापन, जिम्मेवारी हेरफेर, करार म्याद थप लगायतका कार्य गरी कर्मचारी व्यवस्थापनको कार्य गर्दै सेवा प्रवाहलाई नियमित चुस्त, दुरुस्त, प्रभावकारी, पारदर्शी एवम् सवल सक्षम बनाउने कार्य गरिएको छ।
- धुनिवेशी न.पा वडा नं. ७ (साविक नौविसे गा.वि.स वडा नं. ७ र ८)स्थित चिसापानी,तोप्लाङ,खावा,म जुवा,लिखु,तल्लो बाह्विसे लगाएतका क्षेत्रका जग्गाको मोठ श्रेष्ता र नापी नक्साको विवरण मकवानपुर जिल्ला स्थित मालपोत कार्यालय शिखरकोट र नापी कार्यालय शिखरकोटमा रहेकोमा उक्त मोठ श्रेष्ता र नापी नक्साको विवरण मालपोत एवं नापी कार्यालय धादिङलाई हस्तान्तरण गर्नका लागि आवश्यक पहल भइरहेको छ।
- नगरपालिकालाई विपक्षी बनाई सम्मानित अदालतमा दायर भएका मुद्दामा नगरपालिकाको तर्फबाट प्रतिउत्तर लगाई तारेखमा बसी मुद्दाको पूर्पक्षका लागि बहस पैरवी गर्ने गराउने कार्य भईरहेको छ भने सम्मानित अख्तीयर दुरुपयोग अनुसन्धान आयोगमा नगरपालिका जनप्रतिनिध तथा कर्मचारीहरुलाई लक्षीत गरी विना, आधार, प्रमाण र कारण दर्ता भएका उजुरिहरुको पुष्ठ्याई दिने तथा प्रमाण भिडाई जवाफ पेश गरिएको छ। कतिपय उजुरीहरु तामेलीमा गएको जानकारी प्राप्त भएको छ।
- यस नगरपालिका र तिलगंगा आँखा प्रतिष्ठान बिच नेपाल आँखा कार्यक्रम अन्तरगत साझेदारीमा शहरी आँखा केन्द्र सञ्चालनको लागि भएको सम्झौता अनुसार नौविसे स्वास्थ्य चौकीमा रहने शहरी आँखा केन्द्र संञ्चालनका लागी अप्टिकल फिटर पद संख्या-१, नेत्र सहायक पद संख्या-१ र अधिकृतस्तरको कृषि स्नातक प्राविधिक पद संख्या-१ करार सेवामा पदपूर्ती गरिएको छ। साथै नागरिक आरोग्य केन्द्रमा ज्यालादारी करार सेवामा कार्यालय सहयोगी १ जना व्यवस्थापन गरिएको छ।
- आ.व.२०८१।०८२ को श्रावण देखि जेष्ठ मसान्त सम्म १३ पटक नगर कार्यपालिकाको वैठक र १ पटक नगरभाको बैठक बसेको छ। कार्यपालिका र नगरसभा वैठकबाट भएका निर्णयहरु सम्बन्धित शाखा, कर्मचारी र कार्यालयसँग समन्वय गरी निर्णय कार्यान्वयनमा सहजीकरण गरिएको छ।
- आ.व.२०८१।८२को श्रावण देखि जेष्ठ मसान्त सम्म कार्यालयमा २ हजार ६ सय ८० वटा चिठीपत्र दर्ता भएका छन् भने कार्यालयबाट बाहिरिएका चिठीपत्रको संख्या ३ हजार ५२ वटा रहेको छ। कार्यालयमा दर्ता भएका चिठीपत्रहरुको सम्बन्धित शाखा मार्फत कार्यसम्पादन एवम् कार्यसम्पन्न गरिएको छ।
- नगरपालिका कार्यालयमा गुनासो सुन्ने अधिकारी र सूचना अधिकारीको व्यवस्था गरिएको छ। नेपालको संविधानको धारा २७, सूचनाको हक सम्बन्धी ऐन २०६४, नियमावली २०६५ र सोको कार्यविधि २०७२ बमोजिम कार्यालयमा भए गरेका कामका विषयमा सूचना माग भएको अवस्थामा सम्बन्धित व्यक्तिलाई सूचना अधिकारी मार्फत सूचना एवं जानकारी उपलब्ध गराउने व्यवस्था मिलाइएको छ। कार्यालयका प्रत्येक वडा तथा विषयगत शाखाबाट भए गरेका काम कारवाहीहरु प्रत्येक ३/३ महिनामा सूचना अधिकारी मार्फत स्वतःप्रकाशन गरी नगर कार्यपालिकाको कार्यालयको वेबसाइटमा राखी सू-सूचित गर्ने गरिएको छ।
- नगरकायपालिका कार्यालय र वडा कार्यालयबाट सम्पादन हुने मुख्य मुख्य कार्यहरु समेटिएको नागरिक

वडापत्रको निर्माण गरी नगरकार्यपालिकाको कार्यालय, सबै वडा कार्यालय र स्वास्थ्य संस्थाहरुको लागी नागरिक वडापत्रको व्यवस्था गरिएको छ

- स्थानीय ईन्जिनियरिङ्ग सेवा, सिभिल समुह, अधिकृतस्तर नवौ तहको सि.डि.ई. ईन्जिनियर पदमा श्री सत्य नारायण शाहलाई लोक सेवा आयोग बागमती प्रदेशको सिफारिस बमोजिम बढुवा नियुक्ति गरिएकोमा ५८ वर्षे उमेरहदका कारण सेवाबाट अनिवार्य अवकास दिइएको छ ।
- स्थानीय कृषि सेवा, भेटेरिनरी समुह, पशु चिकित्सक, अधिकृत स्तर आठौँ तहको पदमा लोक सेवा आयोग बागमती प्रदेशको सिफारिस बमोजिम सुरज भण्डारीलाई स्थायी नियुक्ति गरी पशु सेवामा पदस्थापन गरिएको छ ।
- राष्ट्रिय सर्तकता केन्द्रको आयोजनामा मिति २०८१ भाद्र ३१ गते धुनिवेशी नगरपालिकाका जनप्रतिनिधि र कर्मचारीहरुलाई सदाचार शिक्षा सम्बन्धी अन्तरसम्वाद एवं अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।
- वायु गुणस्तर तथा स्वास्थ्यलाई मध्यनजर गर्दै विश्व स्वास्थ्य संगठनको सहयोगमा प्राप्त भएको Air Quality Monitoring Station (AQMS) यस धुनिवेशी नगरपालिकाको प्राङ्गणमा जडान गरी संचालनमा रहेको छ ।
- स्थानीय सेवाको गठन तथा संचालन ऐन-२०७९ को दफा ३० र दफा ९ को प्रावधान बमोजिम मिति २०८१।१०।०१ देखी लागू हुने गरी सहायक स्तर पाँचौँ तहका कर्मचारीलाई तह वृद्दि गरी छैठौँ तह कायम गरिएको छ भने मिति २०८२।०४।०१ देखी लागू हुने गरी तह वृद्दि गर्न सूचना प्रकाशन गरी सकेको अवस्था छ ।
- धुनिवेशी नगरपालिका वडा नं.९ स्थित नागरिक आरोग्य केन्द्र स्थापना एवं संचालनका लागी नगरपालिकाको नाममा १० आना जग्गा निःशुल्क रुपमा प्राप्ती गर्ने कार्य सम्पन्न भएको छ ।
- नगरकार्यपालिका कार्यालयमा कार्यरत कर्मचारी र वडा कार्यालयमा कार्यरत कर्मचारीहरुका लागी १ दिने प्रशासनिक योजना संचालन तथा राजश्व व्यवस्थापन सम्बन्धि अभिमुखीकरण कार्यक्रम र प्राविधिक कर्मचारीहरुका लागी ५ दिने अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको छ ।
- आ.व २०८०/८१ को स्थानिय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) मा ८५.५ अंक र स्थानिय तह वित्तिय सुशासन जोखिम मूल्याङ्कन (FRA) मा ७५.५ अंक प्राप्त भएको छ।

**आदरणीय नगरसभाका अध्यक्षज्यू तथा नगरसभा सदस्यज्यूहरु !**

## ५.२ न्यायिक समिति

- आ.व ०८१/०८२ को जेठ मसान्त सम्म न्यायिक समितिमा जम्मा १० वटा उजुरी परेको जसमध्ये ६ वटा फर्छयौंट भईसकेको र बाँकी ४ वटा फर्छयौटको प्रकृयामा रहेको छन्।

## ५.३ सूचना प्रविधि

- नगरपालिका,वडा कार्यालय तथा स्वास्थ्य संस्थाहरुमा ई-हाजिरी जडान भई संचालनमा रहेको छ।
- नगरपालिकाबाट प्रकासित हुने विभिन्न सूचना,जानकारी ,निर्देशनहरु नगरपालिकाको वेभसाईट तथा समाजिक सञ्जाल बाट निरन्तर प्रकाशित गर्ने कार्य नियमित भईरहेको छ।
- नगरपालिका ,वडा कार्यालयहरु तथा स्वास्थ्य संस्थामा रहेको ICT ईक्युपमेन्टहरुको मर्मत संभार कार्य भईरहेको छ।

- नागरिकताको सिफारिस गर्ने कार्य सवै वडा कार्यालयहरुबाट अनलाइन प्रणाली मार्फत नियमित रुपमा भईरहेको छ।

### ५.४ नगर प्रहरी

- नियमित रुपमा कार्यालयको सुरक्षा गर्ने काम भईरहेको छ।
- न्यायिक समितिको ८ वटा पत्र तामेली गरिएको।
- नियमित रुपमा नगरपालिकाबाट संचालित व्याकहो लोडरमा डिउटि गर्ने गरेको।
- दर्ता नभई संचालनमा रहेका ३ पटक वंगुर फर्मको निरिक्षण गरि वडा कार्यालयमा दर्ता गर्न सुझाव गरिएको।
- सेफ हाउसको सरसफाई गर्ने कार्य गरिएको।
- विपद्मा परि मृत्यु भएका गाईहरु तथा सडकमा लावासिर मरेका कुकुरहरुको सुरक्षित तरिकाले व्यवस्थापन गरिएको
- रोटरी क्लवले विभिन्न विद्यालयहरुमा ६-१२ वर्ष सम्मका बालबालिकाहरुलाई विभिन्न सामाग्रीहरु वितरण गर्ने कार्यमा सहजिकरण गरिएको।
- १६ दिने लैङ्गिक हिंसा सम्वन्धी कार्यक्रमा सहभागी भई सहजिकरण गरेको।
- विभिन्न स्थानिय पर्व तथा जात्राहरुमा त्रुटी रहित ढंगले डिउटी सम्पन्न गरिएको।
- फोहोरमैला व्यवस्थापन तथा बजार अनुगमन गर्ने गरिएको।
- बाटो ढलान कार्य विवाद,घरायसी स-साना झै-झगडा सम्वन्धी विवादहरु समाधान गर्न सहजिकरण गरिएको।
- २ पटक नागढुंगा सुरुङ मार्गमा विपद् व्यवस्थापन सम्वन्धी तालिम लिएको।
- विभिन्न स्थानमा भएको आगलागी जन्य विपद्का घटनाहरुमा सहभागी भई अग्नी नियन्त्रण गर्न सहयोग गरेको।
- राष्ट्रपति रनिङ्ग शिल्ड तथा कार्यालयले आयोजना गरेको विभिन्न कार्यक्रममा सहभागी भई त्रुटी रहित ढंगले डिउटी गरेको।

**आदरणीय नगरसभाका अध्यक्षज्यू तथा नगरसभा सदस्यज्यूहरु !**

### ५.५ आर्थिक प्रशासन

आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम कार्यान्वय गर्न ९५ करोड २० लाख ८५ हजार ६ सय ८ रूपैया बजेट विनियोजन गरेको छु।

कुल विनियोजन मध्ये चालु तर्फ रू. ४९ करोड ७४ लाख ८५ हजार, ६ सय ८ र पुँजीगत तर्फ रू. ४५ करोड ४६ लाख विनियोजन गरेको छु। कुल विनियोजन मध्ये चालु तर्फ ५२.२५ प्रतिशत र पुँजीगत तर्फ ४७.७५ प्रतिशत रहेको छ।

आगामी आर्थिक वर्षमा सङ्घीय सरकारवाट वित्तीय हस्तान्तरणको माध्यमवाट समानीकरण अनुदान १३ करोड ९८ लाख, सशर्त अनुदान २० करोड ३६ लाख, समपुरक अनुदान ५२ लाख, विशेष अनुदान १ करोड १२

लाख, वागमती प्रदेश सरकारवाट समानीकरण अनुदान १ करोड ५३ लाख ७६ हजार, सशर्त अनुदान २ करोड ४१ लाख ४९ हजार, विशेष अनुदान ६५ लाख, समपुरक अनुदान ३ करोड, राजस्व वाडफाँटवाट २० करोड २७ लाख ४७ हजार ३ सय १०, संघ सरकारवाट प्रशासकिय भवन निर्माणको लागि साझेदारी १ करोड ५० लाख, जिल्ला समन्वय समिति धादिङवाट पुजिगत अनुदान १ करोड २५ लाख आन्तरिक राजस्व ५ करोड ५१ लाख २५ हजार २९८ र वैक मौज्दात रहन सक्ने २३ करोड ८ लाख ८८ हजार अनुमान गरेको छु ।

क्षेत्रगत रूपमा तपशील बमोजिम वजेट प्रस्ताव गरेको छुः

- आर्थिक विकास क्षेत्रः ६ करोड १३ लाख
- सामाजिक विकास क्षेत्रः ३१ करोड ७१ लाख ३५ हजार ६ सय ८
- पूर्वाधार विकास क्षेत्रः ३८ करोड ४२ लाख ५० हजार
- सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रः १ करोड ५२ लाख
- कार्यालय सञ्चालन तथा प्रशासनिक खर्चः १७ करोड ४२ लाख

प्रस्तावित योजना र कार्यक्रमको विवरण संलग्न रहेका छन् ।

**आदरणीय नगरसभाका अध्यक्षज्यू तथा नगरसभा सदस्यज्यूहरु !**

**अन्त्यमा**,

चालु आ.व.२०८१।०८२ का लागि १५ औँ नगरसभाबाट पारित भएको नीति, योजना, कार्यक्रम र बजेट कार्यान्वयनमा सहयोग गर्नुहुने सम्पूर्ण जनप्रतिनिधिज्यूहरु, कर्मचारी, उपभोक्ता समिति, सर्वभौमसत्ता सम्पन्न धुनिवेशी नगरवासीहरु लगायत यो कार्यप्रगति समिक्षा तयार पार्न सहयोग गर्नुहुने सम्पूर्ण विषयगत शाखाका कर्मचारीहरु समेतलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै आ.व.२०८२।०८३ का लागी प्रस्ताव गरेको योजना, कार्यक्रम तथा बजेट कार्यान्वयनमा सरोकारवाला सबै पक्षको सहयोग प्राप्त हुनेनैछ भन्ने विश्वास व्यक्त गर्दछु ।

धन्यवाद !

**नगर उप-प्रमुख**
**सुरज उप्रेती**
१० आषाढ, २०८२

खण्ड - ३

# वार्षिक विकास कार्यक्रम

## ३.१ नगरसभाबाट स्वीकृत बार्षिक योजना तथा कार्यक्रम (आ.व.२०८२/०८३)

| क्र.सं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च शीर्षक | जम्मा |
|---|---|---|---|
| ८०३३०४०११०१ धुनिवेशी नगरपालिका | | | |
| १ | पारिश्रमिक कर्मचारी | २११११ | ३,६०,००,०००.०० |
| २ | पोशाक | २११२१ | १५,००,०००.०० |
| ३ | राशन भत्ता | २११२२ | १५,००,०००.०० |
| ४ | स्थानीय भत्ता | २११३१ | ६,००,०००.०० |
| ५ | महंगी भत्ता | २११३२ | २५,००,०००.०० |
| ६ | कर्मचारीको बैठक भत्ता | २११३४ | १०,००,०००.०० |
| ७ | पदाधिकारी बैठक भत्ता | २११४१ | ३०,००,०००.०० |
| ८ | पदाधिकारीअन्य सुबिधा | २११४२ | ९०,००,०००.०० |
| ९ | कर्मचारी कल्याण कोष | २१२११ | १५,००,०००.०० |
| १० | अन्य सामाजिक सुरक्षा खर्च | २१२१९ | ५,००,०००.०० |
| ११ | पानी तथा बिजुली | २२१११ | २०,००,०००.०० |
| १२ | संचार महसुल | २२११२ | १५,००,०००.०० |
| १३ | बोरिङ गरिएका खानेपानी योजनाको विद्युत महशुलको रकम भुक्तानी | २२११३ | २०,००,०००.०० |
| १४ | इन्धन (पदाधिकारी) | २२२११ | १७,००,०००.०० |
| १५ | इन्धन (कार्यालय प्रयोजन) | २२२१२ | ३०,००,०००.०० |
| १६ | एम्वुलेन्स इन्धन | २२२१२ | ३५,००,०००.०० |
| १७ | व्याक हो लोडर इन्धन | २२२१२ | ३५,००,०००.०० |
| १८ | एम्बुलेन्स मर्मत | २२२१३ | १५,००,०००.०० |
| १९ | व्याक हो लोडर मर्मत | २२२१३ | २५,००,०००.०० |
| २० | सवारी साधन मर्मत खर्च | २२२१३ | ३०,००,०००.०० |
| २१ | बिमा तथा नवीकरण खर्च | २२२१४ | १०,००,०००.०० |
| २२ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | २२२२१ | ८,००,०००.०० |
| २३ | निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | २२२३१ | २०,००,०००.०० |
| २४ | मसलन्द तथा कार्यालय सामाग्री | २२३११ | ३०,००,०००.०० |

| क्र.सं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च शीर्षक | जम्मा |
|---|---|---|---|
| २५ | इन्धन – अन्य प्रयोजन | २२३१४ | १,००,०००.०० |
| २६ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | २२३१५ | २०,००,०००.०० |
| २७ | आर्थिक सर्वेक्षण | २२४११ | ५,००,०००.०० |
| २८ | डिजिटल नगर प्रोफाइल अध्यावधिक | २२४११ | ५,००,०००.०० |
| २९ | तालिमको प्रभावकारिता अध्ययन | २२४११ | ५,००,०००.०० |
| ३० | न्यायिक परामर्श सेवा | २२४११ | ५,००,०००.०० |
| ३१ | पूर्वाधारको विस्तृत परियोजना प्रतिवेदन तयार | २२४११ | १०,००,०००.०० |
| ३२ | राजस्व सम्भाव्यता अध्ययन | २२४११ | ५,००,०००.०० |
| ३३ | सेवा र परामर्श खर्च | २२४११ | १५,००,०००.०० |
| ३४ | सामाजिक परीक्षण तथा लैगिक उत्तरदायित्व वजेट सम्बन्धि लेखापरीक्षण | २२४११ | ५,००,०००.०० |
| ३५ | सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | २२४१२ | १५,००,०००.०० |
| ३६ | करार सेवा शुल्क | २२४१३ | ४,००,००,०००.०० |
| ३७ | सडक सरसफाइकर्मी व्यवस्थापन | २२४१३ | १०,००,०००.०० |
| ३८ | अन्य सेवा शुल्क | २२४१९ | १,००,०००.०० |
| ३९ | संघ संस्था सदस्यता तथा नविकरण शुल्क | २२४१९ | १०,००,०००.०० |
| ४० | कर्मचारी तालिम खर्च | २२५११ | १०,००,०००.०० |
| ४१ | साइबर सुरक्षा सम्बन्धी तालिम | २२५११ | ३,००,०००.०० |
| १८.३ | दैनिक उपभोग्य सामानको थोक विक्रेता रू.२५ लाख सम्मको पुँजी भएको | ३००० |
| १८.४ | दैनिक उपभोग्य सामानको थोक विक्रेता रू.२५ लाख १ देखी माथिको पुँजी भएको | ५००० |
| १८.५ | दैनिक उपभोग्य सामानको खुद्रा बिक्रेता रू. ५ लाख सम्मको पुँजी भएको) | १००० |
| १८.६ | दैनिक उपभोग्य सामानको खुद्रा बिक्रेता रू. ५ लाख १ भन्दा बढीको पुँजी भएको) | २००० |
| १८.७ | कस्मेटिक सामाग्री तथा जुत्ता चप्पल लुगा कपडा पसल रू. ५ लाख सम्मको पुँजी भएको) | १००० |
| १८.८ | कस्मेटिक सामाग्री तथा जुत्ता चप्पल लुगा कपडा पसल रू. ५ लाख भन्दा बढिको पुँजी भएको) | २००० |
| १८.९ | डिजिटल छापाखाना, छापाखाना व्यवसाय रू. ५ लाख सम्मको पुँजी भएको) | १००० |
| १८.१० | डिजिटल छापाखाना, छापाखाना व्यवसाय रू. ५ लाख भन्दा बढीको पुँजी भएको) | ३००० |
| १८.११ | स्टेशनरी पसल रू. ५ लाख सम्मको पुँजी भएको) | १००० |
| १८.१२ | स्टेशनरी पसल रू. ५ लाख भन्दा बढीको पुँजी भएको) | २००० |
| १८.१३ | फोटो स्टुडियो तथा गिफ्ट पसल | २,००० |
| १८.१४ | मादल मर्मत विक्री पसल | ५०० |
| १८.१५ | पान पसल | ५०० |
| १८.१६ | गाडी बाईक तथा कुर्सिका सिट मर्मत बिक्री | १५०० |
| **१९** | **सिरक डसना पसल, कपडा पसल, टेलरिङ्ग व्यवसाय** | |
| १९.१ | सबै किसिमका कपडा थोक विक्रेता रू.१० लाख सम्म पुँजी भएको | १००० |
| १९.२ | सबै किसिमका कपडा थोक विक्रेता रू.१० लाख भन्दा माथि पुँजी भएको | २००० |
| १९.३ | सबै किसिमका फेन्सी कपडा पसल रू.५ लाख सम्म पुँजी भएको | ५०० |

| क्र.सं. | उद्योग/व्यवसाय | व्यवसाय कर रू. |
|---|---|---|
| १९.४ | सबै किसिमका फेन्सी कपडा पसल रू.५ लाख १ भन्दा माथि पुँजी भएको | १००० |
| १९.५ | सटिङ्ग, सुटिङ्ग लेडिज एण्ड जेन्स कपडा सहित रू.५ लाख सम्म पुँजी भएको | १००० |
| १९.६ | सटिङ्ग, सुटिङ्ग लेडिज एण्ड जेन्स कपडा सहित रू.५ लाख १ देखि रु १० लाख सम्म पुँजी भएको | २००० |
| १९.७ | सटिङ्ग, सुटिङ्ग लेडिज एण्ड जेन्स कपडा सहित रू.१० लाख १ भन्दा माथि पुँजी भएको | ३००० |
| १९.८ | सिरक डसना पसल | १,००० |
| २० | **सेवा व्यवसाय** | |
| २०.१ | ईन्टरनेट/टि.भि.केवल प्रसारण | १०००० |
| २०.२ | साईवर/फोन/फोटोकपी, टाईपिङ/,प्रिन्टिङ इमेल, लेमिनेशन, व्याण्डिङ, कुरियर रू.५ लाख सम्म पुँजी भएको | ५०० |
| २०.३ | साईवर/फोन/फोटोकपी, टाईपिङ/,प्रिन्टिङ इमेल, लेमिनेशन, व्याण्डिङ, कुरियर रू.५ लाख १ भन्दा माथि पुँजी भएको | १००० |
| २०.४ | शैलुन | १००० |
| २०.५ | व्युटिपार्लर रू.५ लाख सम्म पुँजी भएका | १००० |
| २०.६ | व्युटिपार्लर तालिम समेत दिने रू.५ लाख १ भन्दा माथि पुँजी भएको | २००० |
| २०.७ | ड्राइक्लिनर्स | ५०० |
| २०.८ | आर्ट व्यवसाय | १,००० |
| २०.९ | भिडियो मिक्सिङ | २,००० |
| २१ | **वैक तथा वित्तीय संस्था** | |
| २१.१ | क वर्गको बैक तथा वित्तिय संस्था | ३०,००० |
| २१.२ | ख वर्गको बैक तथा वित्तिय संस्था | २०,००० |
| २१.३ | ग वर्गको बैक तथा वित्तिय संस्था | १०,००० |
| २१.४ | घ वर्गको बैक तथा वित्तिय संस्था | ७,००० |
| २१.५ | विमा कम्पनीको शाखा कार्यालय | १०,००० |
| २१.६ | रेमिट्यान्स सेवा | ५,००० |
| २२ | **सामुदायिक वन,अन्य सहकारी संघ, संस्था** | |
| २२.१ | नगरपालिका भित्रका सामुदायिक वनहरूबाट विक्रिभएका वनपैदावर शुल्कमा | १० प्रतिशत |
| २२.२ | सहकारी संस्था वार्षिक पूँजी १० लाख भन्दा बढी भएका | २००० |

| क्र.सं. | उद्योग/व्यवसाय | व्यवसाय कर रू. |
|---|---|---|
| २२.३ | सहकारी संस्था वार्षिक पूँजी १० लाख भन्दा कम भएका | १००० |
| २३ | **निजि शिक्षालय संचालन** | |
| २३.१ | क्याम्पस तथा उ.मा.वि. | २०,००० |
| २३.२ | माध्यमिक तह संचालन | १५,००० |
| २३.३ | आधारभूत तह | ५,००० |
| २४ | **परामर्श, तालिम केन्द्र, इन्टिच्युट, कुरियर, ट्रान्सपोर्ट, संचार सेवा** | |
| २४.१ | इन्जिनियरिङ परामर्श सेवा | ५,००० |
| २४.२ | शैक्षिक परामर्श सेवा | २,००० |
| २४.३ | कानूनी परामर्श सेवा | २,००० |
| २४.४ | ट्यूसन सेन्टर | १,००० |
| २४.५ | कम्प्युटर, ड्राइभिङ तथा अन्य इन्टिच्युट | २,००० |
| २४.५ | टुर्स तथा ट्राभल्स | १,००० |
| २४.६ | कुरियर तथा कार्गो सेवा | १,००० |
| २४.७ | ट्रान्सपोर्ट सेवा | ५,००० |
| २४.८ | भाडाका ढुवानी साधन र यातायात सेवा | १००० |
| २४.९ | अनलाइन खवर पत्रिका, | १,००० |
| २४.१० | एफएम रेडियो | १,००० |
| २५ | **लेखा परीक्षक** | |
| २५.१ | क. क श्रेणी | २५०० |
| २५.२ | ख. ख श्रेणी | २,००० |
| २५.३ | ग. ग श्रेणी | १,५०० |
| २५.४ | घ. घ श्रेणी | १,००० |
| २६ | **निर्माण व्यावसायी** | |
| २६.१ | क. क श्रेणी | १५,००० |
| २६.२ | ख. ख श्रेणी | १०,००० |
| २६.३ | ग. ग श्रेणी | ७,००० |
| २६.४ | घ. घ श्रेणी | ३,००० |

| क्र.सं. | उद्योग/व्यवसाय | व्यवसाय कर रू. |
|---|---|---|
| २७ | **पशुपंक्षी वधशाला** | |
| २७.१ | रु.५ लाख सम्मको पुँजी भएको | २००० |
| २७.२ | रु.५ लाख १ देखी २५ लाख सम्म पुँजी भएको | ६००० |
| २७.३ | २५ लाख देखी ५० लाख सम्मका पुँजी भएको | १४००० |
| २७.४ | ५० लाख १ देखी १ करोड सम्म पुँजी भएको | ५०००० |
| २७.५ | १ करोड १ देखी ५ करोड सम्मको पुँजी भएको | १००००० |
| २७.६ | ५ करोड १ देखी माथि | ३००००० |
| २८ | **माछा मासु र अण्डा विक्रि पसल** | |
| २८.१ | रु.५ लाख सम्मको पुँजी भएको | १००० |
| २८.२ | रु.५ लाख १ देखी बढीको पुँजी भएको | २००० |
| २९ | **तरकारी पसल** | |
| २९.१ | रु.१ लाख सम्मको पुँजी भएको | ५०० |
| २९.२ | रु.१ लाख १ देखी बढीको पुँजी भएको | १००० |
| ३० | **डेरी उद्योग (दुध तथा दुग्ध जन्य अन्य पदार्थ)** | |
| ३०.१ | रु.५ लाख सम्मको पुँजी भएको | ५०० |
| ३०.२ | रु.५ लाख १ देखी बढीको पुँजी भएको | १००० |
| ३१ | **रासायानिक मल, विउ विजन, किटनाशक औषधी विक्रेता** | |
| ३१.१ | रु.५ लाख सम्मको पुँजी भएको | ३००० |
| ३१.२ | रु.५ लाख १ देखी बढीको पुँजी भएको | ५००० |
| ३२ | **भेटेरिनरी पसल** | |
| ३२.१ | रु.५ लाख सम्मको पुँजी भएको | ३००० |
| ३२.२ | रु.५ लाख १ देखी बढीको पुँजी भएको | ५००० |
| ३३ | **लघु जलविद्युत** | |
| ३३.१ | ५० कि.वा. भन्दा कम | ५,००० |
| ३३.२ | ५० कि.वा. भन्दा बढी | १०,००० |
| ३४ | **व्रिकेट उद्योग** | |
| ३४.१ | रु.५ लाख सम्मको पुँजी भएको | २००० |

| क्र.सं. | उद्योग/व्यवसाय | व्यवसाय कर रू. |
|---|---|---|
| ३४.२ | रु.५ लाख १ देखी रू.१५ लाख सम्म पुँजी भएको | ५००० |
| ३४.३ | रु.१५ लाख १ देखी रू.५० लाख सम्म पुँजी भएको | १०००० |
| ३४.४ | रु.५० लाख भन्दा माथि | १००००० |
| **३५** | **वैकल्पिक उर्जा (सोलार, वायोग्यास जस्ता व्यवसाय)** | |
| ३५.१ | रु.५ लाख सम्मको पुँजी भएको | १००० |
| ३५.२ | रु.५ लाख १ देखी बढीको पुँजी भएको | १५०० |
| **३६** | **अस्थायी हाट बजार तथा घुम्ती पसल व्यवसाय पटके** | |
| ३६.१ | घुम्ती पसल खुद्रा समेतमा | ५०० |
| ३६.२ | राँगा भैसी प्रति गोटा | २० |
| ३६.३ | खसी, बोका, बाख्रा प्रति गोटा | १० |
| ३६.४ | हाँस, कुखुरा प्रति गोटा | १ |
| **३७** | **बालगृह दर्ता** | **१०००** |
| **३८** | **सुधारगृह दर्ता** | **१०००** |
| **३९** | **अन्य व्यवसायहरू** | |
| ३९.१ | वितरक विक्रेता (सवै प्रकारका) | ८,००० |
| ३९.२ | अन्य सवै थोक विक्रेता | ५,००० |
| ३९.३ | अन्य सवै खुद्रा विक्रेता | ३,००० |
| ३९.४ | डिप वोरिङ, रिपेरिङ तथा बिक्री गर्ने व्यावसाय -प्रति योजना) | १०,००० |
| ३९.५ | छाला संकलन तथा विक्री | ३,००० |
| ३९.६ | कवाडी व्यावसाय | ७,००० |
| ३९.७ | ईटा, रोडा, ढुंगा, वालुवा, ग्राभेल, चिप्स डिपो सप्लायर्स रू.२५ लाख सम्मको पुँजी भएको | ५००० |
| ३९.८ | ईटा, रोडा, ढुंगा, वालुवा, ग्राभेल, चिप्स डिपो सप्लायर्स रू.२५ लाख १ देखी बढीको पुँजी भएको | ७००० |
| ३९.९ | अटो रिक्सा | १,५०० |
| ३९.१० | टेलिफोन टावर राखे बापत व्यवसाय कर (सरकारी स्वामित्व नभएको सेवा प्रदायकको) | ५००० |
| ३९.११ | टेलिफोन टावर राखे बापत व्यवसाय कर (सरकारी स्वामित्व भएको सेवा प्रदायकको) | २००० |
| ३९.१२ | राँगा, भैसी खरिद बिक्रि व्यवसाय | ५००० |

| क्र.सं. | उद्योग ⁄ व्यवसाय | व्यवसाय कर रू. |
|---|---|---|
| ३९.१३ | चार्जिङ स्टेशन प्रति नोजल | २००० |
| ३९.१४ | अस्थाइ पिच प्लान्ट | २००००० |
| ३९.१५ | सवारी साधनको पटके विक्री मेला प्रदर्शनी प्रति दिन | १००० |

**व्यवसाय दर्ता शुल्क**

१. धुनिवेशी नगरपालिका क्षेत्र भित्र संचालनमा रहेका तर दर्ता प्रमाण पत्र नलिएका र नयाँ दर्ता हुन चाहाने जुनसुकै प्रकारका उद्योग व्यवसायहरूले व्यवसाय दर्ता गराउँदा यसै ऐनको अनुसूची ५ मा तोकिएको व्यवसाय करको २५ प्रतिशतले हुन आउने रकम दर्ता शुल्क बापत तिर्नु पर्ने छ। उक्त आ.व.को व्यवसाय कर तिर्नुपर्ने छैन। व्यवसाय संचालन भएको वर्षको दर्ता शुल्क र त्यसपछिका वर्षको व्यवसाय कर तिर्नपर्ने छ। एक पटक दर्ता गरी दर्ता प्रमाण पत्र लिएको व्यवसाय पुनः दर्ता गराउन पर्ने छैन र तोकिएको व्यवसाय कर चुक्ता गरेपछि सबै प्रकारका उद्योग व्यवसाय स्वतः नविकरण भएको मानिनेछ।

२. उद्योग व्यवसाय पूँजी वृद्धि गर्दा वृद्धि हुने रकमको ०.२० प्रतिशत शुल्क लिइनेछ।

३. व्यवसायकर असुली तथा दर्ता गर्दा व्यवसायीहरूले बहाल कर तिरेको प्रमाण अनिवार्य पेश गर्नुपर्नेछ।

४. उद्योग, व्यापार, व्यवसायको जारी पुँजी/स्थीर पुँजीको आधारमा व्यवसाय दर्ता, नविकरण व्यवसाय कर असुल गरिनेछ।

५. प्रा.लि अन्तर्गत दर्ता भएका उद्योग व्यवसायको हकमा फरक-फरक उद्देश्य भएका व्यवसाय भएमा सोही अनुसार छुट्टै अनुमति लिनुपर्नेछ र उस्तै उद्देश्य भएका तर कर रकम फरक-फरक परेमा जुन शिर्षकमा बढी छ सोही अनुसार असुल गरिनेछ।

६. अन्य निकाय वा भ्याट र प्यान मा दर्ता भएका उद्योग/व्यवसायलाई नगरपालिकामा दर्ता/अभिलेख गर्दा आ.व. २०७५/०७६ लाई आधार वर्ष मानी कर निर्धारण गरी असुल गरिनेछ। कर असुल गर्दा शुरु वर्षको दर्ता शुल्क र अन्य वर्षको नियमानुसार व्यवसाय कर लाग्ने छ।

७. नगरपालिका क्षेत्रभित्र संचालित इट्टा उद्योगहरु बन्द भएको अवधि एकिन गरि बन्द भएको वर्ष सम्मको बक्यौता असुल गरिनेछ।

८. व्यवसाय कर असुल गर्दा पूँजी र कारोबार खुल्ने कागजात व्यवसायीले पेश गर्नुपर्नेछ र सोही आधारमा असुल गरिनेछ।

९. नगरपालिका क्षेत्रभित्र एक स्थानमा सञ्चालनमा रहेको व्यवसाय नगरपालिका क्षेत्रभित्र कै अर्को स्थानमा ठाउँसारी वा नगरपालिका क्षेत्रभन्दा बाहिर अर्को स्थानमा ठाउँसारीको लागि निवेदन परेमा आवश्यक जाँचबुझ गरी चालु आर्थिक वर्ष सम्मको कर असुल गरी कार्यालयको लगतमा विबरण अध्यावधिक गरी ठाउँसारी जाने स्थानको कार्यालयलाई लेखी पठाई सोको जानकारी सम्बन्धित व्यबसायी वडा कार्यालय र करदाता सेवा कार्यालयलाई समेत पठाईनेछ।

१०. कुनै करदाताले व्यबसाय बन्द गर्न चाहेमा सोको कारण खोली सम्बन्धित वडा कार्यालयमा निवेदन दिनु पर्नेछ र वडा कार्यालयले आवश्यक जाँचबुझ गरी व्यवसाय खारेजीको सिफारिस सहित नगरपालिका पठाउनु

पर्नेछ साथै कार्यालयले चालु आर्थिक वर्षसम्मको कर रकम असूल गरी सम्बन्धित निकायमा खारेजीका लागि सिफारिस गर्नेछ तर बन्द भएको निवेदन नपरेसम्म व्यवसाय सञ्चालनमै रहेको मानी कर असुल उपर गरिनेछ।

११. व्यवसायको दर्ता प्रमाणपत्र हराएमा, च्यातिएमा वा यस्तै अन्य कारणले नयाँ प्रमाणपत्र उपलब्ध गराउनु पर्ने अवस्था भएमा प्रतिलिपि दस्तुर लिई प्रतिलिपि प्रमाणपत्र जारी गर्न सक्नेछ। तर नवीकरण गर्ने महल खाली नभएको अवस्थामा नयाँ प्रमाणपत्र उपलब्ध गराउँदा दस्तुर लाग्ने छैन

१२. संघीय र प्रदेश कानुन बमोजिम अन्य निकायमा नयाँ दर्ता हुने व्यापार, व्यवसाय,उद्योगको सम्बन्धमा वडाबाट सिफारिस गर्दा चालु आ.व.को आर्थिक ऐन अनुसार व्यापार, व्यवसाय, उद्योगको प्रकार र किसिम अनुसार दर्ता सिफारिस शुल्क असुल गरि दर्ता सिफारिस अभिलेख कितावमा विवरण राखी उक्त विवरण नगरपालिकामा पठाउनुपर्नेछ।तर अन्य निकायमा दर्ता भै आएका व्यापार, व्यवसाय, उद्योगको व्यवसाय कर अभिलेखका लागि नगरपालिकामा सिफारिस गरि पठाउदा सिफारिस शुल्क नलिई संचालन भएको मिति एकिन गरि अन्य कागजात सहित पठाउनुपर्नेछ।

१३. संघीय र प्रदेश कानुन बमोजिम अन्य निकायमा दर्ता भएका र दर्ता हुने व्यापार, व्यवसाय, उद्योगलाई व्यवसाय कर तिर्नुपर्ने सम्बन्धमा संचालकहरूलाई जानकारी दिई अनिवार्य नगरपालिकामा पठाउनुपर्ने दायित्व वडा कार्यालयको हुनेछ।

अनुसूची-५

(दफा ६ सँग सम्बन्धित)

**दस्तुर तथा सेवा शुल्क**

| क्र.सं. | विषय | इकाई | दस्तुर रू. |
|---|---|---|---|
| १ | **सिफारीस तथा प्रमाणित दस्तुर** | | |
| १.१ | नागरिकताको प्रतिलिपी सिफारीस | वटा | २०० |
| १.२ | वैवाहिक अङ्गिकृत नागरिकता सिफारीस | वटा | २००० |
| १.३ | बन्द घर वा कोठा खोल्न सिफारीस | पटक | २०० |
| १.४ | गैरआबासीय नेपाली नागरिता सिफारिस | पटक | १००० |
| १.५ | व्यापार व्यवसाय, बन्द भएको, संचालन नभएको वा व्यापार हुँदै नभएको | वटा | ५०० |
| १.६ | वडावाट जारी हुने कागजात अंग्रेजी भाषामा सिफारीस प्रमाणित -प्रति सिफारिस) | वटा | २०० |
| १.७ | घर पाताल प्रमाणित | वटा | ३०० |
| १.८ | जग्गा धनी दर्ता प्रमापत्र हराएको सिफारीस | पटक | ३०० |
| १.९ | संरक्षण प्रमाणित गर्ने तथा संस्थागत र व्यक्तिगत संरक्षक सिफारीस गर्ने | वटा | ३०० |
| १.१० | जीवितसंगको नाता प्रमाणित गर्ने | पटक | ३०० |

| क्र.सं. | विषय | इकाई | दस्तुर रू. |
|---|---|---|---|
| १.११ | मृतकसंगको नाता प्रमाणित तथा सर्जिमिन सिफारीस | पटक | ३०० |
| १.१२ | जीवित रहेको सिफारीस | पटक | ३०० |
| १.१३ | हकवाला वा हकदार प्रमाणित गर्ने | पटक | ३०० |
| १.१४ | नामसारी सिफारीस गर्ने | पटक | ५०० |
| १.१५ | जग्गाको हक सम्बन्धमा सिफारीस गर्ने | पटक | ५०० |
| १.१६ | वैवाहिक अङ्गिकृत नागरिकता सिफारीस | वटा | २००० |
| १.१७ | अचल सम्पत्ति मूल्याङ्कन (मूल्याङ्कन अंकको) जग्गाको मुल्याङ्कन सरह | | जग्गा सरह |
| १.१८ | रकम कलम उठाइ दिए वापत सयकडा | १०० मा | २ |
| १.१९ | घर नम्वरिङ प्रति घर | | २०० |
| १.२० | स्थलगत प्राविधिक सेवा शुल्क (स्वीकृत योजना घर नक्सा बाहेक) | | २०० |
| १.२१ | छुट जग्गाको दर्ता सिफारिस दस्तुर | प्रति रोपनी | १००० |
| १.२२ | नाफा मूलक संस्था दर्ता/सिफारिस शुल्क | पटक | १००० |
| १.२८ | सेवामूलक संस्था दर्ता/सिफारिस शुल्क | पटक | ५०० |
| १.२९ | भाडाका ढुवानी साधन र यातायात सेवा दर्ता सिफारिस | वटा | १००० |
| १.३१ | रुख काट्ने सिफारिस | प्रतिगोटा | १०० |
| १.३२ | नेपाली पेन्सन पट्टा सम्बन्धि सिफारिस | पटक | ३०० |
| १.३३ | भारतीय पेन्सन पट्टा सम्बन्धि सिफारिस | पटक | २००० |
| १.३४ | अन्य मुलुकको पेन्सन पट्टा सम्बन्धि सिफारिस | पटक | ३००० |
| १.३५ | अपुताली सिफारिस (नेपालको लागि) | वटा | १००० |
| १.३६ | अपुताली सिफारिस (विदेशको लागि) | वटा | २,००० |
| १.३७ | परिवार ल्याएको लगेको सिफारिस | पटक | ३०० |
| १.३८ | विवाह दर्ता सिफरिस (विदेसिसँग) | पटक | २००० |
| १.३९ | वडाबाट जारी भएका कागजात नपाबाट कन्सुलर प्रमाणित दस्तुर | प्रति गोटा | २०० |
| १.४० | जडिबुट्टी सिफारिस दस्तुर | पटक | १००० |
| १.४१ | नाबालक सिफारिस दस्तुर | पटक | १००० |
| १.४२ | संगोल प्रमाणित दस्तुर | पटक | ५०० |
| १.४३ | उल्लेखित बाहेकका अन्य विविध प्रमाणित तथा सिफारिस | वटा | ५०० |
| १.४४ | सर्जिमिन मुचुल्का वापत (सवै प्रकारको) | वटा | ५०० |
| १.४५ | वोधिचित्त (बोक्रा रहित) निकासी सिफारिस दस्तुर | प्रति के.जी. | ४० |

| क्र.सं. | विषय | इकाई | दस्तुर रू. |
| --- | --- | --- | --- |
| १.४६ | गोधिचित्त (बोक्रा सहित) निकासी सिफारिस दस्तुर | प्रति के.जी. | २० |
| २ | **न्यायिक सेवा तर्फ** | | |
| २.१ | सूचना म्याद दस्तुर | वटा | १०० |
| २.२ | लिखत जवाफ दस्तुर | वटा | १०० |
| २.३ | निवेदनको प्रतिलिपी दस्तुर | वटा | ५० |
| २.४ | नक्कल प्रति पाना रू. | प्रति पाना | ५ |
| २.५ | मेलमिलाप गर्ने दुवै पक्षहरूवाट लिने | एकमुष्ट | रु.५००/ ५०० |
| ३ | **घ वर्ग निर्माण व्यवसायी** | | |
| ३.१ | घ वर्ग निर्माण व्यवसायी दर्ता | वटा | १०००० |
| ३.२ | घ वर्ग निर्माण व्यवसायी ईजाजत पत्र नविकरण | | आश्विन मसान्त सम्म ३००० चैत्र मसान्त सम्म ५००० त्यसपछि नविकरण गर्दा रू.१०००० जरिवाना लाग्नेछ |
| ३.३ | घ वर्गको निर्माण व्यवसायी ईजाजत पत्र प्रतिलिपी दस्तुर | वटा | १००० |
| ३.४ | घ वर्गको निर्माण व्यवसायी ईजाजत पत्र नाम सारी, ठाउँ सारी, साझेदार थपघट | | २००० |
| ३.५ | घ वर्गको निर्माण व्यवसायी ईजाजत पत्र प्रा.लि. दर्ता शुल्क | | १५,००० |
| ४ | **शैक्षिक क्षेत्र** | | |
| ४.१ | कक्षा ८ को सर्टिफिकेटमा नाम, थर, जन्ममिति संशोधन शुल्क | वटा | ३०० |
| ४.२ | शिक्षक नियुक्ति समर्थन अभिलेख वापत आधारभूत तह, स्थायी /राहत/संघ तथा प्रदेश अनुदान | वटा | १००० |
| ४.३ | शिक्षक नियुक्ति समर्थन अभिलेख वापत माध्यमिक तह, स्थायी /राहत/संघ तथा प्रदेश अनुदान | वटा | १५०० |
| ५.१ | शिक्षक आवेदन दस्तुर माध्यमिक तह | वटा | १००० |
| ५.२ | शिक्षक आवेदन दस्तुर निमावी तह | वटा | ७०० |
| ५.३ | शिक्षक आवेदन दस्तुर प्रा.वि तह | वटा | ५०० |
| ६ | **कृषक समुह** | | |
| ६.१ | दर्ता दस्तुर | | ३०० |
| ६.२ | नविकरण दस्तुर | | १०० |

| क्र.सं. | विषय | इकाई | दस्तुर रू. |
|---|---|---|---|
| ७ | रासायानिक मल डिलरसिप नविकरण दस्तुर | | २००० |
| ८ | रासायानिक मल बिक्रेता ईजाजत दस्तुर | | ५००० |
| ९ | जैविक तथा प्राङ्गारिक मल बिक्रेता ईजाजत दस्तुर | | २००० |
| १० | जैविक तथा प्राङ्गारिक मल बिक्रेता नविकरण दस्तुर | | १००० |
| ११ | लेखापरिक्षण सेवा सूचिकृत शुल्क | | २००० |
| १२ | इन्जिनियरिङ सेवा सूचिकृत शुल्क | | ५००० |
| १३ | अन्य सेवा सूचिकृत शुल्क | | ५०० |
| **१४** | **आयस्रोत प्रमाणित** | | |
| १४.१ | रु.१० लाख सम्मको | | ५०० |
| १४.२ | रु.१० लाख १ देखी ५० लाख सम्मको | | २००० |
| १४.३ | रु. ५० लाख १ देखी माथि | | ५००० |
| **१५** | **व्यक्तिगत घटना दर्ता (राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण नियमावली २०७७ को अनुसूची ३ बमोजिम)** | | |
| १५.१ | व्यक्तिगत घटना दर्ता, प्रमाणित सेवा शुल्क (३६ दिन देखि माथि) | वटा | २०० |
| १५.२ | व्यक्तिगत घटना दर्ता, प्रमाण पत्रको प्रतिलिपि | वटा | ५०० |
| १५.३ | व्यक्तिगत घटना तथा नागरिक अभिलेख दर्ता किताव हेरेको दस्तुर | पटक | २०० |
| १५.४ | परिचय पत्र वा वैयतिक विवरणको प्रमाणिकरणको सेवा वापत प्रति व्यक्ति | प्रति पटक | ५ |
| १५.५ | जैविक विवरण तथा परिचयपत्रको प्रमाणिकरणको सेवा वापत प्रति व्यक्ति | प्रति पटक | १० |
| १५.६ | परिचयनम्वर वैयतिक विवरण जैविक विवरण वा परिचयपत्रको प्रमाणिकरण भई सम्बन्धित व्यक्तिको अन्य वैयतिक विवरण प्रदान गरे वापत प्रति व्यक्ति | प्रति पटक | २० |
| १६ | बसोवास प्रमाणित (वैदेशिक प्रयोजन) | पटक | १००० |
| १७ | जन्म मिति प्रमाणित | वटा | २०० |
| १८ | विवाह प्रमाणित वा अविवाहित प्रमाणित | वटा | ३०० |
| १९ | नाम, थर, जन्म मिति तथा वतन फरक भए एकै व्यक्ति हो भन्ने सिफारीस | पटक | ३०० |
| २० | नाम थर मिति संसोधनको सिफारीस गर्ने | पटक | ३०० |
| **२१** | **मोही लगत कट्टा सिफारीस** | | |
| २१.१ | शहरी क्षेत्र | प्रति रोपनी | २०० |

| क्र.सं. | विषय | इकाई | दस्तुर रू. |
|---|---|---|---|
| २१.२ | ग्रामीण क्षेत्र | प्रति रोपनी | १०० |
| २२ | **जग्गा धनी दर्ता प्रमाणपुर्जामा घर कायम गर्न सिफारीस गर्ने** | | |
| २२.१ | पक्की घर | पटक | १००० |
| २२.२ | कच्ची घर | पटक | २०० |
| २३ | **कित्ताकाट गर्न सिफारीस** | | |
| २३.१ | जग्गाको वर्गिकरणमा क अनुसार क्षेत्र | प्रतिआना | १००० |
| २३.२ | जग्गाको वर्गिकरणमा ख, ग अनुसार क्षेत्र | प्रतिरोपनी | ५०० |
| २३.३ | जग्गाको वर्गिकरणमा घ अनुसार क्षेत्र | प्रतिरोपनी | ४०० |
| २३.४ | जग्गाको वर्गिकरणमा ङ, र च अनुसार क्षेत्र | प्रतिरोपनी | २०० |
| २४ | **जग्गा मुल्याङ्कन सिफारीस (मुल्याङ्कन रकमको)** | | |
| २४.१ | कुल मुल्याङकन ५० लाख सम्म हुने (सम्पत्ति कर, मालपोत र अन्य कर तिरेको आधारमा) | प्रति लाख | ५ |
| २४.२ | कुल मुल्याङक ५० लाख भन्दा बढी (सम्पत्ति कर, मालपोत र अन्य कर तिरेको आधारमा) | प्रति लाख | १० |
| २४.३ | आर्थिक अवस्था सम्पन्न भएको सिफारीस | पटक | ५०० |
| २५ | **संस्थागत विद्यालयको दर्ता सिफारिस शुल्क** | | |
| २५.१ | उच्च माध्यमिक विद्यालय | | ३००० |
| २५.२ | माध्यमिक विद्यालय | | २००० |
| २५.३ | आधारभुत विद्यालय | | १००० |
| २५.४ | विद्यालय ठाउँसारीको सिफारीस | | ५०० |
| २५.५ | संस्थागत विद्यालय कक्षा थपको सिफारिस | पटक | ५०० |
| २६ | **सामुदायिक तथा संस्थागत विद्यालयको तहगत अनुमति र कक्षा थप धरौंटी** | | |
| २६.१ | **सामुदायिक विद्यालय** | | |
| २६.१.१ | पूर्व प्राथमिक | एकमुष्ट | ० |
| २६.१.२ | आधारभूत (कक्षा १-१० सम्म) | एकमुष्ट | १००००० |
| २६.१.३ | माध्यमिक तह -कक्षा ११-१२ सम्म) | एकमुष्ट | ३००००० |
| २६.२ | **संस्थागत विद्यालय** | | |
| २६.२.१ | पूर्व प्राथमिक | एकमुष्ट | १००००० |
| २६.२.२ | आधारभूत (कक्षा १-८ सम्म) | एकमुष्ट | ३००००० |

| क्र.सं. | विषय | इकाई | दस्तुर रू. |
|---|---|---|---|
| २६.२.३ | माध्यमिक तह -कक्षा ९-१२ सम्म) | एकमुष्ट | ५०००० |
| २७ | **धारा विद्युत टेलिफोन जडानको सिफारीस** | | |
| २७.१ | औद्योगिक प्रयोजन | | २००० |
| २७.२ | व्यापारिक प्रयोजन | | १००० |
| २७.३ | घरायसी प्रयोजन | | २०० |
| २८ | **घरबाटो सिफारीस ग्रामीण क्षेत्र** | | |
| २८.१ | घरबाटो साँध सिमाना प्रमाणित (जग्गाको वर्गीकरण अनुसार) ५ रोपनी सम्म | पटक | ५०० |
| २८.२ | घरबाटो साँध सिमाना प्रमाणित (५ रोपनी भन्दा बढी | | १००० |
| २८.३ | चार किल्ला प्रमाणित (५ रोपनी सम्म) | पटक | ५०० |
| २८.४ | चार किल्ला प्रमाणित, घरबाटो साँध सिमाना प्रमाणित (५ रोपनी भन्दा बढी) | पटक | १००० |
| २९ | **घरबाटो सिफारीस राष्ट्रिय राजमार्ग** | | |
| २९.१ | घरबाटो साँध सिमाना प्रमाणित -जग्गाको वर्गीकरण अनुसार) १ रोपनी सम्म | पटक | १००० |
| २९.२ | घरबाटो साँध सिमाना प्रमाणित (१ रोपनी भन्दा बढी) | पटक | २००० |
| २९.३ | चार किल्ला प्रमाणित (१ रोपनी सम्म ) | पटक | १००० |
| २९.४ | चार किल्ला प्रमाणित (१ रोपनी भन्दा बढी ) | पटक | २००० |
| ३० | **उद्योग/ व्यवसाय दर्ता सिफारीस** | | |
| ३०.१ | क. ३० करोड भन्दा बढी पूँजी भएको) | वटा | २००००० |
| ३०.२ | ख. १० करोड भन्दा बढी ३० करोड भन्दा कम पूँजी भएको) | वटा | १५०००० |
| ३०.३ | ग. ३ करोड भन्दा बढी १० करोड सम्म पूँजी भएको) | वटा | १००००० |
| ३०.४ | घ. १ करोड भन्दा बढी ३ करोड सम्म पूँजी भएको) | वटा | ५०००० |
| ३०.५ | ङ. ५० लाख देखि १ करोड सम्म पूँजी भएको) | वटा | ५००० |
| ३०.६ | च. २० लाख देखी ५० लाख सम्म लगानी भएको) | वटा | २००० |
| ३०.७ | छ. २० लाख भन्दा कम लगानी भएको | वटा | १००० |
| ३०.८ | उद्योग दर्ता नवीकरण सिफारीस (उद्योग दर्ता सिफारीसको) | उ.द. सिफारीसको | ५ प्रतिशत |
| ३०.९ | उद्योगको क्षमता अभिवृद्धि सिफारीस (थप पूँजीमा मात्र) | उ.द. सिफारीसको | २० प्रतिशत |
| ३०.१० | उद्योग/व्यवसायको नामसारी सिफारीस क र ख | वटा | २००० |

| क्र.सं. | विषय | इकाई | दस्तुर रू. |
|---|---|---|---|
| ३०.११ | उद्योग/व्यवसायको नामसारी सिफारीस ग, घ | | १५०० |
| ३०.१२ | उद्योग/व्यवसायको नामसारी सिफारीस ङ, च | | १००० |
| ३०.१३ | उद्योग/व्यवसायको नामसारी सिफारीस छ | | ५०० |
| ३१ | **उद्योग ठाउँसारी सिफारीस /संशोधन गर्ने** | | |
| ३१.१ | क र ख वर्गका उद्योगहरू | पटक | ५००० |
| ३१.२ | ग, घ वर्गका सिफारीस | पटक | २००० |
| ३१.३ | ङ, च छ वर्गका सिफारीस | पटक | १००० |
| ३१.४ | उद्योग/व्यवसायको स्थानान्तरण (ठाउँसारी) गर्दा उक्त वर्गको नयाँ दर्ता गर्दा लाग्ने राजश्वको अनुसार | पटक | २५% |
| ३१.५ | व्यबसायको प्रकृति र कारोबार गर्ने वस्तु तथा सेवाको किसिममा संशोधन दस्तुर | पटक | ५०० |
| ३२ | **जग्गा नाप नक्सा गरी सिमाना कायम गर्ने** | | |
| ३२.१ | १ रोपनी सम्मका लागि एकपटक | पटक | १५०० |
| ३२.२ | १ रोपनी सम्मका लागि एकपटक टोटल स्टेशन मार्फत नापजाँच | पटक | २५०० |
| ३२.३ | १ रोपनी देखी ५ रोपनी सम्मका लागि एकपटक | पटक | ३००० |
| ३२.४ | १ रोपनी देखी ५ रोपनी सम्मका लागि एकपटक टोटल स्टेशन मार्फत नापजाँच | पटक | ६००० |
| ३२.५ | ५ रोपनी देखी १५ रोपनी सम्मका लागि एकपटक | पटक | ५००० |
| ३२.६ | ५ रोपनी देखी १५ रोपनी सम्मका लागि एकपटक टोटल स्टेशन मार्फत नापजाँच | पटक | १०००० |
| ३२.७ | १५ रोपनी भन्दा वढीका लागि एकपटक | पटक | ७५०० |
| ३२.८ | १५ रोपनी भन्दा वढीका लागि एकपटक टोटल स्टेशन मार्फत नापजाँच | पटक | १५००० |
| ३३ | **स्वीकृत नभएको क्षेत्रबाट वालुवा, ढुंगा, गिटी, ग्राभेल, वेस, चिप्स लगाएतका खनिज पदार्थ उत्खनन् जरीवाना दस्तुर** | | |
| ३३.१ | ठूला ढुवानी साधनको हकमा (ट्रिपर, ट्रक आदी) पहिलो पटक | पटक | २५००० |
| ३३.२ | ठूला ढुवानी साधनको हकमा (ट्रिपर, ट्रक आदी) दोस्रो पटक | पटक | ५०००० |
| ३३.३ | तेस्रो पटक (संघिय कानून बमोजिम कारवाही हुने) | | |
| ३३.४ | साना ढुवानी साधनको हकमा (आईचर, ट्रयाकटर आदी) पहिलो पटक | पटक | १५००० |
| ३३.५ | साना ढुवानी साधनको हकमा (आईचर, ट्रयाकटर आदी) दोस्रो पटक | पटक | ३०००० |
| ३३.६ | तेस्रो पटक (संघिय कानून बमोजिम कारवाही हुने) | | |

| क्र.सं. | विषय | इकाई | दस्तुर रू. |
|---|---|---|---|
| ३३.७ | मेशिनरी उपकरणको हकमा (व्याकहो लोडर, स्काभेटर आदी) पहिलो पटक | पटक | ५०००० |
| ३३.८ | मेशिनरी उपकरणको हकमा (व्याकहो लोडर, स्काभेटर आदी) दोस्रो पटक | पटक | १००००० |
| ३३.९ | तेस्रो पटक (संघिय कानून बमोजिम कारवाही हुने) | | |
| **३४** | **विविध** | | |
| ३४.१ | घर बहाल सम्झौता प्रमाणित (व्यक्तिगतको हकमा) | पटक | १०० |
| ३४.२ | घर बहाल सम्झौता प्रमाणित (संस्थागतको हकमा) | पटक | १००० |
| **३५** | **वैना पट्टा कारोवार हुने रकमका आधारमा** | | |
| ३५.१ | घर जग्गा वैना वट्टा प्रमाणित रू.१० लाख सम्मको | पटक | १००० |
| ३५.२ | घर जग्गा वैना वट्टा प्रमाणित रू.१० लाख १ देखी रू.२० लाख सम्मको | पटक | १५०० |
| ३५.३ | घर जग्गा वैना वट्टा प्रमाणित रू.२० लाख १ देखी रू.४० लाख सम्मको | पटक | २००० |
| ३५.४ | घर जग्गा वैना वट्टा प्रमाणित रू.४० लाख १ देखी रू.८० लाख सम्मको | पटक | ५००० |
| ३५.५ | घर जग्गा वैना वट्टा प्रमाणित ८० लाख १ देखि ५ करोड सम्मको | पटक | १०००० |
| ३५.६ | घर जग्गा वैना वट्टा प्रमाणित ५ करोड १ देखि १० करोड सम्मको | पटक | २०००० |
| ३५.७ | घर जग्गा वैना वट्टा प्रमाणित १० करोड १ देखि माथि | पटक | ३०००० |
| **३६** | **विक्रि शुल्क** | | |
| ३६.१ | ईटा विक्रि शुल्क | प्रति ईँटा | ०.१५ |
| **३७** | **व्यवसाय दर्ता प्रमाणपत्र प्रतिलिपि** | | |
| ३७.१ | रु.५ लाख सम्मको पुंजी भएको | पटक | ५०० |
| ३७.२ | रु.५ लाख १ देखी २० लाख सम्मको पुँजी भएको | पटक | १००० |
| ३७.३ | रु.२० लाख १ देखी ५० लाख सम्मको पुंजी भएको | पटक | २००० |
| ३७.४ | रु.५० लाख १ देखी माथि पुंजी भएको | पटक | ३००० |

**नोटः**

१. छुटेका अन्य शुल्क तथा करहरू वागमती प्रदेशको आर्थिक ऐन बमोजिम हुनेछ।

२. यस नगरपालिका क्षेत्र भित्र रहेका सबै किसिमका व्यवसाय, फर्म, संघ, संस्थाहरू दर्ता तथा नविकरण नभएमा, बहाल कर चुक्ता नभएमा तथा सम्पति तथा भूमिकर चुक्ता नगरेमा नगरपालिकाबाट उपलब्ध गराईने अनुदान, राहत, क्षतिपूर्ति, सहायता उपलब्ध गराईने छैन निजहरूलाई दिईने सेवा सुविधा रोक्न बैंक वित्तीय संस्था, कर कार्यालय, उद्योग तथा वाणिज्य कार्यालय, कम्पनी रजिस्टार कार्यालय ,मालपोत कार्यालयहरूसँग समन्वय र पत्राचार गरिनेछ।

### नक्सा पास दस्तुर

| क्र. सं. | नक्सापास दस्तुर<br>घरको प्रयोगको प्रयोजन | ईकाइ | औद्योगिक, व्यापारिक | आवासिय र कृषि |
|---|---|---|---|---|
| १ | क)आर.सि.सि.फ्रेम स्टक्चर | प्रति वर्ग फिट रु. | १० | ६ |
| २ | ख)सिमेन्ट जोडाईमा ईटा वा ढुङ्गाको गाह्रो आर सि सि छाना | प्रति वर्ग फिट रु. | १० | ४ |
| ३ | ग)सिमेन्ट/माटोको जोडाइमा ढुङ्गाको गाह्रो वा ईटाको गारो जस्ता/टायलको छानो | प्रति वर्ग फिट रु. | ५ | ३ |
| ४ | घ)माटोको जोडाईमा ईटा वा ढुङ्गाको गारो जस्ता/टायलको छाना | प्रति वर्ग फिट रु. | - | १ |
| ५ | स्टील स्ट्रकचर | प्रति वर्ग फिट रु. | १० | ६ |
| ६ | फलाम र जस्ताको छाना - अस्थाई टहरा | प्रति वर्ग फिट रु. | २ | १ |
| ७ | फलाम र प्लास्टिकको छाना / अन्य छाना - अस्थाई टहरा | प्रति वर्ग फिट रु. | २ | १ |
| ८ | बाँस र जस्ताको छाना - अस्थाई टहरा | प्रति वर्ग फिट रु. | २ | १ |
| ९ | बाँस र प्लास्टिकको छाना / अन्य छाना - अस्थाई टहरा | प्रति वर्ग फिट रु. | २ | १ |
| १० | स्विमिंग पुल, पानी पोखरी, माछा पोखरी | प्रति वर्ग फिट रु. | १० | २ |
| ११ | सार्वजनिक सरोकारका भवन र नगरपालिकाबाट निर्मित भवन लाइ निवेदन दस्तुर वाहेक अन्य शुल्क नलाग्ने | प्रतिस्क्वायर फिट | निशूल्क | निशूल्क |
| १२ | कम्पाउण्ड वाल | प्रति र.मी. | १ | ०.५० |
| १३ | नक्सा पास निवेदन दस्तुर | गोटा | ५०० | ५०० |
| १४ | निर्माण सम्पन्न प्रमाणपत्र दस्तुर (क र ख वर्ग) | | १,००० | ५०० |
| १५ | निर्माण सम्पन्न प्रमाणपत्र दस्तुर (ग र घ वर्ग) | | २०० | १००.०० |
| १६ | नक्साको प्रतिलिपी | गोटा | १,००० | ५०० |
| १७ | नक्सा संसोधन (नक्सा पास दस्तुरको) | गोटा | १० प्रतिशत | १० प्रतिशत |
| १८ | नक्सा नामसारी (घरपरिवार भित्र) | पटक | १,००० | १,००० |
| १९ | नक्सा नामसारी (परिवार वाहिर) | पटक | २,००० | १,००० |
| २० | नक्सापास समयवधि थप (नक्सापास दस्तुरको) | पटक | छ प्रतिशत | छ प्रतिशत |
| २१ | घर अभिलेखीकरण (२०६० भन्दा पछि नगरपालिका कार्यान्वयनमा आउनु पूर्व निर्माण भएका घरहरू) | क र ख वर्गका घरहरूमा उपरोक्त दरमा ५० प्रतिशत छुट, ग र घ ६० प्रतिशत छुट | | |
| २२ | घर अभिलेखीकरण (वि.स. २०६० भन्दा अगाडी बनेका घरधुरीहरू) | क र ख वर्गका घरहरूमा उपरोक्त दरमा ८५ प्रतिशत छुट, ग र घ वर्गका घरहरूमा ९० प्रतिशत छुट | | |
| २३ | २०७३ फागुन २७ पछि निर्माण भएका घरहरू अभिलेखिकरण गर्दा | कुनै छुट प्रदान नगरिने | | |

**नोट :-**

१. साविक गा.वि.स.मा नक्सा पास भएको र घर निर्माण सम्पन्न समेतलाई हाल निर्माण सम्पन्न लिन आउँदा हाल लाग्ने राजश्व को ५% का दरले नविकरण शुल्क लिने ।

२. साविक गा.वि.स. मा नक्सा पास भएको हाल आंशिक निर्माण सम्पन्न लिन आउँदा बुँदा नं. १ बमोजिम नै नविकरण शुल्क लिने ।

३. नगरपालिका भएपछि नक्सा पास भएको र २ वर्ष समाप्त भएमा थप २ वर्ष भित्र स्वीकृत लिएको मिति देखि जम्मा ४ वर्ष नबढ्ने गरी ५% का दरले शुल्क लिई नक्सा नविकरण गर्ने ।

४. नगरपालिका भएपछि नक्सा पास भएको र ४ वर्ष समाप्त हुँदासम्म पनि कुनै पनि निर्माण कार्य सुरु नगरेमा हालको भवन मापदण्ड बमोजिम हुने गरी नयाँ नक्सापास सरह नविकरण शुल्क लिने ।

५. एकभन्दा बढी व्यक्तिहरू बीच घर बिक्री भई नक्सा पास नामसारी गर्न आउँदा अघिल्ला व्यक्तिहरूले नक्सा पास नामसारी नगरिएको र पछिल्लो व्यक्तिको नाममा नक्सा पास नामसारी गर्दा अघिल्लो व्यक्तिहरूको क्रमसंख्या अनुसार नामसारी नगरिएका प्रति संख्याको हालको नक्सा पास दस्तुरको २५ प्रतिशत थप शुल्क लिई नक्सा नामसारी गर्ने ।

६. सरकारी र सार्वजनिक निकायका नक्सा पास गर्दा कुनै शुल्क लाग्ने छैन । डिपिआर भएका नक्साको हकमा सोही डिपिआरलाई मुल नक्सा मानी कार्यपालिकाबाट स्वीकृत गरिनेछ ।

७. आर.सी.सी स्टील स्ट्रक्चर भएका घरहरूको माथिल्लो अन्तिम तल्लामा जस्ता को टहरा भएमा नक्सा नियमित ,अभिलेखीकरण वा नक्सा पास गर्दा आर.सी.सी स्टील स्ट्रक्चरकै नक्सा पास दररेट कायम हुनेछ।

८. धुनिवेशी नगरपालिका/वडा कार्यालय/स्वास्थ्य संस्थाहरूलाई निशुल्क रुपमा जग्गा उपलब्ध गराउने जग्गादाताहरूलाई निजले निर्माण गर्ने १ वटा आवासिय भवन (५००० वर्ग फिट सम्म) को नक्सा पास गर्दा लाग्ने सम्पुर्ण दस्तुर छुट दिईनेछ ।

९. कृषि तथा पशुपन्छी व्यवसाय गर्ने प्रयोजनका लागि जुनसुकै प्रकारका संरचना वनेको अथवा वनाईएको भए उक्त संरचनाहरुको शुल्क सोही संरचनाको आवासीय र कृषिका लागि तोकेको दरमा नक्सा पास गरिनेछ।

१०. सि.नं. ६ मा उल्लेखित सरकारी, सार्वजनिक सरोकारका भवन भन्नाले सरकारी भवन र खारेजी वा विघटन भएमा सम्पत्ति नगरपालिकाको स्वामित्वमा आउने विधानमा उल्लेख भएको संस्था मानिनेछ।

११. नक्सा पास गरि निर्माण शुरु गरेको र भवन निर्माण मापदण्ड भित्र रहने गरि भवनको ईलीभेसन, सामान्य डीजाईनमा परिवर्तन गरि निर्माण गरेको पाईएमा नक्सापास गर्दा बखतको १०% हुन आउने गरि थप दस्तुर लिई भवन निर्माण सम्पन्न प्रमाणपत्र दिइनेछ ।

१२. नक्सा पास गरि निर्माण गरेको र भवन निर्माण मापदण्ड भित्र रहने गरि भवनको एकै तल्लामा कोठा थप गरि निर्माण गरेको पाईएमा थप गरिएको ब,फि. लाई नक्सा पास सरह थप दस्तुर लिई भवन निर्माण सम्पन्न प्रमाण पत्र दिइनेछ ।

१३. कृषि / पशु संग सम्बन्धित प्रा.लि. तथा अन्य निकायमा दर्ता भएकोमा जुनसुकै प्रकारका संरचना वनेको अथवा वनाईएको भए उक्त संरचनाहरुको शुल्क सोही संरचनाको आवासीय र कृषिका लागि तोकेको दरमा नक्सा पास गरिनेछ।

१४. कुनै व्यक्ति तथा संस्थाले जग्गा भाडा/लीजमा लिई व्यवसाय गर्दा जग्गा धनीको मन्जुरीमा लिई जति बर्षको

लागि जग्गा भाडा/लीजमा लिईएको हो त्यति नै बर्षको लागि जग्गा भाडा/लीजमा लिने व्यक्ति/संस्थाको नाममा नक्सापास गर्न सकिनेछ । भाडा/लीजको अबधि सकिएको अवस्थामा जग्गा धनीले चाहेको खण्डमा आवश्यक प्रक्रिया पुरा गरि आफ्नो नाममा नक्सा नामसारी गर्न सकिनेछ अन्यथा सो नक्सा स्वत बदर हुनेछ ।

१५. नियमित नक्सा पासको हकमा नयाँ नक्सा सरह राजश्व लिइ नक्सा नियमित गरी निर्माण सम्पन्न प्रमाणपत्र दिइनेछ।

१६. निजि लगानीमा शहरी वस्ती विकास योजना (प्लटिङ)गर्दा प्रतिरोपनी रु.१५०००/- का दरले प्लटिङ गर्ने अनुमति प्राप्त फर्म तथा संस्थाले सेवा शुल्क वापतको रकम अग्रीम रुपमा यस कार्यालयमा दाखिला गर्नुपर्नेछ।

**कित्ताकाट सिफारीस गर्ने प्रयोजनको लागि जग्गाको वर्गिकरण**

| | |
|---|---|
| क वर्ग | राष्ट्रिय राजमार्गको मुख्य बजार क्षेत्रका घडेरी प्रयोजनका जग्गाहरू |
| ख, ग वर्ग | राष्ट्रिय राजमार्गको घडेरी प्रयोजन बाहेकका जग्गाहरू र सहायक राजमार्गका घडेरी प्रयोजनका जग्गाहरू |
| घ वर्ग | ग्रामीण सडकका जग्गाहरू |
| ङ, र च वर्ग | ग्रामीण भेगका अन्य जग्गाहरू |

**अनुसूची-६**
**(दफा ८ सँग सम्बन्धित)**
**विज्ञापन कर**

| क्र.सं. | विवरण | दर रू. |
|---|---|---|
| १ | विज्ञापन कर | |
| | क. कपडा र फ्लेक्स सबै किसिमको प्रति वर्ग फिट | ६५।- |
| | ख. पसलका लागि स्थाई होर्डिङ बोर्डको विज्ञापन प्रति वर्गफिट | ६५।- |
| | ग. पटके होर्डिङ्ग बोर्ड विज्ञापन गरे वापत प्रति वर्गफिट | २०।- |
| | घ. स्थायी होर्डिङ्ग बोर्ड विज्ञापन प्रति वर्गफिट | ६५।- |
| | ङ. वाल पेन्टिङ्ग प्रतिवर्ग फिट | ३५।- |
| | च. सटर पेन्टिङ्ग प्रति वर्गफिट | १०।- |
| | छ. स्टल राखी विज्ञापन गरे वापत प्रति स्टल/प्रतिदिन | २५०।- |

उल्लेखित दररेटमा मू.अ.कर थप लाग्नेछ।

**पुनश्च**: कार्यालय प्रयोजनका लागि राखिएको ३० वर्गफुटसम्मको परिचयपाटीलाई कार्यालय बोर्ड मानिनेछ। मापदण्ड बमोजिम कार्यालय वोर्ड राखे वापत विज्ञापन कर लाग्ने छैन। सो भन्दा बढी भएमा नियमानुसार विज्ञापन कर लाग्नेछ।

## अनुसूची ७
### दफा ९ सँग सम्बन्धित
### जडीवुटी जिवजन्तु तथा कवाडी कर

| क्र. सं. | विवरण | एकाई | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | खाली वियरका बोतल | प्रति गोटा | रू. ५० पैसा | |
| २ | अन्य बोतलहरु | प्रति गोटा | रू. २५ पैसा | |
| ३ | धातुजन्य पदार्थ (तामा, पितल, फलाम | प्रति के.जी | रू. ३ रुपैया | |
| ४ | झिण्डु (प्राकृतिक र कृत्रिम उनका टुक्राहरु) | प्रति केजी | रू. २ रुपैया | |
| ५ | जलेको मोबिल | प्रतिलिटर | रू. ५० पैसा | |
| ६ | जुट र प्लाष्टिकको बोरा | प्रति के.जी. | रू. १ रुपैया | |
| ७ | पुराना कागजहरु | प्रति के.जी. | रू. १ रुपैया | |
| ८ | प्लाष्टिकजन्य सामानहरु | प्रति के.जी. | रू. १ रुपैया | |
| ९ | प्रचलित कानुनले निषेध गरेका बाहेक मरेका वा मारिएका जिवजन्तुहरुको हाड, छाला, सिङ, प्वाँख | प्रति के.जी. | रू. २ रुपैया | |
| १० | प्रचलित कानुनले निषेध गरेका बाहेक जडिबुटीहरु | प्रति. केजी | रू. २ रुपैया | |
| ११ | व्याट्रिहरु | प्रति.के.जी | रु.२ रुपैया | |
| १२ | अन्य कवाडी सामानहरु | प्रति.के.जी | रू. २ रुपैया | |

उल्लेखित दररेटमा मू.अ.कर थप लाग्नेछ

## अनुसूची–८
### (दफा ११ (१) सँग सम्बन्धित)
### छुट तथा थप शुल्क

१. कुनै उद्योगी व्यवसायीहरूको आ.व. २०८१।०८२ को बाँकी बक्यौता व्यवसाय करमा १० प्रतिशतका दरले र सो भन्दा अघिल्ला आ.व.को बक्यौतामा २० प्रतिशतका दरले जरिवाना लगाइनेछ।

२. गत विगत वर्षमा तोकिए अनुसारको कर रकम वक्यौता नभएका उद्योगी, व्यवसायीले आ.व. २०८२/०८३ का लागि तोकिएको रू.१ लाख सम्मको कर रकम पौष मसान्त भित्र एकमुष्ट चुक्ता गर्न चाहेमा १०% छुट दिइनेछ। सोही आ.व. को लागि रू.१ लाख रुपैयाँ भन्दा वढी कर रकम निर्धारण भएको उद्योगी व्यवसायीले एकमुष्ट रुपमा पौष मसान्त भित्र वा किस्तावन्दी रुपले चौमासिक रुपमा वार्षिक कर रकमलाई विभाजन गरी नियमित रुपमा किस्ता रकम भुक्तानी गरेमा १० प्रतिशत का दरले हुन आउने रकम छुट दिईने छ।

बोलपत्रको माध्यमबाट कर, दस्तुर, शुल्क संकलन गर्न फर्म/कम्पनी छनौट गरिएको अवस्थामा आ.व. २०८२/०८३ का लागि यस्तो छुट प्रदान गरिने छैन, तर सम्झौताका वखत ठेकेदारले ठेक्का सकार रकम एकमुष्ट यस कार्यालयको खातामा जम्मा गरेमा ठेक्का सकार रकमको मु.अ.कर बाहेकमा १०% रकम छुट

दिइने छ।

३. विगत वर्षहरूको बक्यौता नभएमा आ.व.२०८२।०८३ को असोज मसान्त भित्र मालपोत तथा सम्पतिकर बुझाएमा यस आ.व.मा तोकिएको दरमा १० प्रतिशत छुट दिईनेछ। तर विगत आर्थिक वर्षहरूको बक्यौतामा भने १ वर्ष सम्मको लागि २० प्रतिशत र १ वर्ष भन्दा बढी भएमा ३० प्रतिशत जरिवाना लाग्नेछ। वक्यौता कर रकम असुल गर्दा आ.व.०८२।०८३ को लागि तोकिएको दर रेटका दरले हिसाब गरी असुल उपर गर्नुपर्नेछ।

४. साविक मालपोत कार्यालय मकवानपुरमा दर्ता श्रेष्ता कायम भएका जग्गा धनीहरुको हाल यस नगरपालिका भित्र जग्गा भइ दर्ता श्रेष्ता मालपोत कार्यालय धादिङमा कायम भएमा निजहरुको मालपोत तथा सम्पत्ती कर लिदा जरिवाना छुट दिने।

**सिफारिस तथा सेवाहरूमा छुट**

| क्र.सं. | विवरण | दर |
|---|---|---|
| १ | नयाँ नागरिकता सिफारिस | निशुल्क |
| २ | बहाल कर लेखाजोखा (नगरलाई बहाल कर तिरेको प्रमाण पेश गरेको हुनुपर्ने) | निशुल्क |
| ३ | आर्थिक अवस्था कमजोर रहेको सिफारीस (गरिवी पहिचान परिचय पत्रको आधारमा मात्र) | निशुल्क |
| ४ | व्यक्तिगत घटना दर्ता, प्रमाणित सेवा शुल्क (३५ दिन सम्म) | निशुल्क |
| ५ | घरजग्गा करको लेखाजोखा सिफारीस (कर तिरेको प्रमाणको आधारमा) | निशुल्क |
| ६ | निःशुल्क वा शुल्क उपचार सिफारीस | निशुल्क |
| ७ | अशक्त, असाहाय तथा अनाथ पालन पोषणको सिफारीस | निशुल्क |
| ८ | हरेक निवेदन दर्ता शुल्क प्रति गोटा | निशुल्क |
| ९ | आमा समुह/टोल सुधार संस्था दर्ता | निशुल्क |
| १० | भ्याट, प्यान दर्ता सिफारीस | निशुल्क |
| ११ | न्यायीक समितिमा उजुरी दर्ता दस्तुर | निशुल्क |
| १२ | कृषि पशु बिमा दाबि सिफारिस | निशुल्क |
| १३ | सामाजिक सुरक्षा भत्ता सम्बन्धी सिफारिस | निशुल्क |
| १४ | कक्षा ८ को सर्टिफिकेटमा नाम, थर, जन्ममिति संशोधन गर्दा प्रति सिफारिस | निशुल्क |
| १५ | अपाङ्गता प्रमाणित सिफारिस | निशुल्क |
| १६ | गरिवी प्रमाणित सिफारिस | निशुल्क |
| १७ | ज्येष्ठ नागरिक प्रमाणित सिफारिस | निशुल्क |
| १८ | नगरपालिका/वडा मार्फत गरिने योजना सिफारिस | निशुल्क |
| १९ | घटना दर्ता किताब निरिक्षण निवेदन | निशुल्क |
| २० | जग्गा वर्गीकरण सिफारिस | निशुल्क |
| २१ | उपभोक्ता समिती दर्ता तथा सिफारिस | निशुल्क |

**विविध**

- यस नगरपालिकामा कुनैपनि सरोकारवाला व्यक्ति वा संस्थावाट संचालन हुने उद्योग, पसल व्यवसाय आदि दर्ता, नविकरण, हक हस्तान्तरण, खारेज गर्दा वडा कार्यालय वा नगरपालिकावाट जारी कर चुक्ता सिफारिस विना नगर्न कम्पनी रजिष्टारको कार्यालय, घरेलु कार्यालय, कर कार्यालय, मालपोत कार्यालयलाइ पत्राचार गर्ने ।
- यस ऐनमा लेखिए बमोजिको राजश्व रकम असुल गर्नुपर्नेमा घटी राजश्व रकम असुल गरेको पाईएमा त्यस्तो बाँकी वा कम भएको राजश्व कम असुल गर्ने सम्बन्धित कर्मचारी वा संलग्न व्यक्तिबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ।
- यस आर्थिक ऐनमा दोहोरो पर्न गएको शिर्षक मध्ये जुन शिर्षकमा बढी रकम उल्लेख गरिएको छ, सोही शिर्षकबाट राजश्व रकम असुल गरिनेछ।

## ४.२.२ **विनियोजन ऐन–२०८२**

# धुनिवेशी नगरपालिकाको विनियोजन ऐन–२०८२

धुनिवेशी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, जुगेडी, धादिङको आर्थिक बर्ष २०८२/८३ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,

**प्रस्तावना :** धुनिवेशी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, जुगेडी, धादिङ २०८२/८३ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम धुनिवेशी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, जुगेडी, धादिङको नगर सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "धुनिवेशी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, जुगेडी, धादिङको विनियोजन ऐन" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **आर्थिक वर्ष २०८२/८३ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :** (१) आर्थिक वर्ष २०८२/८३ को निमित्त नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम ९५,२०,८५,६०८.०० (अक्षेरुपी रुपैयाँ पन्चान्नब्बे करोड बिस लाख पचासी हजार छ सय आठ मात्र ) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

३. **विनियोजन :** (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८२/८३ को निमित्त धुनिवेशी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, जुगेडी, धादिङको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अ न्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन। तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ।

## ४.३ योजना तर्जुमा सम्बन्धी मार्गदर्शन

**समष्टिगत मार्गदर्शन :**

- दीगो विकास लक्ष्यका सम्बन्धि राष्ट्रिय सूचक हासिल गर्न नसकेका कुनै पनि लक्ष्य, उदेश्य र सूचक पुरा गर्ने तथा दीगो विकास हुने प्रकृतिका कार्यक्रम तर्जुमा गर्न प्राथमिकता दिने ।
- नेपाल सरकारको पन्ध्रौ योजनामा उल्लेखित सोच, लक्ष्य, त्रि-वर्षिय योजनाले प्राथमिकता तोकेका क्षेत्र तथा विषयहरू योजना तथा कार्यक्रम तर्जुमा गर्न प्राथमिकता दिने ।
- नगरको अर्थतन्त्रको मूल आधार कृषि क्षेत्र विकासलाई उच्च प्राथमिकतामा राखि योजना तर्जुमा गर्ने ।
- नगरको प्राथमिकताका क्षेत्रहरूलाई ध्यान दिई गरिबी निवारणमा सहयोग पुऱ्याउने, रोजगारमूलक, छोटो समयमा सम्पन्न भइ बढी प्रतिफल दिने, कम लगानीबाट बढी जनसंख्यालाई लाभ पुऱ्याउने तथा जनसहभागिता प्राप्त गर्न सकिने किसिमका आयोजना ।
- जलवायु परिवर्तन अनुकुलन, खानेपानी तथा सरसफाई अन्तर्गत खुला दिशामुक्त क्षेत्र घोषणा, वालमैत्री स्थानीय शासन, पोषण सुधार, लैङ्गिक मैत्री बजेट विनियोजन, विपद व्यवस्थापन, जस्ता बहुपक्षीय जिम्मेवारीका बिषय प्रतिविम्वित हुने गरी बार्षिक कार्यक्रममा तत् सम्बन्धी क्रियाकलाप समावेश गर्ने ।
- विभिन्न क्षेत्र तथा वर्गहरूमा आर्थिक अवसरहरू प्रवर्द्धन गर्ने कार्यक्रमलाई महत्त्व दिने तथा योजना तथा बजेट तर्जुमा प्रक्रियामा महिला, दलित तथा पछाडि परेका वर्ग र समुदायहरूको समेत संलग्नता गराउने ।
- नयाँ वा चालु कार्यक्रम तथा आयोजनाहरूलाई पुनर्मूल्यांकन गरी गरिवी घटाउने, पुर्नस्थापन, पुननिर्माण, सामाजिक समावेशी जस्ता उद्देश्यहरू पूर्ति गर्नमा सघाउने आयोजनाहरू समावेश गर्ने ।
- महिला सशक्तीकरण र लैङ्गिक समानता र समताको विषयलाई आयोजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कनको मूलप्रवाहीकरण प्रक्रियामा समाहित गरी त्यसको सकारात्मक प्रभाव देखिनेतर्फ मध्यनजर राख्ने ।
- द्वन्द्व प्रभावित, विस्थापित, हिंसा पीडित, एकल महिला एवं अपाङ्गता भएका महिलाको अधिकारको संरक्षण तथा सामाजिक सुरक्षा एवं पुनःस्थापना लगायत आधारभूत आवश्यकता परिपूर्तिका लागि विशेष कार्यक्रमहरू सञ्चालन गर्ने गरी योजना तर्जुमा गर्ने ।
- विगतमा सफल देखिएका कार्यक्रम वा अनुभवलाई Replicate /upscale /accelerate गर्ने गरी कार्यक्रम तर्जुमा गर्ने ।
- गुणात्मक स्वास्थ्य सेवामा जनताको पहुँच र उपयोग बढाउने तथा स्वास्थ्य सेवाको गुणस्तर बढाउने सोचोन्मुख कार्यक्रमहरू तर्जुमा गर्ने ।
- क्रमागत योजना तथा कार्यक्रमहरू सम्पन्न गर्ने गरी प्राथमिकता दिने ।
- नगरमा पर्यटकीय स्थलहरूको पहिचान, विकास र उपयोगमा सहयोग पुग्ने गरी प्राकृतिक सम्पदाको संरक्षण, मौलिक संस्कृतिको प्रवर्द्धन र पूर्वाधार विकासमा तालमेल मिलाई सुविधाहरू विस्तार गर्दै त्यसबाट सृजना हुने अवसरहरूको लाभ स्थानीय जनताले पाउने गरी योजना तथा कार्यक्रम तर्जूमा गर्ने ।
- पूर्वाधार विकास सम्बन्धी आयोजना/कार्यक्रम तर्जुमा गर्दा श्रममूलक तथा वातावरणमैत्री प्रविधिको प्रयोग गर्ने गरी कार्यक्रम तर्जुमा गर्नु ।

**वस्ती स्तरीय भेला सम्बन्धी :**

- वडा समितिले वस्ती स्तरीय भेलाको संयोजनको लागि वडा सदस्यहरूलाई समेत जिम्मेवारी दिई वस्तीका घरधुरीहरूलाई पायक पर्ने स्थानमा वस्ती स्तरीय भेला गर्ने ।
- वस्ती स्तरीय भेलाको सूचना सबैले पाउने प्रवन्ध गर्ने र सूचना सबैले पाएको सुनिश्चित गर्ने । वस्तीस्तरीय भेलामा कम्तिमा पनि एकघर एक सहभागिताको हुने वातावरण सृजना गर्ने ।
- वस्ती स्तरीय भेलामा महिला, बालबालिका, दलित, आदिवासी जनजाति, बृद्धवृद्धा र अन्य पछाडि परेका वर्गहरूका साथै शिक्षक, बुद्धिजीवी, समाजसेवी, सहकारी संस्था, निजी क्षेत्र, महिला समुह, आमा समुह,सामुदायिक वन समुह, स्थानीय संस्थाहरूको साथै विकासप्रेमीहरू सबैको अर्थपूर्ण सहभागिता हुने वातावरण सृजना गर्ने ।
- वस्तीबाट योजनाहरू संकलन गर्दा माग गरिएका योजनाहरूको अवस्था, वस्तीमा देखिएको मुलभुत समस्या र समस्या समाधनानका उपाय र विकल्प, योजना सम्पन्न गर्न लाग्ने लागत र अवधि, योजनामा गर्नुपर्ने काम, योजना कार्यान्वयन गर्ने विधि र उपभोक्ताबाट व्यहोर्ने रकम एकिन हुने गरी संकलन गर्ने ।
- योजनाको विवरण स्पष्ट हुने गरी लेख्ने जस्तै सडकको नाम लेख्दा पुरा नाम लेखि कुन खण्डमा के काम गर्ने स्पष्ट लेख्ने, खानेपानी योजना मात्र भनेर नलेख्ने खास के काम गर्ने हो लेख्ने, लाभान्वित घरधुरी जनसंख्या यथार्थ लेख्ने, उपभोक्ता समिति बनाउदा भेला गर्नुपर्ने घरधुरी वा जनसंख्यालाई लाभान्वित घरधुरी र जनसंख्या लेख्ने ।

**योजनाको प्रकार र संख्या सम्बन्धी :**

- वस्तीबाट योजना संलकन गर्दा प्राथमिकता क्रम अनुसार संकलन गर्ने ।
- वडा समितिवाट वस्ती स्तरीय भेलाबाट माग भएका योजना साथै वडाले अत्यावश्यक ठानेका योजनाहरूको प्राथमिकीकरण सूचकको आधारमा गरी बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पठाउने । यसरी योजना पठाउँदा वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शनको अनुसूची ३ क र ख को विवरण तयार गरी सबैभन्दा बढी अंक प्राप्त गर्ने योजनाहरूलाई पहिलो प्राथमिकतामा राखि सिफारीस गर्नुपर्नेछ ।
- वडाबाट योजना सिफारीस गर्दा बजेट सिलिङ भित्र रही सिफारीस गर्नुपर्नेछ। फर्मेट भन्दा बाहिरका योजनाहरू भएमा वडाले छुट्टै सूची बनाई राख्नुपर्नेछ ।
- स-साना कार्यक्रमहरू जस्तै २/४ क्वायल पाईप, बीस/पचास हजारका स-साना मर्मत सम्भार, खानेपानीका धारा मर्मत जस्ता कार्यको लागि योजनाको सूची बनाई कम्तिमा ३ लाख सम्मको स-साना पूर्वाधार मर्मत सम्भार कार्यक्रम शिर्षकमा बजेट राख्न सकिनेछ ।
- वडा भेला गर्दा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ३ अध्ययन गरी त्यसमा भएका विषयगत शिर्षकहरू वडाबासीलाई जानकारी गराउनु पर्नेछ ।
- विषयगत क्षेत्र देहाय अनुसार हुनेछ । सो अनुसार सबै विषयक्षेत्र समेटी कार्यक्रम प्रस्ताव गर्नुपर्नेछ ।
  - क. **आर्थिक विकास** : कृषि, सहकारी, उद्योग तथा वाणिज्य, वित्तीय क्षेत्र, पर्यटन, रोजगारी
  - ख. **सामाजिक विकास** : शिक्षा, स्वास्थ्य, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, खानेपानी तथा सरसफाई, जनसंख्या व्यवस्थापन
  - ग. **पूर्वाधार विकास** : सडक तथा सडक पुल, संचार, सिंचाई, उर्जा तथा साना जलविद्युत, भवन तथा सहरी विकास

घ. **वन तथा वातावरण** : वन तथा भू-संरक्षण, फोहोरमैला व्यवस्थापन, जलाधार संरक्षण, जल उत्पन प्रकोप नियन्त्रण, वातावरण संरक्षण, विपत व्यवस्थापन, जलवायू परिवर्तन, वारुण यन्त्र सञ्चालन

ङ. **संस्थागत विकास तथा सेवा प्रवाह** : मानव संसाधन विकास, स्थानीय तथ्याङ्क संकलन र अभिलेख व्यवस्थापन, सामान्य सेवा प्रवाह, सूचना प्रविधि, संस्थागत क्षमता विकास, सार्वजनिक सुनुवाई, राजश्व परिचालन, सामाजिक परिक्षण, वित्तीय व्यवस्थापन, पंजिकरण व्यवस्थापन, विपद् जोखिम न्यूनीकरण, अनुसन्धान तथा विकास, सुरक्षा व्यवस्थापन, बेरुजु फछ्र्यौट

- खानेपानीको लागि श्रोत सुनिश्चित हुनुपर्नेछ। नयाँ योजना सञ्चालन गर्न खानेपानीको मूल एकिन हुनुपर्नेछ। योजना कार्यान्वयन क्रममा मूल सम्बन्धि विवाद हुने योजना छनौंट नगर्ने ।
- योजनाहरूको कार्यान्वयन कार्यतालिका समेत प्रस्ताव गर्नुपर्नेछ। कार्यान्वयन तालिका विनाको योजनामा बजेट राख्न पाईनेछैन ।
- वडाबाट योजना छनौट गर्दा प्राप्त सीमा मध्ये कम्तिमा ७० प्रतिशत पूर्वाधार विकास र बढीमा ३० प्रतिशत अन्य क्षेत्रहरूका कार्यक्रम हुने गरी बाँडफाँड हुने गरी कार्यक्रम तर्जुमा गर्नुपर्नेछ।

**बजेट** :

वडा स्तरीय योजना र प्रवर्द्धनात्मक योजनामा बजेट विनियोजन गर्न देहाय अनुसार बजेट सीमा प्रदान गरिएको छ। वडागत बजेट सीमा प्रदान गर्दा वडाहरूलाई प्रदान गर्ने कुल बजेटमा देहायको सूचकहरूको आधारमा वडाहरूमा बाँडफाँड गरी बजेट सीमा प्रदान गरिएको छ।

- जनसंख्या : ४०
- क्षेत्रफल : ३०
- मानव विकासको अवस्था : तथ्याङ्क नभएकोले हाल कार्यान्वयन नहुने ।
- पूर्वाधार विकासको अवस्था : १०
- विकास लागतः १०
- राजश्व परिचालनको अवस्थाः १०

# धुनिवेशी नगरपालिका
## वस्ती स्तरबाट योजना माग गर्ने फारम

**वार्ड नं. :** **वस्तीको नाम :**

**वस्तीका कूल घरधुरी :**

**माग गरिएको योजनाको विवरण :**

१. योजनाको नाम : ...........................................................................................

२. योजना माग गर्ने वस्तीहरू : .............................................................................

३. योजनाबाट लाभान्वित हुने वस्तीका घरधुरी : .................जनसख्या: ................................

४. योजना क्रमागत, नयाँ पुरानो के हो : .........................................................................

५. पुरानो वा क्रमागत योजना भए योजना निर्माण गर्ने निकाय/संस्था कुन हो ? .............................

निर्माण वर्ष कुन हो ? .............................................................................................

६. योजनामा गर्नुपर्ने मुख्य मुख्य काम के हो ?

...........................................................................................................

...........................................................................................................

...........................................................................................................

...........................................................................................................

...........................................................................................................

७. बुँदा नं. ६ मध्ये आगामी आर्थिक वर्षमा गर्ने काम के हो ?

...........................................................................................................

...........................................................................................................

८. योजना एक वर्षमा नै सम्पन्न हुने हो वा क्रमागत हुने हो ?

९. योजनामा मा लाग्ने लागत कति हो ?

पुरा योजनाको लागि लाग्ने लागत : .............................................................................

आगामी आ.व.मा गर्ने कामको लागि लाग्ने लागत : ....................................................

१०. योजनामा बजेट विनियोजन भयो भने योजना कसरी सञ्चालन गर्ने हो ?

उपभोक्ता आफैले निर्माण गर्ने हो वा होईन : ..........................................................

उपभोक्ताले नगरी ठेक्कापट्टा बन्दोबस्त गरी गर्ने हो ? ..................................................

११. उपभोक्ताहरूले जनश्रमदान कति प्रतिशत गर्नु हुन्छ ?

.................. प्रतिशत, जनश्रम नगदमा हो की जीन्सी हो : ..........................................

१२. योजना माग गर्ने महिला, बालबालिका, दलित, आदिवासी जनजाति, बालबालिका वा अन्य कुनै लक्षित वर्ग हो कुन लक्षित वर्ग हो लेख्नुहोस, (सवै लक्षित वर्ग भए लेख्नु नपर्ने) : ..................................

१३. योजनाबाट हुने फाईदा के के हुन लेख्नुहोस ?

.................................................................................................

.................................................................................................

.................................................................................................

................................................................................................

१४. योजना माग गर्ने उपभोक्ताहरूको विवरण लेख्नुहोस :

| क्र.स. | नाम | फोन नं. | दस्तखत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

## योजनाहरूको प्राथमिकीकरणका सूचकहरू

**आयोजना प्राथमिकीकरणका आधारहरू**

१. गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने आयोजनाहरू (२० अंक)

(क) प्रत्यक्ष योगदान पुर्याउने–२० अंक

(ख) अप्रत्यक्ष योगदान पुर्याउने –१० अंक
